# देशप्रेम

जनपक्षीय विचारप्रधान साप्ताहिक

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा.लि.द्वारा प्रकाशित

वर्ष २७ अंक ४४ २०८२ फागुन २४ गते आइतबार (Mar. 8, 2026 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।


## नेपालको आन्तरिक राजनीतिमा अमेरिकाको पल्लाभारी

# बालेन प्रधानमन्त्रि, पुष्पकमल राष्ट्पति बन्ने संभावना

काठमाडौं। प्रतिनिधिसभाका सदस्यका लागि गत २१ गते शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएको छभने हिजो शनिवारसम्म धेरै निर्वाचन क्षेत्रको मतगणना जारीरहेको थियो। संभवत भोली २५ गते सोमबारसम्ममा मत परिणाम सार्बजनिक हुनेछ। त्यसपछि एकहप्ताको समय दिएर संसदको बैठक आह्वान भएपनि नयाँ सरकार गठन हुन चैतको दोश्रो हप्तासम्म लाग्नसक्ने देखिएको छ। हालसम्मको अवस्थामा रास्वापाले एकल बहुमतको सरकार गठन गरेपनि प्रधानमन्त्रि को हुनेभन्ने अझै अनिश्चित छ। भारतीय सञ्चार माध्यमहरुले नेपालको आनतरिक राजनीतिमा अमेरिकाको पल्ला भारी भएको बताउँदै बालेन साह प्रधानमन्त्रि र पुष्पकमल दाहाल राष्ट्रपति हुनसक्ने टिप्पणी गरेका छन्। संसदमा नेपाली कांग्रेस र एमाले फेरी प्रतिपक्षी गठबन्धनगर्न बाध्य हुने देखिएको छभने एमाले आक्रामक ढंगले प्रस्तुतहुने



संभावनाहरु देखिएका छन्। नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले रास्वपासँग मिल्ने संकेत देखाउनु भएको छ। संभवत दाहाल भाबि राष्ट्रपतिमा सिफारिस हुने संभावना छ। उहाँले आफू नयाँ पुराना दलहरुलाई मिलाएर संरक्षक बन्न इच्छुक रहेको बताइसक्नु भएको छ।

निर्वाचनमा पराजय भोगेपनि एमालेका नेता प्रदीप ज्ञवालीले प्रतिनिधिसभा सदस्य निर्वाचन परिणामको यस्तो अपेक्षा नभएपनि जनादेशको सम्मानगर्ने प्रतिक्रिया दिनुभएको छ। गुल्मी एकमा एमालेकातर्फबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार रहनुभएका ज्ञवालीले मतपरिणाम सार्वजनिक भइरहेका बेला सामाजिक सञ्जाल फेसबुकमार्फत लोकतन्त्रमा जनताको फैसला सर्वोपरि हुने र जनादेशप्रति सम्मान हुने बताउनुभएको थियो। त्यसैगरी एमालेका महासचिव शंकर पोखरेलले पनि हार स्वीकार्दै आफ्ना प्रतिश्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विपिनकुमार आचार्यलाई बधाई दिनुभएको छ। सामाजिक सञ्जालमार्फत प्रतिक्रियादिँदै उहाँले पनि परिवर्तनको लहरकासामु आफ्नो पराजय भएको बताउनुभएको छ। निर्वाचनको जनादेश रास्वपाको पक्षमा आएकाले नयाँबाट केही हुन्छ किभन्ने विश्वासकासाथ जनताले अभिमत दिएको उहाँको भनाई छ। उहाँले जनविश्वासअनुसार अगाडिबढ्न भावी प्रधानमन्त्री भनिएका बालेन्द्र साहलाई शुभकामना समेत दिनुभएको छ। प्रतिनिधि सभाको प्रत्यक्षतर्फको १६५ निर्वाचन क्षेत्रमध्ये ४० क्षेत्रको नतिजा सार्वजनिक **बाँकी ८ पेजमा**

## अब अमेरिकाले नेपालमा सुरक्षा सहकार्यगर्ने

काठमाडौं। नेपालको आन्तरिक राजनीतिमा आवश्यकताभन्दा बढी चासो राख्दै आएका चीन, भारत र अमेरिकाले यहाँको निर्वाचनबारे आआफ्नो प्रतिक्रिया सार्बजनिक गरेका छन्। जसका अमेरिकाले सुरक्षा सहकार्यगर्ने भनेको छ। तर कस्तो रक्षा सहकार्य हो ? भन्ने स्पष्ट हुन सकेको छैन। नेपालमा प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भएपछि नेपालस्थित अमेरिकी दूतावासले गतसाता नै सामाजिक सञ्जाल एक्समार्फ निर्वाचन सम्पन्न भएकोमा बधाई दिएको थियो। दूतावासले अमेरिकाले आगामी सरकारसँग दुवै देशको समृद्धि र सुरक्षासम्बन्धी साझा लक्ष्यहरुमा सहकार्यगर्न उत्सुक रहेको भनेको छ। त्यसैगरी भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले सामाजिक सञ्जालमा एक्समा गतबर्षको असामान्य अवस्थाको पृष्ठभूमिमा आयोजित चुनाव सफलतापूर्वक सम्पन्न गरेकामा नेपाल सरकार र नेपाली जनताकासाथै सरोकारवालालाई बधाई दिन्छौं भन्नुभएको छ। उहाँले उत्साहजनक सहभागिताका साथ नेपालमा लोकतान्त्रिक जनादेशको प्रयोग भएको उल्लेखगर्दै **बाँकी ८ पेजमा**

## बहिष्कार कार्यक्रम सफलभएको दाबि

काठमाडौं। क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले निर्वाचन बहिष्कार कार्यक्रम सफलभएको दाबि गरेको छ। सो पार्टीका प्रवक्ता हेमन्तप्रकाश ओलीले एक प्रेस वक्तव्य जारीगरी उपरोक्त दाबि गर्नुभएको हो। उहाँले वक्तव्यमा यो बहिष्कार कार्यक्रममा कठपुतली सरकारको व्यापक दमनका बावजुद बहिष्कारका बिभिन्न कार्यक्रमहरु सम्पन्नगर्ने नेता तथा कार्यकर्ता र सहयोगगर्ने जनसमुदायलाई हाम्रो पार्टी हार्दिक अभिवादन तथा धन्यवाद ज्ञापन गर्दछ। यो कार्यक्रमको दौरानमा गिरफ्तार हुनुभएका केन्द्रीय समितिको पोलिटब्यूरो सदस्यहरु सोमानसिंह तामाङ तथा सिताराम बुढाथोकी र केन्द्रीय समिति सदस्यहरु कर्णबहादुर बिसी, टिकाराम पौडेल र डिल्ली बोहोरा, वैकल्पिक केन्द्रीय सदस्यहरु नारायण न्यौपाने, रत्न ओली, बीरबहादुर पुन, रवि पाण्डे लगायत बिभिन्न जिल्लाका प्रहरी हिरासतमा रहनुभएका सम्पूर्ण कमरेडहरुको यथाशीघ्र रिहाइको लागि जोडदार माग गर्दछौं भन्नुभएको छ। उहाँले बक्तब्य जारी गरेकै अवस्थामा सो पार्टीका **बाँकी ८ पेजमा**

## कमल थापाको जमानत जफत

काठमाडौं। काठमाडौंका चर्चित नेता तथा राप्रपाका पूर्वअध्यक्ष कमल थापा काठमाडौं-५ मा लज्जास्पद हारकासाथ जमानत जोगाउनसमेत असफल हुनुभएको छ। सो क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टीका सस्मित पोखरेलले ३०,७३७ मत ल्याएर जित हाशिल गर्नुभएको छभने कांग्रेसका प्रदीप पौडेल दोश्रो स्थानमा रहेनु भएको छ। कमल थापाले जम्मा १,९२२ मतमात्र प्राप्त गर्नुभएकाले उहाँको जमानतसमेत जफत भएको छ। पार्टीभित्रका अन्य आक्यांक्षीलाई पेलेर जबरजस्ती टिकट लिनुभएका थापालाई मतदाताले नै अस्वीकृत गरे। एमालेका हेभिवेट नेता ईश्वर पोखरेललाई चारहजार ७०१ मतसहित तेश्रो स्थानमा खुम्चिनु परेको छ। जानकारहरुका अनुसार काठमाडौं पाँचबाट राप्रपाका स्थानीय नेता हिक्मतजंग कार्कीले टिकट पाउने निश्चित भइसकेको थियो। तर अन्तिम समयमा कमल थापाले आफ्नो प्रभाव प्रयोगगर्दै पेलेर उक्त टिकट हातपार्नुभएको थियो। लामो समयदेखि क्षेत्रमा खटिएका कार्कीको टिकट खोसिएपछि आक्रोशितहुँदै उहाँले राप्रपानै परित्याग गर्नुपरेको थियो। कमल थापाले ०४६ सालको **बाँकी ८ पेजमा**

## डा. भट्टराईको दोधारे नीति आफै समस्यामा

काठमाडौं। पूर्ब माओवादी नेता डा. बाबुराम भट्टराईको दोधारे नीति आफै समस्यामा परेको देखिएको छ। उहाँले गत २१ गतेको निर्वाचनका लागि गोरखामा दिनुभएको उम्मेदवारी रास्वपाको सल्लाहमा फिर्तालिइएको भनिएको थियो। तरपछि रास्वपाले बर्तमान प्रधानमन्त्रि सुशीला कार्कीलाई राष्ट्रपति बनाउने संकेत देखिएपछि उहाँले नेपाली कांग्रेससँग औपचारिक सहमति गरेर गोरखाका दुवै निर्वाचन क्षेत्रमा खुलेर नेपाली कांग्रेसलाई सघाउने हुनुभएको थियो।

डा. भट्टराईको पार्टी प्रगतिशील लोकतान्त्रिक पार्टीले नेपाली कांग्रेसका उम्मेदवारलाई सहयोगगर्ने निर्णय गरेको थियो। गत २१ गतेको निर्वाचनमा प्रलोपाले प्रत्यक्षतर्फ नेपाली कांग्रेसको चुनाव चिन्ह रुखलाई समर्थनगर्ने निर्णय गरेको थियो। समानुपातिकतर्फ भने आफ्नै चुनाव चिन्ह आँखामा मतदानगर्ने निर्णय गरेको प्रलोपाका जिल्ला अध्यक्ष नारायण खत्रीले बताउनुभएको थियो। दुई पार्टीबीच मिलेरजाने समझदारी अनुसार **बाँकी ८ पेजमा**

## दैनिक उपभोग्य वस्तुको अभाव र मूल्य बृद्धि

काठमाडौं। नेपालमा प्रतिनिधिसभाको निर्वाचन र अमेरिका तथा इरानको युद्धका कारण गत केही साता यता दैनिक उपभोग्य वस्तुको अभाव र मूल्यबृद्धि भैरहेको देखिएको छ। तर सरकारले निर्वाचनलाई मध्यनजरगर्दै पेट्रोलियम पदार्थ र दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्था सहज बनाउने तिर खासै ध्यान दिन सकेको छैन। गतसाता उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सार्वजनिक बिदाका दिनमासमेत आयात-निर्यातसम्बन्धी कार्य सञ्चालनगर्ने निर्णय गरेको भनिएपनि सो निर्णय लागू हुननसकेको जानकारहरुको भनाई छ। उक्त निर्णयमा नियमित अनुगमन प्रक्रियालाई प्रभावकारी तुल्याई अस्वाभाविक मूल्यवृद्धि र कृत्रिम अभाव सिर्जना हुननदिने व्यवस्था मिलाउने भनिएको **बाँकी ८ पेजमा**

## भारतमा आपूर्ति असहज, नेपालमा असरपर्ने

काठमाडौं। भारतमा इन्धन आपूर्ति असहज देखिएको छभने नेपालमा त्यसको असरपर्ने चर्चा हुनथालेको छ। मध्यपूर्वमा भएको तनावले संसारभर इन्धन आपूर्तिमा संकट आउन थालेको छ। बढ्दो तनावपछि अमेरिकाले रुसबाट तेल खरिदगर्न भारतलाई एक महिना छुट दिने निर्णय गरेको छ। तर भारतले रुसी तेल खरिदगर्न अहिले पाइरहेको छुट सुविधाको तुलनामा धेरै महँगो मूल्य भुक्तानी गर्नुपर्ने भएपछि संकटको अवस्था सिर्जना भएको हो। कतिपयले भारतले घरेलु उपभोक्ताको माग पूर्तिलाई ध्यानदिँदै निर्यातमा रोकलगाउन सक्ने समेत बताएका छन्। नेपाल आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टलेभने नेपालको हकमा भारतले अघि सारेको योजना लागूनहुने बताउनु भएको छ। प्रत्येक पाँच वर्षमा आयल निगम र भारतको सरकारी स्वामित्वप्राप्त इन्डियन आयल कर्पोरेसन (आइओसी) बीच जनरल सेल्स एग्रिमेन्टभई निर्बाध रुपमा इन्धन आयात-निर्यातगर्ने सम्झौता भएको उहाँको भनाई **बाँकी ८ पेजमा**

## मत नमागेपनि बिजयी उम्मेदवार महावीर पुन

काठमाडौं। निवर्तमान शिक्षा विज्ञान तथा प्रविधिमन्त्री तथा बैज्ञानिक डा महाविर पुन हालै भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा निर्वाचित हुनुभएको छ। २२ हजार ८५० मतकासाथ पुन निर्वाचित हुनुभएको मुख्य



निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। उहाँका निकटतम प्रतिश्पर्धी नेकपा (एमाले)का हरिकृष्ण श्रेष्ठले सात हजार ९१९ मत प्राप्त गर्नुभएको छ। त्यसैगरी नेपाली कांग्रेसका कर्णबहादुर भण्डारीले छ हजार ८८४ र नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापाले तीनहजार ५२९ मत प्राप्त गर्नुभएको छ। गत बिहीबार भएको मतदानमा म्याग्दीमा ८६ हजार ३९७ जना मतदाता रहेकोमा ४६ हजार २१५ मत खसेको **बाँकी ८ पेजमा**

## रास्वपा र्‍याली निकाल्न नसक्ने अवस्थामा

काठमाडौं। नाटकीय ढंगले प्रतिनिधिसभाको निर्वाचनमा अगाडि बढेपनि रास्वपा विजय र्‍यालीसमेत निकाल्न नसक्ने अवस्थामा पुगेको देखिएको छ। यसैक्रममा सो पार्टीका उपसभापति तथा निर्वाचन सम्पादन समिति संयोजक डिपी अर्यालले रास्वपाबाट निर्वाचित हुने उम्मेदवार तथा पार्टीका शुभचिन्तकलाई विजयी र्‍याली ननिकाल्न आग्रह गरिसक्नुभएको छ। हिजो शनिबार एक भिडियो सन्देश जारीगर्दै उहाँले निर्वाचित हुने उम्मेदवारसँग अबिरजात्रा गर्ने, रमाइलोगर्ने, खुसी साटासाटगर्ने तथा र्‍यालीगर्ने धेरैको चाहना भए पनि यो विजयी जुलुस निकाल्ने समय नभएको बताउनु भएको थियो। यसपटकको निर्वाचन आउनुमा जेनजी उमेर समूहका नानीबाबुको ज्यान गुमाएको पीडा नसेलाएको **बाँकी ८ पेजमा**

## नेपालद्वारा खाडी मुलुकको श्रमस्वीकृति रोकियो

काठमाडौं। नेपाल सरकारले तत्कालका लागि खाडी मुलुक जाने कामदारको श्रमस्वीकृति स्थगित गरेपछि समस्या सिर्जना भएको छ। गतसाताबाट मध्यपूर्वमा देखापरेको असामान्य परिस्थितिलाई मध्यनजरगर्दै सरकारले गतसाताबाटै श्रमस्वीकृति स्थगित गरेको हो। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले गतसाता बढ्दो तनाव मध्यनजरगर्दै ती देशमा श्रमस्वीकृति दिने कार्य स्थगित गरिएको बताउनु भएको थियो। वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई श्रम स्वीकृति प्रदानगर्दै आएको छ। इजरायल र अमेरिकाले इरानमा मिसाइल आक्रमण गरेपछि इरानले मध्यपूर्वका बिभिन्न देशमा रहेका अमेरिकी सैन्य क्याम्पमा आक्रमणगर्दै आएको छ। इरानले

**समाचार विश्लेषण**

युनाइटेड अरब इमिरेट्स (युएई), कतार, ओमान, कुवेतलगायत देशमा रहेका अमेरिकी सैन्य बेसक्याम्पमा आक्रमण थालेको हो, जसलेगर्दा त्यहाँ रहेका नेपालीको सुरक्षा चासो बढ्दैगएको छ। मन्त्री भण्डारीले अर्को सूचना जारी नभएसम्मका लागि वैदेशिक रोजगारीमा जानेका लागि सम्पूर्ण श्रमस्वीकृति प्रदान कार्य स्थगित गरिएको बताउनु भएको छ। सम्बन्धित देशमा जान विमानस्थलमा बसेका मानिसलाई फर्केर आफ्नो घर जान अनुरोध पनि गरिएको छ। बढ्दो तनावबीच ती देशमा सुरक्षा सतर्कता बढेकोभन्दै सरकारले विमानस्थलमा रहेका नेपालीलाई घर फर्किन अनुरोध गरेको छ। त्यस्तै श्रम मन्त्रालयमा रहेको कल सेन्टर चौबिसै घण्टा तयारी अवस्थामा राखिएको मन्त्री भण्डारीले बताउनु भएको छ। सरकारले तनाव बढेर नेपालीको उद्धार गर्नुपर्ने अवस्था आएको खण्डमा त्यसका लागि समेत तयारी अवस्थामा रहेको जनाएको छ। बिभिन्न प्रयोजनका लागि इरानमा रहेका १२ जना नेपालीमध्ये दुईजना नेपाल आइसकेका छन्। दुई जना आउनेक्रममा छन्। आठजना नेपाली अझै इरानमै **बाँकी ५ पेजमा**

## कतै उम्मेदवारी खारेजी, कतै रकम बरामद

काठमाडौं। प्रतिनिधिसभा सदस्यका लागि गतसाता भएको निर्वाचनमा कतै उम्मेदवारी खारेजी र कतै रकम बरामद भएको देखिएको थियो। त्यसक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका धनुषा-१ का उम्मेदवार रहेका किशोरी साहको उम्मेदवारी नि[redacted] खारेज गरेको थियो। [redacted] तथा वित्तीय संस्थाको कालोसूचीमा रहेको आरोप लागेको थियो। आरोपको प्रमाण पुगेपछि उहाँको उम्मेदवारी खारेज भएको आयोग श्रोतले जनाएको थियो। कर्जा सूचना केन्द्रको अद्यावधिक विवरणअनुसार कमल निर्माण सेवा प्रालिका शेयरधनी रहेका किशोरी ०८० कालोसूचीमा देखिएका रहेको र बिभिन्न मितिमा उहाँको नाम एकल र संयुक्त रुपमासमेत चेक बाउन्ससम्बन्धी कालो सूचीमा परेकाहरुको विवरणमा उल्लेख रहेको पाइएको छ। त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका सप्तरी क्षेत्रनम्बर तीनका उम्मेदवार अमरकान्त चौधरीले रकम नभएको बैंक खाताबाट डेढ करोडको चेक दिएको विषय सार्वजनिक भएको थियो। पीडित लालुप्रसाद अग्रवालले बैंक चेक र चेक बाउन्स सार्वजनिक गर्दै चौधरीबाट आफू ठगिएको बताए पनि उम्मेदवार रहेका चौधरीमाथि कुनै कारवाही भएन। त्यसैगरी उदयपुर प्रहरीले निर्वाचन आचार संहिता विरुद्धको कार्यगरी बिक्री वितरण गरिरहेको टिसर्टहरु गाईघाट र कटारी बजारबाट नियन्त्रणमा लिएको थियो। जिल्ला प्रहरी कार्यालय उदयपुर तथा मातहत[redacted]री इकाईहरुबाट हिजो ख[redacted] टोलीले निर्वाचन आचार[redacted] प्रतिनिधिसभा सदस्य [redacted] का उम्मेदबारहरुको प[redacted]हित छापिएको होलीमा प्रयोग गरिने टिसर्टहरु बिक्री वितरण गर्दैगरेको अवस्था ३९ थान बरामद गरिएको थियो। त्रियुगा नगरपालिका -११ स्थित गाईघाट बजार, कटारी नगरपालिका वडानं. तीन र चार कटारी बजारमा रहेका कपडा पसलहरुबाट उक्त टिसर्ट बरामद गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको थियो। तर काठमाडौंलगायतका अन्य शहरी क्षेत्रमा त्यस्ता गञ्जी र **बाँकी ८ पेजमा**

## बालेन..

भइसक्दा एमालेले हिजो दिउँसोसम्ममा जम्मा दुई सिटमात्र जितेको थियो। बाँके-२ बाट इस्तियाक राई र सुदुरपश्चिमको बझाङ -१ मा ऐन महर निर्वाचित हुनुभएपनि अन्य क्षेत्रमा एमालेका उम्मेदवार निर्वाचित हुननसकेको अवस्था थियो। हिजो दिउँसोसम्म रास्वपाले सबैभन्दा बढी सिट ३५ जितेको थियो। त्यस्तै नेपाली कांग्रेस छ, नेकपा दुई, स्वतन्त्र एकगरी ४० क्षेत्रको नतिजा आएको थियो। जारी मतगणनाअनुसार बाँकी १० क्षेत्रमा एमालेको अग्रता रहेको थियो। चुनाव नसकिँदै फेरी मध्यवधीको चर्चा हुनथालेको छ। कतिपय राजनीतिक बिश्लेषकहरुले आगामी ०८४ सालमा फेरी निर्वाचन हुनसक्ने बताएका छन्। यसैक्रममा एमालेका पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेले वर्तमान निर्वाचन प्रणालीका कारण मुलुकमा कुनैपनि दलको स्पष्ट बहुमत आउन कठीन रहेको बताउनुभएको छ। पूर्वी चितवनको राप्ती नगरपालिका-५ को मतदान केन्द्रबाट मतदान गरेपछि स्थानीय समाचारदाताहरुलाई प्रक्रियादिँदै उहाँले उपरोक्त कुरा बताउनु भएको थियो। उहाँको भनाईमा फेरी छिट्टै अर्को मध्यावधीमा जानुपर्ने अवस्था आउनेभन्ने थियो। एमालेका अध्यक्ष केपी ओली, महासचिव शंकर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल लगायतका नेताहरु पछिपर्नुभएको छ। त्यसैगरी नेपाली कांग्रेसका हस्तीहरु पनि पछाडि पर्नुभएको छ। तराय केन्द्रित दलका नेताहरु साफ हुने अवस्था सिर्जना भएको छ। सरकारमा रास्वपा वलियो हुने अवस्था रहेपनि सडकमा अधिकांश दल उत्रने अवस्था छ। धेरैले अब हुने सडक आन्दोलनले बिद्यमान राजनीतिक व्यवस्थानै परिवर्तन गराउनसक्ने ब्याख्या र बिश्लेषणगर्न थालिएको छ।

## डा.भट्टराई..

प्रलोपाले प्रतक्ष्यतर्फ कांग्रेसलाई सहयोगगर्ने निर्णयमा पुगेको अध्यक्ष खत्रीको भनाई थियो। प्रलोपाको हालै सम्पन्न बैठकले गोरखाका दुवै क्षेत्रमा कांग्रेसलाई सहयोग निर्णय गरेसँगै कांग्रेसले उक्त निर्णयको स्वागतगर्दै आभार प्रकटगरेको थियो। गत २१ गतेको निर्वाचन सकिएर सम्पूर्ण परिणाम सार्बजनिक भैनसक्दै राष्ट्रपतिका नयाँ आक्यांक्षीहरु देखापरेका छन्। जसलेगर्दा डा. भट्टराई जिल्लाराम पर्नुभएको बताउन थालिएको छ।

## रास्वपा...

उल्लेखगर्दै उहाँले मध्यपूर्वमा केही समय अघिदेखि भइरहेको घटनाका कारण पनि विजयी जुलुस ननिकाल्न आग्रह गर्नुभएको थियो। उहाँले हामीलाई जनताले सरकार बनाउन र जनताका लागि काम गर्नका लागि दिएको कार्यादेश हो। त्यसैले हामीले जनताका लागि काम गरेपछि मतदातासँग घरदैलोगर्ने नै छौं भन्नुभएको छ। अर्यालले मतगणना स्थलमा मात्रै शुभेच्छुकलाई धन्यवाद दिन आग्रह गर्नुभएको छ। बिजय जुलुसमा अन्य पक्षबाट आक्रमण हुनसक्ने सरकारी सूचनाअनुसार उहाँले बिजय जुलुसमा रोकलगाउनु भएको कतिपयको भनाई छ।

## दैनिक....

थियो। पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि नेपाल आयल निगमले सार्वजनिक बिदाका दिनमा समेत बिक्री डिपोहशुरु खोल्ने व्यवस्था मिलाउने र सोको अग्रिम जानकारी सम्बन्धित सबैलाई दिने, इण्डियन आयल कर्पोरेशनसँग समन्वयगरी हाल भइरहेको आयात र वितरणलाई थप व्यवस्थित तुल्याउने जनाएको थियो। पेट्रोलियम पदार्थका बिक्रेताहशुरुबाट सवारीसाधनमा भर्नेबाहेक भण्डारणगर्ने प्रयोजनका लागि इन्धन उपलब्ध नगराउने, डिलर तथा बिक्रेताहशुरुको नियमित अनुगमनगरी मौज्दात विवरण संकलन तथा अद्यावधिकगर्ने र पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति निरन्तर भइरहेको हुँदा अनावश्यक भण्डारण गरेर नराख्न सर्वसाधारण सबैलाई अनुरोधगर्ने मन्त्रालयले जनाएको थियो। मन्त्रालयले खाद्यान्न तथा नुनको सहज आपूर्तिका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेशनलाई निर्देशन दिने निर्णय गरेको थियो। तर हालसम्म पनि बजारमा ग्याँस र आयातित खाद्य लगायतका सामग्रीहरु शुलभ र सहज हुननसकेको उपभोक्ताहरुको भनाई छ।

## भारतमा..

छ। भनिन्छ सो सम्झौताको म्याद अर्को सने २०२७ को मार्चसम्म कायम रहने छ। उहाँले आइओसी अधिकारीसँग यस विषयमा छलफलसमेत भएको बताउने गर्नुभएको छ। भारतको सबैभन्दा ठूलो तेल निर्यातकर्ता देशहरुमा नेदरल्यान्ड, युएई, सिंगापुर, अमेरिका, अस्ट्रेलिया, साउथ अफ्रिका, तान्जानिया, मलेसिया र कंगो रहेका छन्। कतिपय भारतीय सञ्चार माध्यमका अनुसार अहिले रुसी तेल खरिद गर्दा अन्तर्राष्ट्रिय बजारमा निर्धारण भएको कच्चा तेलको भाउमा चार-पाँच डलर प्रिमियम शुल्क तिरेर भारतले खरिद गरिरहेको जनाएका छन्। सो तेल करिब एक महिनापछिमात्रै भारतको प्रशोधन कारखानामा आइपुग्नेछ। भारतका तीन सरकारी कम्पनी इन्डियन आयल कर्पोरेसन, भारत पेट्रोलियम, हिन्दुस्तान पेट्रोलियम र मैंगलोर रिफाइनरी एन्ड पेट्रोकेमिकल्सले रुसबाट तेल खरिदगर्न व्यापारीहरुसँग छलफल गरिरहेको बताइन्छ। जानकारहरुका अनुसार मध्यपूर्वबाट विश्वभर २० प्रतिशत तेल निर्यात हुनेगरेको छभने भारतले कुल खपतको ५० प्रतिशत तेल मध्यपूर्वबाटै ल्याउने गरेको छ। भारतलाई सबैभन्दा धेरै तनाव एलपिजी ग्यासको आपूर्तिमा रहेको बताइन्छ। ८५-९५ प्रतिशत एलपिजी आयातमा निर्भर छ। स्ट्रेट अफ हर्मुज खाडी क्षेत्रबाट निकास पाउने नाका भएकाले यहाँ कुनै अवरोध आए विश्वबजारमा तेल संकट गहिरिने गरेको छ। नेपालको सरकार संक्रमणकालीन अवस्थामा रहेकाले ठोस निर्णय हुन सकिरहेको छैन।

## बहिष्कार....

बैकल्पिक केन्द्रीय सदस्य तथा नवलपरासी जिल्ला सेक्रेटरी रवि पाण्डेय पाँच दिनको हिरासतपछि गत शुक्रबार रिहा हुनुभएको छ। संयुक्त संघर्ष समिति नवलपरासीको संयोजकसमेत रहनुभएका उहाँलाई प्रहरी निरीक्षक हिराबहादुर थापाको नेतृत्वमा जिल्ला प्रहरी कार्यालयबाट नवलपरासीबाट खटिएको टोलीले पसलबाट गिरफ्तार गरेको थियो। गत १८ गते साँझ ६:३० बजे बर्द घाटनपा - ४, शान्तिनगरस्थित आफ्नै पसलबाट तरकारी बेचिरहेको अवस्थामा उहाँलाई प्रहरीले बिनापूर्जी गिरफ्तार गरेकोमा स्थानीयले बिरोधसमेत जनाएका थिए। त्यसक्रममा पसल तथा घरमा खानतलासीगरी घरबेटी तथा परिवारका सदस्यहरुलाई दुःखदिने काम भएकोभन्दै स्थानीयले प्रहरीको आलोचनागरेका थिए। शान्ति पूर्णरुपमा कार्यक्रमगर्न पाउने संविधानप्रदत्त अधिकार बिरुद्ध प्रहरीले गरेको उक्त धरपकडको क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले आपत्ति जनाएको थियो।

## अब...

भारतले नेपालको नयाँ सरकारसँग मिलेर कामगर्ने तत्पर रहेको पनि बताउनुभएको छ। प्रवक्ता जैसवालले आपसी हितका लागि हाम्रा दुई देश र जनताबीचको बलियो सम्बन्धलाई अझ सुदृढ तुल्याउन हामी नेपालको नयाँ सरकारसँग मिलेर कामगर्न तत्पर छौं भन्नुभएको छ। त्यसैगरी चीनले प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्वक सम्पन्न भएकोमा नेपाललाई बधाई दिएको छ। विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले बेइजिङमा हालै आयोजित नियमित पत्रकार सम्मेलनमा तोकिएको समयभित्रै शान्तिपूर्ण तवरले निर्वाचन सम्पन्न भएकोमा आफूहरुले नेपाललाई बधाई दिएको बताउनु भएको थियो। उहाँले हालै सम्पन्न संघीय संसदका प्रतिनिधि सभा सदस्यहरुको निर्वाचन शान्तिपूर्ण र व्यवस्थितरुपमा सम्पन्न भएकोमा चीनले खुशी व्यक्तगरेको बताउनु भयो। प्रवक्ता माओले चीनले दुई मुलुकबीचको परम्परागत मैत्रीपूर्ण सम्बन्धलाई सँधै महत्व दिने उल्लेखगर्दै दुबै देशले स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षागर्ने प्रयासमा एकअर्कालाई सहयोगगर्दै आएको स्मरण गर्नुभएको थियो। आगामी दिनमा चीन नेपालसँग सहकार्यगर्दै विकास र समृद्धिका लागि दीर्घकालीन मैत्रीमा आधारित रणनीतिक सहकार्यलाई अघिबढाउन तयार रहेको पनि बताउनु भएको थियो।

## कमल..

परिवर्तनपछि भएका बिभिन्न निर्वाचनहरुमा पटक,पटक उम्मेदवारी दिए पनि प्रत्यक्षतर्फ उहाँको नतिजा निकै कमजोर रहँदै आएको छ। गत ०७९ मंसिर चारको निर्वाचनमा उहाँ एमालेको चुनाव चिनहबाट उम्मेदवार हुनुभएको थियो। यस पटकको काठमाडौं-५ को हारले उहाँको पार्टीमा समेत स्थान खस्केको ठानिएको छ। यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष रवीन्द्र मिश्रले पार्टीबाट राजीनामा दिनुभएको छ। हिजो शनिबार सामाजिक सञ्जालमार्फत मिश्रले राप्रपाका सबै जिम्मेवारीहरुबाट राजीनामा दिएको जानकारी दिनुभएको हो। उहाँले पार्टी छाडेपनि राजसंस्था पुनर्स्थापना र सुशासनलगायतका मुद्धाप्रतिका आफ्ना अडान यथावत रहेको बताउनु भएको छ।

## मत नमागे...

थियो। पुनले जिल्ला भ्रमणका क्रममा सबै मतदाता माझ मत नमागेर आफ्नो इच्छा गर्नुस भन्ने गर्नुभएको थियो। उहाँले आफूले कुनै खर्च पनि गर्नुभएन। उहाँलाई स्थानीय जनताले नै खाना, बास र सवारी साधनको व्यवस्था गरेका थिए। यसअघि गत पञ्चायत कालमा मकवानपुरका रुपचन्द्र बिष्ठले चुनाव प्रचारको त्यस्तै शैली अपनाउने गर्नुभएको थियो।

## कतै..

टिसर्टहरु खुलेयाम बिक्रि भउका थिए। त्यसैगरी मुस्ताङमा मौन अवधिमै कांग्रेसका वडाध्यक्षको गाडीबाट ३० लाख रकम बरामद भएको थियो। लोमान्थाङ-५ का वडाध्यक्ष नवाकुङ्ग लामाले प्रयोगगर्दै आएको ग १ च ६५२४ नम्बरको गाडीबाट ३० बरामद भएको हो। प्रहरीकाअनुसार मौन अवधिको समयमा लोमान्थाङतर्फ जाँदैगरेको उक्त गाडीलाई चराङ क्षेत्रमा सशस्त्र प्रहरीले हिजो नियन्त्रणमा लिएको थियो। जाँचकाक्रममा गाडीभित्र काँग्रेसको झण्डामा बेरिएको अवस्थामा ३० लाख नगद फेलापरेको बताइएको छ। वडाध्यक्ष नवाकुङ्ग लामाभने फरार भएको बताइएको थियो। त्यसैगरी सल्यानमा रास्वपाको चुनावी प्रचारका लागि प्रयोग भएको जिपमा चामल र मदिरा राखिएको अवस्थामा फेलापरेको हो। बनगाड-कुपिण्डे नगरपालिका-१ सल्लीबजारमा रास्वपाको झण्डा प्रयोग भएको गाडीमा मदिरा र चामललगायतका वस्तुहरु फेलापरेको जिल्ला प्रहरी कार्यालय सल्यानले पुष्टिगरेको थियो। कर्णाली प्रदेश ०२-००१ च ०४२९ नम्बरको जिपमा दुईबोरा चामल, २१० बोत्तल मदिरा र दुई कार्टुन बियर तथा खानेतेल तीन कार्टुन फेलापरेको प्रहरीले जनाएको थियो। प्रहरीले चालक सिद्धकुमाख-४ का चन्द्रप्रकाश बुढाथोकी र सोही गाडीमा सवार बनगाड कुपिन्डे नगरपालिका-१ का मोहन बिसीलाई पनि नियन्त्रणमा लिएको भनिएपनि के कारवाही गरियोभन्ने खुलेको छैन। चालक बुढाथोकीले उक्त सामान बिसीको रहेको र उनले त्यो सामान बनगाड कुपिन्डे-५ खैरागारतर्फ लैजान भनेकोहुँदा आफूले राखिदिएको बयान दिएको प्रहरीले जनाएको थियो। अन्य जिल्ला र निर्वाचन क्षेत्रमा पनि रकमहरु बरामद भएका समाचारहरु बाहिर आएका थिए।

## कार्ल...

वेकारी तथा उत्पीडनवाट मुक्ति मिल्न सक्दैन्। धर्म आत्मिक शोषणको एउटारुप हो। जो सबै ठाँउ ती जनसमुदायहरुको जीवनको जो अर्काको निम्ति निरन्तर काम गर्दछन् र अभाव तथा अलगावलेगर्दा पहिले देखिनै संत्रस्त छन्, अझ झन वढता वोझिलो वनाई दिन्छ। शोषकबर्गको शोषणको विरुद्धको संघर्षमा शोषितबर्गको अशक्तता उसको मृत्युपछि उसले बढता सुखी जीवन पाउछ र भगवानले शोषकलाई आफै कार्यवाही गर्नेछन् भन्ने विश्वास पैदागर्दछ। जसरी प्रकृतिको विरुद्ध संघर्षको दौरानमा असभ्य जातिहरुको नपुंसकताको कारण देव, दानव, चमत्कार आदिमा उनीहरुको विश्वासको सृष्टिगरेको थियो। जो मानिस जीवनभर मेहनत मजदूरी गर्दछ तर सधैभरि अभाव र गरिवीमा जीवन विताउँदछ त्यस्तालाई धर्मले यस संसारमा विनम्र तथा धैर्यतापूर्वक रहने र उसको मृत्युपछि मात्रै सुःख प्राप्त हुन्छभन्ने आशामा सान्त्वना दिने प्रकारको शिक्षा दिन्छ। तर जो मानिस अरुको श्रममा आफूलाई जीवित राख्दछ उसलाई धर्मले दिनदुःखीलाई हेरचाह गर्नुपर्छभन्ने खालका व्यवहारसम्वन्धी शिक्षा दिन्छ। यसरी धर्मले शोषकबर्गलाई शोषककारुपमा आफनो अस्तित्वको औचित्यता सिद्धगर्ने सजिलो र सस्तो वाटो देखाइदिन्छ र उसको निम्ति सस्तोमा स्वर्गको टिकट प्रदानगर्छ। मार्क्सले धर्मलाई जनताको लागि अफिम सरह हो भन्नुभएको छ। त्यसैले धर्म एकप्रकारको आत्मिक शराव हो जसमा पैसाको निम्ति दास वनाउन चाहनेहरुको लागि आफनो प्रतिभालाई, आफनो मानवोचित जीवन धान्ने मार्गमै विताइदिन्छ। तर जो दास आफनो दासत्वको वारेमा सचेत भइसकेको छ र आफनो मूक्तिको लागि संघर्षमा उठिसकेकोछ, उसको आधा दासता समाप्त भइसकेको हुन्छ। वर्तमान बर्गीयरुपले सचेत मजदूर जो ठूला कारखाना तथा उद्योगहरुमा काम गर्दा प्रशिक्षित तथा शहरी जीवनशैलीद्वारा प्रबुद्ध भएका छन् धार्मिक पूर्वाग्रहलाई घृणापूर्वक ठूकराई दिन्छन् र मरेपछि स्वर्गजाने चिन्ताको कुरालाई पादरीहरु र धर्ममा अन्धा भएकाहरुको जिम्मा छाडी आफनो जीवनलाई यहि पृथ्विमानै एउटा सुःखी र समृद्धिशाली जीवन स्थापनागर्ने कोशिस गर्दछन्। आजको सर्वहाराबर्ग यस्तो समाजवाद होस जो धर्मको शोषणको विरुद्ध संघर्षमा विज्ञानको मद्धत लिन्छ र अहिलेकै जीवनलाई सुःखी र समृद्धिशाली जीवन वनाउनको निम्ति संघर्षको लागि मजदूरबर्गलाई संगठित गरेर मृत्युपछिको जीवनको विश्वासवाट उनीहरुलाई मुक्ति दिन्छ। कम्युनिष्टको धर्मसम्वन्धी दृष्टिकोणमा धर्मलाई व्यक्तिको नीजि मामिला वनाउनु पर्छ भन्ने नै रहन्छ तर यसवाट केहि गलत अर्थपनि लाग्न सक्छ। त्यसैले यो आवश्यक छ कि यसको भनाइको ठीक व्याख्या गरिनुपर्छ। कम्युनिष्टले माग गर्छनकि जहाँसम्म राज्यको सम्वन्ध हो, त्यसले धर्मलाई व्यक्तिको नीजि मामिलाको रुपमा लिनु पर्छ। तर जहाँसम्म कम्युनिष्टहरुको सम्वन्ध हो, धर्मलाई हामीले कुनैपनि हालतमा व्यक्तिको नीजि मामिलाको रुपमा लिनु हुदैन्। धर्मसंग राज्यको कुनै पनि सम्वन्ध र धार्मिक संघ संस्थाको पनि सरकारसंग कुनै सरोकार र सम्वन्ध हुनुहुदैन्। प्रत्येक व्यक्तिलाई यसबारे पूर्ण स्वतन्त्रता हुनु पर्दछकि उसले चाहे जो धर्म मानोस वा कम्युनिष्टले जस्तै कुनै पनि धर्म नमान्ने नास्तिक पनि हो। नागरिकसंग धर्मको आधारमा भेदभावगर्नु एउटा अशोभनीय सहन नसकिने काम हो। कम्युनिष्टहरुको यो माग हुनुपर्छकि सरकारी कागजपत्रहरु मा नागरिकले अपनाउने धर्मवारे उल्लेखगरिनु गलत काम हो र त्यसलाई समाप्त गरिनु पर्छ। चर्च तथा मठ मन्दीर र त्यसका पादरी र पूजारीलाई राज्यले कुनै पनि प्रकारको सहयोग दिनु हुदैन्। यसरी यो एउटै धर्म मान्नेहरुको स्वतन्त्र संस्था हुनेछ र राज्यवाट पूर्ण स्वतन्त्र रहने गरिनुपर्छ। तर नेपालमाभने कुनैपनि कम्युनिष्ट नेता जो संस्कृति मन्त्री पनि छन्, पशुपति मन्दीरका पनि नेता भएका छन् र उनीमार्फत पशुपति मन्दीर र त्यसका पूजारीलाई राज्यले हरेक प्रकारको सहयोग दिइरहेको छ। जनआन्दोलन ०६२/०६३ ले भूलेको कडिकारुपमा यसलाई लिन सकिन्छकि धर्मलाई राज्यवाट पूर्णस्वतन्त्र राखिनु पर्छभन्ने मागलाई राजनीतिक स्वतन्त्रताको एउटा आवश्यक अंगकारुपमा पूरा गरिनु आवश्यक छ। तर पनि यस मामलामा गत आन्दोलनको स्थिति विशेष रुपले राम्रो रहयो किनभने सेना र पुलिस शासित सामन्ती प्रभुको सेवकको दासताका विरुद्ध त्यसवेला उनीहरु पनि विरोधमा उठेका थिए। किनभने धर्मको नाममा एकतन्त्रको घृणित नोकरशाहीले मठमन्दीका पूजारी र पण्डित तथा पूरोहित पनि राजतन्त्रप्रति असन्तोषको भावना पैदागरिदियो। मठमन्दीरका कट्टरपन्थी पूजारी र पण्डित तथा पूरोहित जतिसुकै अधम र अज्ञानी किन नहोउन, नेपालको पूरानो, मध्यकालिन व्यवस्थाको पतनको वज्रपातले उनीहरु पनि जागृत भएर उठे। उनीहरुले पनि स्वतन्त्रताको माग गरिरहे। पूजारी र पण्डित तथा पूरोहितबर्गका इमान्दार र सच्चा सदस्यहरुको मागको समर्थन गर्नु र त्यसलाई पूर्णतातर्फ पूराउनु सरकारको पनि कर्तव्य हो। जहाँसम्म समाजवादी सर्वहाराबर्गको पार्टीको सवाल हो, उसको निम्ति धर्म व्यक्तिगत मामला होइन। कम्युनिष्ट पार्टी मजदूरबर्गको मुक्तिको लागि संघर्ष गर्नेवाला बर्ग चेतन, अग्रणी योद्धाहरुको संस्था हो। यस्तो संस्था धार्मिक विश्वासको रुपमा व्यक्त हुने बर्गचेतनको अभाव भएको अज्ञान तथा रुढीवादको सम्वन्धमा तटस्थ रहन सक्दैन् नत उ रहन आवश्यक छ। पार्टीले धार्मिक अन्धभक्ति, रुढीवादका विरुद्ध संघर्ष आफनो समाचारपत्र, भाषण तथा संघर्ष गरेर त्यसलाई मजदूरबर्गमाथि गरिने हरेक प्रकारका धार्मिक शोषणका विरुद्ध संघर्ष गर्नु पर्छ। कम्युनिष्टहरुको निम्ति वैचारिक संघर्ष कुनै व्यक्तिगत मामला हुँदैन्, यो त सम्पूर्ण पार्टीको, सवै सर्वहाराबर्गको मामला हो। यदि यस्तो होभने हामी आफनो कार्यक्रममा यो घोषणा गरौ कि हामी अनिश्वरवादी हौ। तर नेपालमा अहिले पहिले पहिले भन्दा अझ फरक र अझ बढता धार्मिक पूर्वाग्रहमा कम्युनिष्टहरु फस्दै गइरहेका छन्। यसोहुनुका पछाडि नेपालका कम्युनिष्ट नेता तथा कार्यकर्ताहरुको वर्गीय पृष्ठभूमि किसान हो। किसानहरुमा पाइने धर्म, इश्वर, सत्ता आदि प्रतिको भक्तिभावले उनका छोरा छोरीहरुमा प्रभाव पार्दछ। किसानहरु जतिजति सम्पन्न बन्दै जान्छन्, उनीहरुमा क्रमसः धर्म, इश्वरप्रति भक्तिभाव बढदैजान्छ। जब उनीहरुमा रहेको सम्पत्ति क्रमसःसुदखोरका हातबाट खोसिन्छ, अनि उनीहरुको इश्वरप्रतिको आस्था कम हुँदै जान्छ। रुढिवादीहरुले समाजमा बढदै गइरहेको नास्तिकता, इश्वर र धर्मप्रतिको विमुखतालाई कलियुगको लक्षण बताउँछन्। तर वास्तबमा यसको मूलकारण कलियुग नभई किसानहरुको विग्रदै गएको जीवनका अवस्थाहरुमा खोज्नुपर्दछ। उनीहरु समाजमा बिभिन्न प्रकारका अन्याय अत्याचारका जति बढी शिकारबन्दै गइरहेका हुन्छन्, उति उति उनीहरुको इश्वरको न्यायमाथिको आस्था खतमहुँदै गइरहेको हुन्छ। यहि नेपालका कम्युनिष्टबारे पनि सत्य हो। त्यसैकारण उनीहरुको अनिश्वरवाद अहिले एउटा ढोंगकारुपमा अगाडि आएको छ र सर्वहारा संस्कृति भनेको कम्युनिष्टको लागि किताबको नखाने माछा वन्दैगएको देखिएको छ।


सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं-२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर-१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

## सम्पादकीय

# गतसाता सम्पन्न प्रतिनिधिसभाको निर्वाचनले गरेका भाबि संकेतहरु

नेपालको राष्ट्रिय राजनीतिमा देशभक्ति हराउँदै गएको र विदेशभक्ति बढ्दै गएको कुरा गत साता सम्पन्न निर्वाचनले समेत स्पष्ट संकेत गरेको छ। खासगरी नेपालको राजनीतिक व्यवस्थामै खोट रहेका कारण त्यसमा सुधार नगरिकन अन्य पक्षमा सुधार आउने कुनै संभावना देखिएको छैन। गत भदौ २७ मा अप्रत्याशित र आकस्मिकरुपमा घोषणा गरिएको प्रतिनिधिसभाको निर्वाचन तोकिएकै मिति र समयमा सम्पन्न होला भनेर कसैले पनि सोचेको थिएन। तर अपेक्षा गरिएभन्दा बढी शान्तिपूर्णरुपमा सम्पन्न भयो। जसका लागि चुनावी सरकारकी प्रधानमन्त्रि सुशीला कार्की र उहाँको सरकारका मन्त्रिहरु लगायतलाई धन्यवाद दिनुपर्छ। कतिपय पक्षहरुले प्रधानमन्त्रि कार्कीको अत्यन्त सराहना गरेको पनि देखियो। तर त्यतिबिधि सराहना गर्नुपर्ने अवस्थाभने होइन। सो बधाई उहाँलाई मात्र दिएर पुग्ने देखिँदैन। जसको श्रेय नेपाली सेनालाई पनि दिनुपर्ने अवस्था रहेको छ। किनकी गत भदौको घटनापछि बर्तमान सरकार निर्माण गर्नगराउन र निर्वाचन सम्पन्न गराउन नेपाली सेनाले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। शान्ति सुरक्षा कायम गराउने लगायतका कार्यमा सो संगठनले खेलेको भूमिका निकै प्रशंसनीय रहेको थियो। निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न हुनसकेकोमा नेपाल प्रहरी र सशस्त्र प्रहरीलगायतका सुरक्षा निकायसँग सम्बद्ध संघ संगठन सबैलाई धन्यवाद दिनुपर्दछ। निर्वाचन आयोग र निर्वाचनका लागि खटिएका कर्मचारीहरुलाई पनि नजरअन्दाज गर्न सकिने अवस्था छैन। निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न हुनुमा एमालेलगायतका दलहरुको भूमिका पनि महत्वपूर्ण रहेको छ। लोकतन्त्रको विगत, वर्तमान र भविष्यको चर्चा विश्वव्यापीरुपमा नै आआफ्नै ढंगले हुनेगर्दछ। राज्य, जनता र राजनीतिक दलका लागि सर्वाधिक रुचिको शब्द लोकतन्त्रनै हो। राजनीतिक शास्त्रमा लोकतन्त्रलाई आफैँमा बृहत, बहुआयामिक र अविछिन्न प्रणाली मानिन्छ। विश्वमा बिभिन्न स्वरुपका लोकतन्त्रहरु रहेका छन्। तर नेपालमा लोकतान्त्रिक प्रणाली र संस्कारको विकास हुन नसकेपनि शान्तिपूर्णरुपमा निर्वाचन सम्पन्न हुनसकेको छ। गत भदौ २३ र २४ गते आन्दोलनको आबरणमा भएको बिध्वंश र त्यसैलाई ढाल बनाएर भदौ २७ गते संसद चलिरहेकै अवस्थामा संसद बाहिरबाट प्रधानमन्त्रि मनोनितगरी मनोनित प्रधानमन्त्रिको एकल सिफारिसमा निर्वाचित संसद बिघटनगरेर सोही संसदको स्थापनाका लागि निर्वाचनको घोषणा हुनु कुनै लोकतान्त्रि कुरा थिएन। शुरुमा कतिपय पार्टी र शक्तिले बिमति जनाएपनि प्रमुख दलका प्रमुख नेताहरुले संयम अपनाउँदा गत २१ गते निर्वाचन हुन संभव भएको थियो।

आजको जस्तो २१ औं शताब्दीमा हरेक मुलुकले आफूलाई लोकतान्त्रिक मुलुककारुपमा दाबागर्ने गरेका छन्। के कस्ता मापदण्डमा उनीहरु लोकतान्त्रिक छन् कि छैनन्भन्ने छलफलको विषय हुनसक्छ। तर बिश्वका बहुसंख्यक मुलुकले लोकतान्त्रिक विधिलाई आत्मसात्गर्ने प्रयास गर्नुलाई सकारात्मकरुपमा लिनुपर्दछ। नेपालका लागि हिजोको निर्वाचन लोकतन्त्रको अग्निपरीक्षाका रुपमा रहेको थियो। समुन्नत र ठूलाराष्ट्रका लागि लोकतन्त्र एउटा सशक्त प्रणालीकारुपमा रहने भएपनि तेश्रो विश्वका खासगरी नेपालजस्ता साना र गरिब मुलुकका लागि लोकतन्त्र अझै संघर्षपूर्ण चरणमै रहेको छ। जुन कुरा नेपालका पछिल्ला गतिबिधिले पनि स्पष्ट गरेका छन्। नेपालमा गत २१ गते शान्तिपूर्णरुपमा निर्वाचन सम्पन्न भएपनि सम्पूर्ण मतपरिणाम आएर नयाँ संसद र सरकार गठन हुन बाँकी छ। त्यसैले सबै क्षेत्र र पक्षले गंभिर ढंगले सोच्नुपर्ने अवस्था रहेको छ। गत २१ गतेको निर्वाचनमा बिचार पक्ष कमजोर र हिवम बढी भएका कारण यसको टिकाउ पनि खासै लामो हुन नसक्ने संकेतहरु देखिएका छन्। निर्वाचन सम्पन्न भए पनि निर्वाचन अघि देखिएका कतिपय बिवादहरुको समाधान हुनसकिरहेको छैन। त्यसैले अब बन्ने संसद र सरकारको प्रमुख प्रयास देशमा राष्ट्रिय एकता र सहमतीय राजनीतिको स्थापनामा केन्द्रित हुनु बढी उपयुक्त हुन्छ। गत निर्वाचनमा भाग लिएका र नलिएका सबै दलले यसतर्फ सोच्नु आजको आवश्यकता भएको छ।

# नेपालमा देशभक्त र बामपन्थीहरु सरकार बन्न सक्ला त ?

## देश/परिवेश

डा. केशव देवकोटा

नेपालमा गत साता २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएको छ। तर छिटफुट घटनाका कारण पूर्णपरिणाम आउन सकेको छैन। हिजो शनिबारसम्मको अवस्थालाई हेर्दा आगामी संसद र सरकारमा देशभक्त र बामपन्थी शक्तिहरुकै बर्चश्व रहने देखिएको छ। गत निर्वाचनमा लागि सार्वजनिक गरिएका चुनावी घोषणापत्र र चुनाव प्रचारहरुमासमेत बाम एकता र देशभक्त तथा बामपन्थीहरुको संयुक्त सरकारले प्राथमिकता पाएको देखिएको थियो। खासगरी गत भदौ यता हरक्षेत्रमा बिवाद र बिभाजनको अवस्था बढेर गएको देखिएको छ। सबै राजनीतिक पार्टी र क्षेत्रमा राम्रा विचारहरु व्यक्त हुने तर त्यसअनुसारका कामहरु नहुने गतिबिधि बढेको देखिन्छ।

जसले राष्ट्रिय एकता र जनपक्षीय राजनीतिमा नकारात्मक असर गरेको स्पष्ट छ। नेपालमा आन्तरिक बिभाजन बाह्य शक्तिको प्रभाव अत्यधिक बढेको देखिनुले राम्रो संकेत गरिरहेको छैन। गत भदौ २३ र २४ गते केवल सरकार परिवर्तन गराउनका लागि देशभर बिध्वंश मच्चाउने काम भएको थियो। सोही बिध्वंशलाई कारण जनाएर राष्ट्रपतिबाट संसदको बैठक चालु रहेकै अवस्थामा संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्तगर्ने र त्यसरी नियुक्त प्रधानमन्त्रिको सिफारिसमा संसदनै बिघटनगर्ने काम भएको थियो। त्यस्तो कार्यलाई तत्कालीन माओवादी केन्द्रलगायतले रातारात स्वागत गरेका थिए। भदौ २७ को घोषणा अधिसम्म आफूलाई ०७२ को संविधानको संरक्षक र बिद्यमान राजनीतिक व्यवस्थाको मुख्य हिमायति भएको दाबिगर्नेहरुले हाल उक्त संविधान र राजनीतिक व्यवस्थाको नामसमेत लिन छाडेको देखिएको छ। नेपालका ठूला भनिएका नेपाली कांग्रेस र एमालेले गत भदौ २७ को घोषणालाई असंवैधानिकभन्दै सर्वोच्च अदालतमा संसद पुनर्स्थापनाका लागि रिट पनि दायर गरेपनि निर्वाचनअघि त्यसको कुनै टुंगो लाग्न नसकेका कारण अब सो रिटको कुनै महत्व रहेको छैन। नेकां र एमालेले संसद पुनर्स्थापनाको माग गर्दागर्दै निर्वाचन आयोगमा पार्टी दर्ता गरेर फागुन २१ को निर्वाचन प्रक्रियामा सहभागी हुने निर्णय गरेकाले निर्वाचन संभव भएको हो। भदौ २७ पछिको अवस्थामा बिघटित संसदका प्रमुख दल नेपाली कांग्रेस र एमालेमात्र होइन आमूल परिवर्तनको पक्षधर क्रान्तिकारी कम्युनिष्ट पार्टी र संसदीय निर्वाचनमा भाग लिन तयार भएको नेकपा (माओवादी) तथा केही जेनजी समूहहरु बर्तमान चुनावी सरकारको परिवर्तनको पक्षमा देखिएका थिए। तर उनीहरुले पनि व्यवहारिकरुपमा सर्वपक्षीय सरकार गठनका लागि व्यवहारिक प्रयास नगरेका कारण त्यस्तो सरकार केवल कोरा कल्पनामामात्र सीमित रहयो। नेपाली कांग्रेस र एमालेले त बालुवाटारमा पटक, पटक भएका बैठकहरुमा आफैले असंवैधानिक भनेको चुनावी सरकारलाई खुलेरै समर्थन गरेको देखिएको थियो। चुनावी सरकार ढाल्न चाहानेमध्ये पनि नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा (माओवादी) र सिपि गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी संसद पुनस्थापनाको पक्षमा रहेका थिएनन्। क्रान्तिकारीले आमूल परिवर्तनका लागि चरणबद्ध आन्दोलननै थालेको थियोभने नेकपा( माओवादी) ले पनि राष्ट्रपति समक्ष १३ बुँदे ज्ञापनपत्र प्रस्तुत गरेर आन्दोलनमा जाने भनेको थियो। तर जानसकेन अर्कै कुरा हो। शुरुको अवस्थामा नेकपा (माओवादी) का कतिपय कार्यालयमा छापा मारेर सो पार्टीलाई निर्वाचनबाट बिमुख बनाउने प्रयास गरेको देखिएको थियो। आश्चर्यको विषय के छभने क्रान्तिकारी कम्युनिष्ट पार्टी र नेकपा (माओवादी) का बीचमा कतिपय एजेण्डाहरु मिलेपनि हालसम्म गहन वार्ता त के सामान्य छलफलसमेत हुन सकिरहेको छैन। नेपालमा २० वटा कम्युनिष्ट पार्टीहरु रहेको बताइन्थ्यो। तर नेपाली कम्युनिष्ट पार्टी सहभागी भएको चलाएका थिए। पुष्पकमल दाहालहरुले त माओवादी केन्द्र र माओवादनै परित्याग गरे। जसका आधारमा पछिल्ला दिनमा नेपाली कम्युनिष्ट पार्टी र प्रगतिशील लोकतान्त्रिक पार्टीजस्ता नयाँ समूहहरुको सिर्जना भएको थियो। तर उनीहरुभित्र पनि निर्वाचनका बेला खासै सहमतीय वातावरण बन्न सकेको देखिएन। उनीहरुको प्रयास पनि मुख्यत नेपाली कांग्रेस र एमालेजस्ता पुराना संसदवादी पार्टीलाई किनारा लगाउनमै केन्द्रित रहँदै आएको देखिन्थ्यो। कतिपयले त निर्वाचन अगावै आपसमा सहमति गरेर प्रधानमन्त्रि लगायतका पदहरु बाँड्नेजस्ता हास्यास्पद गतिबिधिसमेत गरेका थिए। राष्ट्रिय राजनीतिको बिवादकै बीचमा एमालेको ११ औं महाधिवेशन भएको थियो। तर त्यो केवल कर्मकाण्डीजस्तोमात्र हुनपुग्यो। तथापि एमालेको ११ औं महाधिवेशनबाट अध्यक्षमा केपी ओली पुन निर्वाचित हुनुले कतिपय जेनजी समूह र पुष्पकमल र माधव नेपालको नेपाली कम्युनिष्ट पार्टी तथा प्रलोपाजस्ता पार्टीहरुलाई ठूलो चुनौती बताइँदा पनि हालसम्म उक्त २० समूह कायमै रहेका छन्। देश हालकोजस्तो राजनीतिक र आर्थिक संकटको अवस्थामा पुग्दा पनि उनीहरुका बीचमा सामान्य छलफलसमेत हुन सकिरहेको छैन। नेपाली कम्युनिष्ट पार्टीले २६ वटा कम्युनिष्ट समूहहरुलाई समेटेको भनेपनि गत निर्वाचनमा त्यस्तो अवस्था देखिएन। गत भदौ २३ र २४ गतेको बिध्वंश र राष्ट्रपति रामचन्द्र पौडेलको भदौ २७ को घोषणापछि नेपालका सबै दलहरुको छिन्नभिन्न बनाउन अनेक प्रयासहरु भएका थिए। गत भदौमा देशभर भएको बिध्वंश र राष्ट्रपतिको भदौ २७ को कदमपछि तत्कालीन माओवादी केन्द्र, एकीकृत समाजवादी र नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) लगायतले आआफ्ना पार्टीहरुमा ध्रुविकरणको अभियाननै खडागरेको थियो। गत निर्वाचनमा सहभागी हुने एमालेमात्र सग्लो र एकमना पार्टी हुन पुग्यो। यसैबीचमा नेकां र एमालेको शीर्ष नेतृत्वका बीचमा दुई चरण वार्ता भएर फेरी नयाँ गठबन्धन तयार गर्ने प्रयास भएको थियो। तर गगन थापाहरुले नेपाली कांग्रेस बिभाजन गरेका कारण त्यो संभव भएन। अबको अवस्थामा संसदको पुनर्स्थापनाको कुनै औचित्य रहेको छैनभने गत २१ गते निर्वाचन सम्पन्न भएकाले पूरानै संसदवादी दलहरुको बर्चश्व कायम रहने देखिएको छ। पुष्पकमल दाहाल र माधव नेपाललगायतका नेताहरुको सल्लाहमा राष्ट्रपति पौडेलले चाल्नुभएको भनिएको गत भदौ २७ को कदम नेपाल र नेपालीका लागि अत्यन्त घातकसिद्ध भएको छ।

जसले नेपाललाई कानुनी राज्यको मान्यताबाट च्युत गराएको थियो। अब बन्ने नयाँ संसद र सरकार कसरी अगाडि बढ्छ ? त्यो प्रतीक्षाकै विषय छ। उपरोक्त सबै गतिबिधि नेपाली जनतालाई आफ्नै घरआगनमा परदेशी बनाउने प्रयास भएको कतिपयले व्याख्या र बिश्लेषण पनि गरेका छन्। भदौ २७ पछिको अवस्थामा क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले स्वाधीन संयुक्त सरकार निर्माणको आफ्नो मागलाई आन्दोलनकै विषय बनाएको थियो। यद्यपि आन्दोलन देशव्यापि गराउन सकेन। सो पार्टीले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरुको कठपुतली भएको ठहरगर्दै देशभक्त र बामपन्थीहरुको सरकारको माग पनि गरेको हो। तर अन्य पक्षहरुसँग छलफल पनि हुनसकेनभने बर्तमान सरकारले चुनाव अघि क्रान्तिकारी कम्युनिष्ट पार्टीसँग छलफलगर्ने प्रयाससमेत गरेन। त्यसैगरी देशभक्त र बामपन्थीहरुको संयुक्त सरकारको माग गरेको नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा(माओवादी) ले पनि अगाडि सारेको देखिएको थियो। तर उसले पनि आफ्नो माग पूरा गराउन आफैले कुनै पहल गरेन। त्यस्तो अवस्थामा नेकपा(मसाल) सम्बद्ध राष्ट्रिय जनमोर्चाले बाँकी ६ पेजमा

# नेपालीको सुरक्षाका लागि र्‍यापिड एक्सन टिम बनाउने कुरा

भीष्मराज ओझा

नेपाल सरकारले पश्चिम एशिया क्षेत्रमा विकसित पछिल्लो घटनाक्रमपछि त्यस क्षेत्रमा रहेका लाखौं नेपालीको सुरक्षा र सम्भावित उद्धारका लागि र्‍यापिड एक्सन टिम गठनगरी काम शुरु गरेको छ। उक्त द्वन्दको अवस्थामा नेपाली नागरिकको अवस्थाबारे नियमित जानकारी लिन, अन्तरसरकारी निकायसँग समन्वय गर्न तथा उद्धारका लागि आवश्यक र उपयुक्त कदम चाल्नका लागि सिफारिसगर्ने प्रयोजनले गतसाता उक्त टिम गठन गरिएको हो। परराष्ट्र मन्त्रीस्तरीय निर्णयबाट परराष्ट्रसचिवको संयोजकत्वमा गठन भएको उक्त टिमले त्यस प्रयोजनका लागि मित्रराष्ट्र तथा अन्य अन्तरराष्ट्रिय संस्थासँग समन्वय गर्नेछ।

टिममा परराष्ट्र, गृह, अर्थ, कानून, न्याय तथा संसदीय मामिला, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, शिक्षा तथा विज्ञान प्रविधि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रायललगायत निकायका प्रतिनिधि रहने व्यवस्था छ। परराष्ट्र मन्त्रालयले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा सो टिम गठन र कार्यान्वयनका साथै पश्चिम एशियाको पछिल्लो अवस्थाबारेमा जानकारी दिइयो। मन्त्रालयको मध्यएशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी खड्काले उक्त टिमले कार्यादेशानुसार काम नै शुरु गरिसकेको जानकारी दिनुभएको छ। उहाँले सो क्षेत्रका ट्रान्जिट विमानस्थलमा रहेका नेपालीलाई खान बस्नको प्रबन्धका लागि सम्बन्धित विमान कम्पनी र निकायलाई आग्रहगरी समन्वय भइरहेको बताउनुभएको छ। संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि गत १६ गते शनिबार गरेको संयुक्त सैन्य आक्रमणविरुद्ध इरानले प्रत्याक्रमण गरेपछि पश्चिम एशियाको स्थिति तनावपूर्ण भएको छ। शुरुमा सो क्षेत्रका मुलुकमा रहेका अमेरिकी सेनाका अखडाहरुलाई निशाना बनाएको इरानले पछिल्लो दिनमा बिभिन्न मुलुकका विमानस्थल, पेट्रोलियम प्रशोधन केन्द्रलगायत अतिसंवेदनशील स्थानमा आक्रमण गरेको छ। युद्धले त्यस क्षेत्रका बिभिन्न मुलुकमा रहेका १९ लाखभन्दा बढी नेपाली नागरिकमा अन्योलमा परेका छन्। अर्कोतिर त्यस क्षेत्रका दर्जनौं उडान रद्दहुँदा त्यहाँ जाने तयारी अवस्थामा रहेका र स्वदेश फर्कने तयारी अवस्थामा रहेका नेपाली नागरिक पनि अलपत्र परेका छन्। मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले नेपाली नागरिकको सुरक्षा सरकारको पहिलो प्राथमिकतामा रहेको र सोहीअनुसार मन्त्रालयले काम गरिरहेको बताउनुभएको छ। नेपाली नागरिकको सुरक्षा र समन्वयका लागि सो क्षेत्रका मुलुकमा अवस्थित नेपालका आठ दूतावास र दुई महावाणिज्य दूतावासबाट नियमित सूचना लिने र समन्वय भइरहेको उहाँले बताउनुभएको छ। त्यसैगरी मन्त्रालयले एडभाइजरी जारीगर्दै सुरक्षासम्बन्धी निर्देशन तथा सूचना कडाइका साथ पालना गर्न आग्रह गरेको प्रवक्ता पौडेलको भनाइ छ। मन्त्रालयले गतसाताबाटै सो क्षेत्रका नेपाली नागरिकलाई द्वन्दको अवस्थाबारे नियमित जानकारी दिन र समन्वयमा रहनका लागि अनलाइन पोर्टल बनाई फाराम भर्ने व्यवस्था गरेको छ। उक्त पोर्टलमा त्यहाँ रहेका नेपालीले आफूलाई परेको अप्ठेरो र जिज्ञासाबारेमा जानकारी गराउने काम शुरु भइसकेको कन्सुलर सेवा विभागका महानिर्देशक दुर्पदा सापकोटाले बताउनुभएको छ। त्यस सूचना र जानकारीले सहायतार्गन तथा आगामी दिनमा सम्भावित उद्धारका लागि योगदान पुग्ने उहाँको भनाइ छ। यसैगरी संयुक्त अरब इमिरेट्सको अबुधाबीस्थित जायेद अन्तरराष्ट्रिय विमानस्थलमा भएको आक्रमणमा परी गोरखाका दिवस श्रेष्ठको गत १७ गते निधन भएको छ। अबुधाबीस्थित नेपाली दूतावासले जनाएको श्रेष्ठको शव नेपाल लैजान आवश्यक सहयोग गर्ने जनाएको छ। मन्त्रालयले त्यस क्षेत्रमा रहेका नेपालीलाई सुरक्षित रहन, नाआत्तिन र सम्बन्धित मुलुकले जारी गरेको सुरक्षासम्बन्धी सूचना जानकारी लिई पालना गर्न आग्रह गरेको छ।

मन्त्रालयले द्वन्दकाक्रममा सर्वसाधारण नागरिकहरुको सुरक्षा, सुरक्षात्मक व्यवस्था तथा संरक्षण सुनिश्चित गर्न सम्बन्धित सबै पक्षसँग पुनः आग्रह गरेको छ। साथै सम्बन्धित जेनेभा महासन्धिहरु तथा अन्तरराष्ट्रिय मानवीय कानूनका प्रावधानहरुको सधैँ पूर्णरुपमा सम्मान तथा पालना गरिनुपर्ने मन्त्रालयको जोड छ। मध्यपूर्व र आसपासका मुलुकहरु मध्ये हाल इरानमा छ जना, इजरायलमा छहजार ५००, इजिप्टमा ५००, ओमानमा २५ हजार, कतारमा तीन लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, जोर्डनमा तीन हजार, बहराइन २८ हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८६५, संयुक्त अरब इमिरेट्समा श्रम स्वीकृति लिएर गएका चार लाख ७८ हजार १४४ र भिजिट भिसामा गएका चार लाख ३७ हजार ४४ जना, लेबनानमा एक हजार ५००, इराकमा ३० हजार र साइप्रसमा १७ हजार गरी हाल करिब १९ लाख ४४ हजार ४७२ जना नेपाली नागरिक रहेका छन्। आर्थिक सुस्तताका बाबजुद बढ्दो बिप्रेषी मुद्रा सञ्चितिको राहत पाइरहेको नेपाललाई मध्यपूर्वी क्षेत्रमा बढेको द्वन्दको तनावले प्रभाव पार्नसक्ने देखिएको छ। धेरै नेपाली रोजगारीको खोजीमा जाने क्षेत्र हो, मध्यपूर्वी। अमेरिका र इसराइलले इरानका २४ प्रान्तहरुका बिभिन्न स्थानमा लक्ष्यगरेर हमला गरेपछि इरानले समेत गल्फ देशमा जवाफी हमलागर्न थालेको छ।

इरानले धेरै नेपालीहरु रोजगारीको लागि जाने कतार, कुवेत, बहराइन, जोर्डन, युएईलगायतका मुलुकमा पनि मिसाइल आक्रमण गरेको छ। मध्यपूर्व र खाडीका बिभिन्न देशहरुमा रहेका अमेरिकी सैन्य संरचनालाई लक्ष्यगरेर आक्रमण गरेको हो। गत १७ गते पनि संयुक्त अरब इमिरेट्स (युएई) र कतारका केही क्षेत्रमा बिष्फोटका आवाजहरु सुनिएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुले जनाएका छन्। सो द्वन्दको प्रभाव अन्तर्राष्ट्रियस्तरमै पर्ने देखिन्छ। सो द्वन्दले सर्वप्रथम तेलको मूल्य बढाउने सम्भावना छ। बाँकी ६ पेजमा

# निर्वाचनको सम्पूर्ण परिणाम नआउँदै फेरी मध्यावधीको चर्चा

## यो साताको बिशेष



**प्रधानमन्त्रिको खुसी :** प्रधानमन्त्री सुशीला कार्कीले निःस्वार्स्थ र निष्ठा राखेर काम गरे फत्ते हुन्छभन्ने विश्वासका साथ आफूले काम गरेको बताउनुभएको छ। प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएपछि प्रधानमन्त्री कार्कीले असहज र अनिश्चयपूर्ण अवस्थामा हामिले जिम्मेवारी सम्हालेका थियौँ। तर पनि हामीलाई आत्मविश्वास थियो कामगर्न सक्छौँ भन्ने, लगनशीलता भएमा कुनै कुरामा लागिपरे सम्भव हुने रहेछ, चुनौती भए पनि हामी आफ्नो जिम्मेवारी अनुकूलको कामगर्दै गयौँ भन्नुभएको थियो। प्रधानमन्त्री कार्कीले चुनौती र बाधा अवरोध धेरैभएको तथा मुख्य चुनौती सुरक्षाको भएको उल्लेखगर्दै एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार काम गरेको बताउनुभएको थियो। उहाँले त्यो प्रभावकारी पनि भयो, सफलतासाथ शान्ति कायमगर्न सम्भव भयो। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र गृह प्रशासन सबैका बीचमा समन्वय पनि राम्रोसँग भयो। सबैले एउटै राष्ट्रिय भावनाका साथ काम गर्नुभयो, उहाँहरु सबै धन्यवादका पात्र हुनुहुन्छ। सहिद परिवार तथा घाइते योद्धाहरुको संयम र समझदारीलाई पनि यहाँनिर बिर्सन मिल्दैन। उहाँहरुप्रति उच्च सम्मान छ, उहाँले भन्नुभयो। प्रधानमन्त्री कार्कीले सरकारमाथि विभिन्न प्रकारले आक्रमण र बाधा अवरोध भए पनि त्यसबाट विचलित नभएको उल्लेखगर्दै जति अवरोध भएपनि हामीले बाटो छाडेनौँ भन्नुभयो। धेरै चुनौतीको सामना गर्नुपरेको जिकिरगर्दै प्रधानमन्त्री कार्कीले हामीलाई दलहरुले नै अयोग्य भनेकै हुन्, जेनजीका केही व्यक्तिले पनि औँला उठाएकै हुन, तर हामी मुलुकमा शान्ति कायम गर्ने उद्देश्यमा लाग्यौँ भन्नुभयो। प्रधानमन्त्री कार्कीले रक्तपात नहोस्, कुनै अप्रिय घटना नहोस् र शान्त र अनुशासित रुपमा निर्वाचन होस् भन्ने लागेको उल्लेखगर्दै सभ्य हिसाबमा होस्भन्ने थियो। चुनावमा हिंसा हुनुहुँदैन भन्ने पहिलो दिनबाटै भनेको हो। हाम्रो प्रयास नै त्यसैमा रह्यो। कसले के भन्छभनेर हामीले त्यस्ता कुरा सुन्दै सुनेनौँ। हामीले काममात्र सोच्यौँ। हामीले हाम्रा लागि गरेका पनि होइनौँ। मुलुक र जनताका लागि गरेका हौँ। सिङ्गो मुलुकको साथ पनि पाइयो भन्नुभयो। निर्वाचन गराउने सन्दर्भमा अझै केही राम्रो गर्नसकेको भए हुन्थ्योभन्ने लागेको प्रधानमन्त्री कार्कीले उल्लेख गनुभयो। उहाँले खर्चमा मितव्ययिता अपनायौँ। अझै कम गर्न सकिन्थ्यो। तर भदौ २३ र २४ गतेको घटनाका कारण धेरै साधन नयाँ किन्नुपर्‍यो। तैपनि यो निर्वाचन निकै नै सभ्य अनि अनुशासित रुपमा सम्पन्न भएको छ भन्नुभयो। मुलुकका समस्याको समाधानमा इमानदार प्रयासको आवश्यकता औँल्याउँदै प्रधानमन्त्री कार्कीले जेनजीले उठाएका माग सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले जस्तो कि देशमा सुशासन होस्, स्वदेशमै बस्न पाइयोस्। यहीँ काम पाइयोस्। भ्रष्टाचार, विभेद र पक्षपात नहोस्। विदेशमा लास बनेर फर्किनुपर्ने अवस्थाको अन्त्य होस्। देशभित्रै गुणस्तरीय शिक्षा पढ्न पाउन् युवाले। संविधानसम्मत मौलिक हकको अक्षरशः पालना होस्। हामीले केगर्न खोजेका थियौँ, के सम्भव भयो, के अधुरो रह्यो र के काम के कारणले सम्भव हुन सकेन भन्ने विषयमा श्वेतपत्र नै छाडेर जान्छौँ। ताकि आगामी सरकारलाई मार्गदर्शन होस् भन्नुभयो। प्रधानमन्त्री कार्कीले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले प्रतिवेदन बुझाउनासाथ कार्यान्वयन हुने बताउनुभयो। उहाँले मैले भन्दैआएकी छु, मुलुकमा कुनै पनि प्रकारको दण्डहीनताले ठाउँ पाउनु हुँदैन। त्यसैले अहिलेको आयोगको मात्र होइन, अरु पनि त्यस्ता प्रतिवेदन छन् भने ती हेर्छौँ र सार्वजनिक गरिदिन्छौँ। ताकि जनताले थाहा पाउँछन् भन्नुभएको थियो।

**गृहमन्त्रिको अठोट :** बर्तमान सरकारका गृहमन्त्रि ओम प्रकाश अर्यालले निर्वाचित जनप्रतिनिधिलाई जिम्मेवारी हस्तान्तरणगर्न आफूहरु आतुर रहेको खुलाशा गर्नुभएको छ। छोटो समयमा निर्वाचनगर्ने जिम्मेवारीकासाथ गठन भएको सरकारमा अर्यालले गृहमन्त्रालयको जिम्मेवारीमा पाउनुभएको थियो। जेनजी आन्दोलनका क्रममा कारागारबाट कैदी भागेका थिए, हातहतियारहरु पनि लुटिएका थिए। राजनीतिक दलप्रति आममानिसमा विश्वास गुमेको अवस्था थियो। सुरक्षा मुख्य चुनौती थियो। आम मानिसमा पनि समयमै निर्वाचन हुन्छ वा हुँदैनभन्ने संशय थियो। अन्ततः समयमै शान्तिपूर्ण रुपमा निर्वाचन भयो। गत साता बिहीबार निर्वाचनको जिम्मेवारी पूरागरेपछि गृहमन्त्री अर्यालले एउटा महत्वपूर्ण जिम्मेवारी पूरा भयो, नागरिक सरकारले प्रमुख अभिभारा पूरा गरेको छ भन्नुभएको थियो। निर्वाचन सम्पन्न भएपछि हिजो शुक्रबार दिनभर जसो मन्त्री अर्यालले धन्यवाद तथा शुभकामनाका कैयौँ फोनकल, सन्देश प्राप्त गरिरहनुभयो। मन्त्रालयमै आएर बधाई दिनेहरुको संख्या पनि बाक्लो थियो। उहाँले शुभचिन्तकलाई आजबाट जिम्मेवारीको भारी बिसाएर हल्का महसुस भएको छ। मतपरिणामपछि नयाँ सरकारलाई जिम्मेवारी हस्तान्तरण गरेर फर्किन आतुर छौँ भन्नुभएको थियो। उहाँले यसका लागि प्रधानमन्त्री सुशीला कार्कीप्रति विशेष आभार व्यक्त गर्नुभएको थियो।

**तीन देशको बधाई :** नेपालमा प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भएकामा अमेरिकाले बधाई दिएको छ। नेपालस्थित अमेरिकी दूतावासले गतसाता सामाजिक सञ्जाल एक्समार्फ निर्वाचन सम्पन्न भएकामा आज बधाई दिएको हो। दूतावासले भनेको छ-अमेरिकाले आगामी सरकारसँग दुवै देशको समृद्धि र सुरक्षासम्बन्धी साझा लक्ष्यहरुमा सहकार्यगर्न उत्सुक रहेको छ। जेनजी आन्दोलनपछिको विशेष परिस्थितिमा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएको छ। त्यसैगरी भारतले नेपालमा शान्तिपूर्णरुपमा सफलतापूर्वक आमनिर्वाचन सम्पन्न गरेकामा बधाइ दिएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले सामाजिक सञ्जालमा एक्समा गत वर्षको असामान्य अवस्थाको पृष्ठभूमिमा आयोजित यो चुनाव सफलतापूर्वक सम्पन्न गरेकामा नेपाल सरकार र नेपालका जनताका साथै सरोकारवालालाई बधाई दिन्छौँ भन्नुभएको छ। उहाँले उत्साहजनक सहभागिताका साथ नेपालमा लोकतान्त्रिक जनादेशको प्रयोग भएको उल्लेखगर्दै भारतले नेपालको नयाँ सरकारसँग मिलेर काम गर्ने तत्पर रहेको पनि बताउनुभएको छ। प्रवक्ता जैसवालले आपसी हितका लागि हाम्रा दुई देश र जनताबीचको बलियो सम्बन्धलाई अझ सुदृढ तुल्याउन हामी नेपालको नयाँ सरकारसँग मिलेर काम गर्न तत्पर छौँ भन्नुभएको छ। त्यसैगरी चीनले प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्वक सम्पन्न भएकोमा नेपाललाई बधाई दिएको छ। विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले गतसाता बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा तोकिएको समयभित्रै शान्तिपूर्ण तवरले निर्वाचन सम्पन्न भएकोमा नेपाललाई बधाई दिएको बताउनु भएको थियो। प्रवक्ताले हालै सम्पन्न संघीय संसदका प्रतिनिधि सभा सदस्यहरुको निर्वाचन शान्तिपूर्ण र व्यवस्थितरुन्दस्पमा सम्पन्न भएकोमा चीनले खुशी व्यक्तगरेको छ। प्रवक्ता माओले चीनले दुई मुलुकबीचको परम्परागत मैत्रीपूर्ण सम्बन्धलाई सँधै महत्व दिने उल्लेखगर्दै दुबै देशले स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षागर्ने प्रयासमा एक-अर्कालाई सहयोगगर्दै आएको स्मरण गर्नुभएको थियो। आगामी दिनमा चीन नेपालसँग सहकार्यगर्दै विकास र समृद्धिका लागि दीर्घकालीन मैत्रीमा आधारित रणनीतिक सहकार्यलाई अघिबढाउन तयार रहेको पनि बताउनु भएको थियो। त्यसैगरी द एशियन नेटवर्क फर फ्रि इलेक्सन्स (एएनएफरेल) ले प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण र व्यवस्थित वातावरणमा सम्पन्न भएको जनाएको छ। निर्वाचनको अवलोकनपछि जारी वक्तव्यमा एएनएफरेलले मतदाताको सक्रिय सहभागिताले लोकतान्त्रिक प्रक्रियाप्रति नेपाली नागरिकको प्रतिबद्धता पुनः पुष्टि भएको उल्लेख गरेको छ। एएनएफरेलका अन्तरराष्ट्रिय पर्यवेक्षकहरुले देशभरका ३०३ मतदान केन्द्रको अवलोकन गरेका थिए। अवलोकन गरिएका अधिकांश केन्द्रमा मतदान प्रक्रिया सहज र व्यवस्थित ढङ्गले सञ्चालन भएको एएनएफरेलले उल्लेख गरेको छ। वक्तव्यमा निर्वाचन आयोग, मतदान अधिकृत, सुरक्षाकर्मी तथा स्वयंसेवकहरुले निर्वाचन व्यवस्थापनमा खेलेको भूमिकाको प्रशंसा गरिएको छ। मतदान केन्द्रहरुमा सुरक्षाकर्मीको उल्लेख्य उपस्थिति रहेकाले समग्र वातावरण स्थिर र शान्तिपूर्ण रहेको पनि एएनएफरेलले जनाएको छ।

**जो बिजयी भए :** हिजो शनिबार यो टिप्पणी तयारगर्दा मतपरिणाम आउनेक्रम तीब्र थियो। त्यसक्रममा रुकुम पूर्वबाट नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रतिनिधिसभा सदस्यमा विजयी हुनुभएको छ। उहाँले कसैले पनि संख्याको अहंकार राख्नु नहुने बताउनु भएको छ। गत बिहीबार सम्पन्न निर्वाचनको मतगणनामा उहाँले १० हजार २४० मत प्राप्तगरी विजयी हुनुभएको हो। सो निर्वाचन क्षेत्रमा खसेको १९ हजार १८८ मत गणनागर्दा संयोजक दाहालले आफ्ना निकटतम प्रतिद्वन्दीलाई ६ हजार ७७८ मतले पछि पार्नुभउको थियो। निकटतम प्रतिद्वन्दी नेकपा (एमाले)का उम्मेदवार लीलामणि गौतमले ३ हजार ४६२ मत र नेपाली कांग्रेसकी उम्मेदवार कुसुमदेवी थापाले ३ हजार ८१ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत शिवप्रसाद खनालले जानकारी दिनुभएको छ। रुकुम पूर्वमा ३४ हजार ७७२ मतदाता रहेकामा १९ हजार १८८ मत खसेको थियो। संयोजक एवं रुकुम पूर्वबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित दाहालले आफूले नयाँ र पुराना दलहरुको संरक्षक भएर कामगर्ने बताउनुभएको छ। प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि मतदाता धन्यवाद र्‍यालीलाई रुकुमकोटमा सम्बोधनगर्दै उहाँले सबै मिलेर देशलाई आगाडि बढाउनुपर्नेमा जोड दिनुभएको थियो। एमाले र कांग्रेसलाई आफूले दुई तिहाइको अहंकार नगर्नूस् है गल्ती हुन्छभनेर बारम्बार संसद्मा बोलिहरेको बताउँदै संयोजक दाहालले इतिहासका आधारमा म सबैका लागि गुरु हुनसक्छु भन्नुभएको थियो। उहाँले तपाईंहरुकोजस्तै लहर मैले ०६४ मै देखिसकेको छु, त्यसैले अनुभवका आधारमा सबैसँग मिलेर कामगर्न तयार छु भन्नुभएको थियो। रुकुम पूर्वले भारीमतले यो निर्वाचनमा जिताएर ठूलो भारी बोकाएको बताउँदै संयोजक दाहालले देशकै ठूलो जिम्मेवारी काँधमा आएको महसुस गरेको बताउनुभएको थियो। पूर्वप्रधानमन्त्रीहरुमध्येमा अहिले आफूमात्र विजयी हुने विचित्रको स्थिति आएको बताउँदै उहाँले इतिहासलाई बोकेर हिँड्नुपर्ने बताउनुभएको थियो। त्यसैगरी कालीकोटमा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार महेन्द्रबहादुर शाही विजयी हुनुभएको छ। प्रतिनिधिसभा सदस्य पदका लागि गत बिहीबार सम्पन्न निर्वाचनको परिणाम अनुसार शाहीले ११ हजार ३३८ मत प्राप्तगरी विजयी हुनुभएको हो। उहाँका निकटतम् प्रतिस्पर्धी नेकपा (एमाले)का नगेन्द्र शाहीले १० हजार ३५२ मत प्राप्त गर्नुभएको थियो। नेपाली कांग्रेसका हर्षबहादुर बमले सात हजार ९३३ मत प्राप्त गर्नुभएको थियो। नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का खड्गबहादुर विश्वकर्माले चार हजार ५९९ मत, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश न्यौपानेले दुई हजार १३७ र नेपाल मजदुर किसान पार्टीका नन्दबहादुर शाहीले ५९७ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालय कालीकोटले जनाएको छ। त्यसैगरी प्रतिनिधिसभा सदस्य निर्वाचनमा म्याग्दीबाट स्वतन्त्र उम्मेदवार महावीर पुन भारी मतकासाथ विजयी हुनुभएको छ। एउटा मात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा स्वतन्त्र उम्मेद्वार पुनले नेकपा एमालेका उम्मेद्वार हरिकृष्ण श्रेष्ठले भन्दा तीन गुणा बढी मत प्राप्त गरि विजयी हुनुभएको हो। स्वतन्त्र उम्मेद्वार पुनले २२ हजार ८५० मत प्राप्तगरि विजयीहुँदा उहाँका प्रतिद्वन्दी हरिकृष्ण श्रेष्ठले ७ हजार ११९ मत प्राप्त गर्नुभएको थियो। त्यसैगरी नेपाली कांग्रेसका कर्णबहादुर भण्डारीले ६ हजार ६८४ मत पाउनु भएको छ। नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापाले ३ हजार ५२९ मत प्राप्त गर्नुभयो।



एउटा मात्र निर्वाचन छेत्र रहेको म्याग्दीमा ८६ हजार३९७ मतदाता रहेकोमा ४६ हजार २१५ मत खसेको थियो। त्यसैगरी चितवन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने विजयी हुनुभएको छ। उहाँ यसअघिका भन्दा धेरै मत लिएर वियजी हुनुभएको हो। हिजो शनिबार प्राप्त मत रिणाममा उहाँले ५४ हजार ४०२ मत प्राप्त गर्नुभएको छ। सो क्षेत्रमा जम्मा मत ८७ हजार ०२८ मत गणना भएको थियो। लामिछानेका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसकी मिना खरेलले १४ हजार ५६४ मत प्राप्त गर्नुभयो। लामिछाने र खरेलबीचको मतान्तर ३९ हजार ८३८ छ। चितवन-२ मा नेकपा एमालेका उम्मेदवार अस्मिन घिमिरेले ६ हजार ९९२, नेकपाका प्रताप गुरुङले ४ हजार ९६९ मत प्राप्त गर्नुभएको छ। त्यसैगरी भक्तपुर क्षेत्रनम्बर १ मा नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल पराजित हुनुभएको छ। त्यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीका रुकेश रन्जितले जित हाशिल गर्नुभएको छ। उहाँले ३३ हजार ४३६ मत प्राप्तगर्नुभएको छ। प्रेम सुवालले २८ हजार १४७ मत प्राप्त गर्नुभएको छ। सो क्षेत्रमा ४८ सालदेखि नै नेमकिपाले जित्दैआएको थियो। त्यसैगरी तेह्रथुममा नेपाली कांग्रेसका सन्तोष सुब्बा निर्वाचित हुनुभएको छ। उहाँ ११ हजार ५६१ मत ल्याएर निर्वाचित हुनुभएको हो। उहाँले एमालेका सचिव भानुभक्त ढकाललाई पराजित गर्नुभयो। उहाँले १० हजार ६८२ मत प्राप्त गर्नुभयो। ढकाल ९३३ अन्तरले पराजित हुनुभएको हो। रास्वपाका सुरेन्द्र कार्की तेश्रो हुनुभएको छ। उहाँले सात हजार ७३७ मत प्राप्त गर्नुभएको छ। श्रम संस्कृतिका सुबेन्द्रकुमार लिम्बूले पाँच हजार २०० मत पाउनु भएको छ। त्यसैगरी स्याङ्जा क्षेत्र नम्बर १ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका धनञ्जय रेग्मी विजयी हुनुभएको छ। मतगणनाअनुसार २९ हजार ७१ मत प्राप्तगर्दै रेग्मी विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका भरतराज ढकालले १८ हजार ८५७ मत पाउनु भएको छ। नेकपा एमालेका मीनबहादुर गुरुङले १६ हजार ८०४ र नेपाली कम्युनिष्टपार्टीका शैलेन्द्र घिमिरेले १ हजार ५५२ मत ल्याउनु भएको छ। त्यसैगरी कास्की निर्वाचन क्षेत्रनम्बर दुईमा राष्ट्रिय स्वतन्त्र पार्टीका उत्तमप्रसाद पौडेल विजयी हुनुभएको छ। एमालेको विरासत भत्काउँदै पौडेलले ३१ हजार ९११ मत प्राप्त गरेर विजयी हुनुभएको हो। निकटतम प्रतिस्पर्धी नेकपा एमालेका रश्मी आचार्यले ७ हजार ४ सय ९३ मत पाए। यसैगरी नेपाली कांग्रेसका माधव प्रसाद बास्तोलाले ६ हजार ५०० मत पाउनु भयो। त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका खगेन्द्र सुनार बाँके-३ बाट विजयी हुनु भएको छ। २९,५५१ मत **बाँकी ८ पेजमा**

# साम्राज्यवादका विरुद्ध इरानी जनताको महान प्रतिरोधात्मक युद्ध

मोहनबिक्रम सिंह



साम्राज्यवादका विरुद्ध इरानी जनताको महान प्रतिरोधात्मक युद्ध यतिबेला चर्चाको शिखरमा रहेको छ। अमेरिकी साम्राज्यवाद र त्यसको पिछलग्गु फासिष्ट इजरायली सरकारले इरानमाथि जुन हमला गरेका छन् र इरानका सर्वोच्च नेता खामेनीसहित ठूलो संख्यामा त्यहाँका उच्चाधिकारीहरु समेतको हत्या गरेका छन्। त्यसको ने.क.पा. (मसाल) ले तीब्र शब्दमा भर्त्सना गरिसकेको छ र विश्वव्यापीरुपमा नै त्यो हत्या काण्डको विरोध भइरहेको छ। यसको लागि हामीले इरानी जनताको अभिनन्दन गर्दछौँकि त्यति ठूलो हमला वा हत्याकाण्डका बावजुत उनीहरु पछाडि हटेका छैनन् र उनीहरुले मध्य-एशियास्थित अमेरिकी सैन्य अखडाहरु तथा इजरायलमाथि ठूलो पैमानामा प्रतिरोध वा हमला गरिरहेका छन्। उनीहरुको त्यो कारवाहीले इरानी जनताको महानतालाई बताउँछ र त्यसको लागि विश्वभरका सम्पूर्ण जनताबाट उनीहत्रकस्रु अभिनन्दनका लागि योग्य छन्, त्यसैले, हामीले पनि उनीहरुको अभिनन्दन गर्दछौँ। बाह्य र प्रकटरुपमा अमेरिकी साम्राज्यवाद धेरैनै शक्तिशाली भएजस्तो देखिन्छ। तर, वास्तवमा आफ्ना त्यस प्रकारका फासिष्ट र आतंकवादी कारवाहीहरुका लागि त्यो विश्वभरमा नै धेरै बदनाम भएर गएको छ। विश्वव्यापीरुपमा त्यसको विरोध बढ्दैगइरहेको छ। खाली साम्राज्यवादद्वारा पीडित राष्ट्र वा जनतासित मात्र होइन, साम्राज्यवादी क्याम्पका युरोप वा अमेरिकाका राष्ट्रहरुसित पनि त्यस्को अन्तरविरोध बढेरगएको छ। त्यसको रुस, चीन र उत्तर कोरियासितको अन्तरविरोध ता पहिलेदेखि नै तीब्र थियो, अब त्यसको नाटोसितको अन्तरविरोध पनि बढ्दैगइरहेको छ।

ग्रीनल्याण्डमाथि कब्जागर्ने, क्यानडालाई युएसएको ५१ औँ राज्य बनाउने र पनामा नहरमाथि कब्जा जमाउने नीतिका कारणले त्यसको अमेरिकाका कैयौँ देशहरुसित अन्तरविरोध बढेर गएको छ। क्युवासित पहिलेदेखि नै त्यसको अन्तरविरोध थियो। अब त्यसले भेनेजुयलाका राष्ट्रपति मदुरोलाई अपहरण गरेको कारणले सम्पूर्ण दक्षिण अमेरिकासितको त्यसको अन्तरविरोध तीब्र भएर गएको छ। भारत पहिलेदेखि नै त्यसको मित्र देश थियो। अब त्यससितको पनि अमेरिकाको सम्बन्ध एक वा अर्को प्रकारले बिग्रदै गइरहेको छ। मध्य-एशियाका देशहरुसितको त्यसको सम्बन्ध पनि बिग्रदै गइरहेको छ। अहिलेको इरान र अमेरिका बिचको युद्धको परिणामस्वरुप मध्य-एशियामा अमेरिकाको स्थिति अरु कमजोर हुनेछ। स्वयं अमेरिकाका जनताको ट्रम्पप्रतिको विरोध बढ्दैगइरहेको छ। ती बिभिन्न प्रकारका अन्तरविरोधहरुका कारणले ट्रम्प राष्ट्रपति बनेपछि अमेरिकाको स्थिति झन् पछि झन् कमजोरहुँदै गइरहेको छ। त्यस सन्दर्भमा यो प्रश्न पनि नउठाइकन रहन सकिन्न। त्यस प्रकारको व्यक्तिलाई अमेरिकी जनताले कसरी राष्ट्रपतिमा निर्वाचित गरे ? त्यसबाट अमेरिकाको लोकतन्त्रको जग कति धेरै कमजोरहुँदै गइरहेको छ वा, अर्को शब्दमा, त्यो कति धेरै दिवालीयाहुँदै गइरहेको छ ? त्यो कुरा दिनको उज्यालोझै छर्लङ्ग छ।

ट्रम्पले विश्वव्यापीरुपमा चलाएको ट्यारिफको नीति तथा त्यसले अपनाएको आप्रवाशी नीतिका कारणले पनि विश्वव्यापीरुपमा नै अमेरिकाको राजनीति मात्र होइन, आर्थिक स्थिति पनि धेरै खलबलिन पुगेको छ। अहिले विश्व पूँजीवादभित्रको आर्थिक संकट बढ्दैगएको छ र स्वयं अमेरिकाको आर्थिक स्थिति पनि धेरै कमजोरहुँदै गइरहेको छ। ट्रम्पले अमेरिका प्रथमको नारा दिएर त्यसलाई विश्वको सबैभन्दा शक्तिशाली राष्ट्र बनाउने घोषणा गरेका छन्, तर व्यवहारमा त्यसको स्थिति झन् पछि झन् कमजोरहुँदै गइरहेको छ। वास्तवमा त्यस्तो खाली ट्रम्पको कारणलेमात्र भएको होइन, उनको नेतृत्वमा अहिले अमेरिकाको स्थिति जसरी कमजोरहुँदै गइरहेको छ, त्यो वास्तवमा पूँजीवादको प्रतिगामी र पतनोन्मुख चरित्रको स्वभाविक वा अनिवार्य परिणाम हो। ट्रम्पको नेतृत्वमा त्यो प्रक्रिया अर्थात पूँजीवादको पतनोन्मुख प्रक्रिया, अरु तीब्रभएर गएको छ। त्यसको परिणामस्वरुप अमेरिका अरु शक्तिशाली बन्ने होइन, झन् कमजोरहुँदै जानेछ। त्यसरी, बाह्यरुपमा अमेरिका जति शक्तिशाली देखिए पनि आन्तरिक रुपमा त्यो तीब्रगतिले कमजोर हुँदैगइरहेको छ। उनले अहिले विश्व स्तरमा नै साम्राज्यवादलाई जसरी पतनोन्मुख दिशामा अगाडि बढाउदै लगिरहेका छन्, त्यसले विश्व पूँजीवादलाई नै सांघातिक अवस्थामा पुऱ्याइरहेको छ। अहिले इरानी जनताले जुन युद्ध गरिरहेका छन्, त्यो खाली इरानको मात्र युद्ध होइन र त्यो युद्ध विश्वभरका जनताको साम्राज्यवाद र युद्धका विरुद्धको तथा विश्व शान्तिको रक्षाका लागि भइरहेको युद्ध अंग हो। त्यसैले, त्यो युद्धको विश्वव्यापी महत्व छ। अहिले त्यो युद्धले जुनरुपमा विकासगर्दै गइरहेको छ, त्यसको परिणामस्वरुप त्यत्रो विश्वयुद्ध वा आणविक युद्ध नै शुरुहुने खतरा पनि अत्यन्त गम्भीर छ। त्यसो भएमा त्यसबाट सम्पूर्ण मानवजातिलाई नै ठूलो क्षति पुग्नेछ। त्यस प्रकारको स्थिति उत्पन्न हुन नदिनका लागि साम्राज्यवादलाई पराजित गर्नुपर्दछ। त्यसरी नै युद्धलाई अन्त्यगर्नु, विश्व शान्तिको रक्षागर्नु र त्यसरी सम्पूर्ण मानवजातिको रक्षागर्नु सम्भव हुनेछ। अहिले इरानी जनताले जुन युद्ध गरिरहेका छन्, त्यो साम्राज्यवाद विरुद्धको अन्तराष्ट्रिय युद्धको महत्वपूर्ण कंडी हो। अन्त्यमा त्यो युद्धमा इरानी जनताको विजय हुने र अमेरिका तथा इजरायल समेतको हार हुने कुरा निश्चित छ। त्यो युद्धमा इरानी जनताको विजय संसारका साम्राज्यवाद विरोधी र शान्तिप्रेमी सम्पूर्ण जनताको नै विजय हुनेछ। अमेरिकी साम्राज्यवादले आफ्ना साम्राज्यवादी उद्देश्यहरु पूरागर्न वा विश्वमा आफ्नो प्रभुत्व कायमगर्न नेपाललाई आफ्नो युद्धभूमि बनाउन खोजिरहेको छ। त्यसकारण अमेरिकी साम्राज्यवादका विरुद्ध सम्झौताहीन संघर्ष गर्नु नेपाली जनताको पनि जिम्मेवारी हुनजान्छ। तर यो कम गम्भीर कुरा होइनकि जस्तोकि भारतको मोदी सरकारले इरानमा भएको खामेनीको हत्याको विरुद्ध एक शब्द पनि बोलेको छैन, त्यही प्रकारले नेपालको सरकारले पनि त्यो हत्याकाण्डका विरुद्ध कुनै आवाज उठाएको छैन।

इरानका सर्वोच्च नेता खामेनीको हत्याका विरुद्ध र साम्राज्यवादका विरुद्धको इरानी जनताको महान प्रतिरोधात्मक युद्धको समर्थनमा हामीले सरकारको त्यस प्रकारको साम्राज्यवादपरस्त नीतिको भर्त्सनागर्दै सम्पूर्ण न्याय र शान्तिप्रेमि नेपाली जनतासित इरानी जनताको अमेरिकी साम्राज्यवादका विरुद्धको महान प्रतिरोधात्मक युद्धलाई दृढतापूर्वक समर्थनगर्न अपिल गर्दछौँ। खाडी देशहरुमा लाखौँ नेपालीहरुले काम गर्दछन्। त्यसकारण उनीहरुको रक्षाको प्रश्न पनि अत्यन्त गम्भीर प्रश्न भएको छ। त्यसकारण, उनीहरु रक्षाका लागि प्रभावशाली कदम उठाउनको लागि पनि हामीले नेपाल सरकारसित अपिल गर्दछौँ। यस सन्दर्भमा यो पनि उल्लेखनीय छ कि नेपालका बिभिन्न वामपन्थी वा प्रजातान्त्रिक शक्तिहरुले इरानमा भएको हत्या काण्ड वा इरानी जनताको साम्राज्यवादको युद्धप्रति मौन वा तटस्थ रहेर एक वा अर्को प्रकारले भारतको मोदी सरकार वा नेपालको अन्तरिम सरकारको नीतिलाई नै अनुशरण गरेको पाइन्छ। जहाँसम्म ने.क.पा. (मसाल) को प्रश्न छ, त्यसले शुरुदेखि नै त्यसप्रति स्पष्ट र दृढ नीति अपनाउदैँ आएको छ। अमेरिकाले इरानमा गरेको त्यो भीषण हत्याकाण्डका विरुद्ध कुनै आवाज नउठाउनुको अर्थको प्रकारान्तरले वा सार रुपमा अमेरिकी साम्राज्यवादको समर्थनगर्नु नै हुनेछ र त्यसको परिणाम नेपालका लागि पनि अत्यन्त घातक हुनेछ। त्यसैले हामीले सबै वामपन्थी र प्रजातान्त्रिक शक्ति वा न्यायप्रेमी जनतासित अमेरिकी साम्राज्यवादका विरुद्ध इरानी जनताको महान प्रतिरोधात्मक युद्धलाई समर्थनगर्न अगाडि आउन अनुराध गर्दछौँ। अमेरिका र इजरायलको इरानमाथिको हमलाबाट उत्पन्न स्थितिबाट फाइदा उठाएर त्यहाँका प्रतिगामी शक्तिहरुले राजतन्त्रको पुनर्स्थापनाका लागि पनि प्रयत्न गर्न थालेका छन्। तर हामीलाई विश्वास छ, इरानका जनताले त्यस प्रकारका प्रयत्नलाई पनि निश्चित रुपले असफल बनाइदिनेछन्। अहिले इरानी जनताले अमेरिकी साम्राज्य वादका विरुद्ध जुन युद्ध गरिरहेका छन्, त्यसको अर्को एउटा गम्भीर र महत्वपूर्ण पक्षप्रति पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ। त्यो के होभने, अमेरिकाको समर्थनमा नै लाखौँ प्यालेष्टाइनी जनतालाई आफ्नो मातृभूमिबाट हटाएर त्यहाँ इजरायली सरकारको गठन गरिएको थियो। त्यसरी इजरायल सरकारको स्थापना पछाडिको अमेरिकाको उद्देश्य खाडीका देशहरुमा आफ्नो प्रभुत्व कायमगर्नु नै हो। त्यो कार्यका विरुद्ध प्यालेष्टाइनी जनताले साढे सात दशकदेखि संघर्षगर्दै आइरहेका छन्।

प्यालेष्टाइनी जनताको त्यो गौरवपूर्ण र न्यायपूर्ण संघर्षलाई विश्वव्यापी रुपमा समर्थन प्राप्त भएको छ। तर अमेरिकी साम्राज्यवाद र त्यसको पिछलग्गु इजरायल सरकारले प्यालेष्टाइनी जनतालाई उनीहरुको न्यायपूर्ण अधिकारबाट वञ्चितगर्न र उनीहरुलाई पूरै बिनाशगर्न पूरा शक्ति लगाइरहेका छन्। इरान प्यालेष्टाइनी जनताको त्यो मुक्ति आन्दोलनको प्रवल समर्थक हो। त्यसैले पनि प्यालेष्टाइनी जनताको आन्दोलनलाई कमजोर पार्न पनि अमेरिका र इजरायलले इरानमाथि आक्रमण गर्ने गरेका छन्। त्यसै गरेर मदुरोलाई अपहरण गरेर भेनेजुयलाको पेट्रोलको विशाल राशीमाथि कब्जा गर्न खोजे जस्तै अमेरिकाले इरानको तेलमाथि पनि पूरै कब्जा जमाउन चाहन्छ। इजरायलको सरकारको फासिष्ट शासनलाई कायम राख्न पनि अमेरिका र इजरायल मिलेर इरानमाथि आक्रमण र त्यसका सर्वोच्च नेता खामेनी समेतको हत्या गरेका थिए। त्यो बर्बर हत्याकाण्डको विरोधगर्दै अब इरानले इजरायलमाथि पनि कडा आक्रमण गरिरहेको छ। हामीले आशा र विश्वास गर्दछौँ, अन्त्यमा अमेरिकी साम्राज्यवाद र फासिष्ट इजरायल सरकारले पनि प्यालेष्टाइनी जनताको न्यायपूर्ण आन्दोलनलाई दबाउन सक्ने छैनन् र अन्त्यमा उनीहरुको मुक्ति आन्दोलन सफल हुनेछ। इरानमाथिको अमेरिकाको आक्रमण र खुमेनीको हत्यापछि संसारमा एक प्रकारको ध्रुवीकरणजस्तै भएको छ। विश्वको ठूलो जनमतले अमेरिकाको इरानमाथिको आक्रमण र खामेनीको हत्याको विरोध गरेको छभने, अर्कोतिर, संसारमा **बाँकी ७ पेजमा**

# तीन किसान संगठनद्वारा युद्ध रोक्न माग

काठमाडौं। नेकपा लगायतका बिभिन्न कम्युनिष्ट पार्टी सम्बद्ध तीनवटा किसान संगठनले संयुक्त बक्तब्य जारीगर्दै इरानमाथि लादिएको युद्ध रोक्न मागगरेका छन्। अखिल नेपाल किसान महासंघ (अफ्फा) का अध्यक्ष भैरवराज रेग्मी, क्रान्तिकारी किसान महासंघका अध्यक्ष सीताराम तामाङ र अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष रामदुलार महतोले जारी गर्नुभएको बक्तब्यमा उपरोक्त माग गरिएको हो। उहाँहरुले बक्तब्यमा भन्नुभएको छ- विश्व र यसका श्रोतसाधनमाथि प्रभुत्व जमाउन एक वा अर्को किसिमले निरन्तर लागिरहेको अमेरिकी साम्राज्यवाद र यसको सहयोगी जातिवादी इजरायलले इरानमाथि जबर्जस्ती लादेको युद्ध र इरानका राष्ट्रप्रमुख खोमेनीलगायत उच्च इरानी अधिकारीको क्रुर हत्यागरेकोमा हामी त्यसको घोर निन्दा र भर्त्सना गर्दछौँ र साम्राज्यवादी युद्धको प्रतिकार गर्दा देहावसान भएका सर्वोच्च नेताका साथै सबैप्रति गहिरो दुःख र समवेदना प्रकट गर्दछौँ। यो साम्राज्यवादी युद्धप्रकरणले अन्ततः तेश्रो विश्वयुद्ध निम्त्याउने भयावह खतराको दिशामा विश्वलाई धकेलेको छ र यतिखेर मध्यपूर्व यो युद्धको लपेटामा नराम्रोसँग परेको छ।

यसले विश्व अर्थतन्त्र, आपूर्ति श्रृंखला र रोजगारीलाई अत्यन्तै गम्भीर संकटमा पारेको छ र विश्वमा यसको पीडादायक असर लामो समयसम्म रहने खतरा उत्तिकै बढेको छ। अतः विकसित भएको यस भयावह स्थितिमा हामी नेपाली किसानका प्रतिनिधि संस्थाको रुपमा संघर्षगर्दै आएका बिभिन्न किसान संगठन अखिल नेपाल प्रगतिशील किसान संघ, अखिल नेपाल क्रान्तिकारी किसान महासंघ, अखिल नेपाल क्रान्तिकारी किसान महासंघ (अफ्फा) संयुक्त राष्ट्र संघको बडापत्र, विश्वमान्य अन्तर्राष्ट्रिय कानून तथा राष्ट्र समुदायको सार्वभौमिकताको सिद्धान्तलाई ठाडै कुल्चिँदै साम्राज्यवादी अमेरिका र जातिवादी मुस्लिम विरोधी इजरायलले शुरुगरेको मध्यपूर्वको विध्वंशकारी युद्ध तुरुन्त विनाशर्त रोकियोस् र राजनीतिक संवाद तथा कूटनीतिक पहलद्वारा समस्याको समाधान खोजियोस् जोडदार माग गर्दछौँ। यो युद्धको लपेटामा परेका नेपालबाट रोजगारीको निमित्त मध्यपूर्वका बिभिन्न देशमा कार्यरत नेपाली मजदुरलगायत सम्पूर्ण श्रमजीवी जनताको जिउधनको सुरक्षा तथा जीवनको सुनिश्चितताको प्रत्याभूति गरियोस् र उनीहरुलाई सुरक्षित स्वदेश फिर्तागर्ने उचित र प्रभावकारी प्रबन्ध तुरुन्तै मिलाइयोस् भन्ने विशेष माग गर्दछौँ। बक्तब्यमा खतरनाक र अत्यन्तै घातक हतियार प्रयोग गरिँदै गरेको प्रलयकारी युद्धको चपेटामा परेर नेपालबाट खाडीराष्ट्रमा रोजगारीको **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## मध्यपूर्वको तनाव तनाव थप चर्कियो, बिश्वभर बढ्दै गएको हलचलको अवस्था

कर्तव्य

मध्यपूर्वमा गतसाताबाट जारी युद्ध थप चर्किंदै गएपछि बिश्वभर हलचल बढेको छ। अन्तराष्ट्रिय समाचार एजेन्सीका समाचार बिवरणहरुअनुसार इरान र इजरायलबीच नयाँ क्षेप्यास्त्र प्रहार, लेबनानमा हवाई आक्रमण, खाडी क्षेत्रमा समुद्री सुरक्षा संकट र विश्व शक्तिहरुबीच कूटनीतिक टकरावका घटनाले क्षेत्रीय तनाव अझ बढेको संकेत दिएका छन्। इरानको राजधानी तेहरानमा थुप्रै बिष्फोटको आवाज सुनिएको इरानी समाचार एजेन्सी तस्निमले जनाएको छ। बिष्फोटपछि देशको सुरक्षा संयन्त्र सक्रिय गरिएको इरानले जनाएको छ। इरान युद्धमा थप आक्रमणको आदेश दिनबाट अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई रोक्नेगरी गतसाता ल्याइएको संकल्प प्रस्ताव अमेरिकी सिनेटले अस्वीकृत गरेपछि तनाव झन बढेको हो। माथिल्लो सदन सिनेटमा युद्ध रोक्नुपर्ने संकल्प प्रस्तावका पक्षमा ४७ र विपक्षमा ५३ मत परेको थियो। डेमोक्रेटिक पार्टीका सिनेटरहरुले ल्याएको यस प्रस्तावमा केन्टुच्कीका रिपब्लिकन सिनेटर रान्ड पाउलले पनि समर्थन गरेपनि अन्य रिपब्लिकनहरुले साथ दिएनन्। पेन्सिलभेनियाका डेमोक्रेटिक जोन फिटरम्यानभने ट्रम्पको पक्षमा खडा भएको देखिएको थियो। कंग्रेसबाट स्वीकृति नलिइ आक्रमणको आदेश दिएकोभन्दै ट्रम्पविरुद्ध डेमोक्रेटिक सांसद्हरुले संकल्प प्रस्ताव ल्याएका थिए। ट्रम्पलाई भेनेजुएला, इरान र ल्याटिन अमेरिकामा ड्रग्स तस्करीविरुद्ध डुंगामाथि आक्रमणगर्ने प्रयासमा रोक लगाउने तयारी डेमोक्रेटिक पार्टीले गरेको थियो। तर, असफल भयो। रिपब्लिकन पार्टीका अधिकांश सिनेटर इरानमा आक्रमणगर्ने ट्रम्पको निर्णयको पक्षमा देखिएपछि समस्या थप चर्किएको हो। रिपब्लिकन सिनेटर टोड योङले हामी अहिले युद्धमा छौं। यस यथार्थलाई बिर्सन मिल्दैन। तर हामीले सुनुवाईगर्ने, अपरेशनका विषयमा एकता सिर्जनागर्नका लागि सबैका प्रश्नहरुलाई लिने बताउनुभएको छ। केही दिनअघिमात्रै शुरुभएको युद्धबाट अमेरिकी सेनालाई फर्काउने आदेशदिदाँ




गलत सन्देश जाने उहाँले बताउनु भएको छ। यसैबीच इरानले इजरायलतर्फ नयाँ चरणको क्षेप्यास्त्र आक्रमण गरेको इजरायली सेना र तेहरानको राज्य सञ्चारमाध्यमले जनाएका छन्। उक्त आक्रमणपछि तेल अभिवसहित धेरै क्षेत्रमा हवाई हमलाको चेतावनी दिइएको थियो। एएफपीका पत्रकारहरुकाअनुसार जेरुसेलममा पनि चेतावनी साइरन बजेसँगै बिष्फोटको आवाज सुनिएको थियो। तर इजरायलको आपतकालीन सेवाले तत्काल कुनै हताहत नभएको जनाएको छ। इजरायलले लेबनानमा पनि आक्रमण जारी राखेको छ। बासिन्दालाई चेतावनी दिएपछि गत बिहीबार बिहान दक्षिण बेरुतस्थित हिजबुल्लाहको गढ मानिने क्षेत्रमा हवाई आक्रमण गरिएको थियो। लेबनानको स्वास्थ्य मन्त्रालयकाअनुसार बेरुत विमानस्थल जाने राजमार्गमा भएका दुई अलग इजरायली आक्रमणमा तीनजनाको मृत्युभएको छ। खाडी क्षेत्रमा पनि तनाव देखिएको छ। कुवेत नजिकको समुद्री क्षेत्रमा भएको ठूलो बिष्फोट भएपछि एउटा तेल ट्यांकरमा क्षतिपुगेको र तेल



फैलिएको बेलायती समुद्री सुरक्षा एजेन्सी युकेएमटीओले जनाएको छ। एजेन्सीका अनुसार लंगरमा रहेको ट्यांकरका कप्तानले बन्दरगाह नजिक ठूलो बिष्फोट देखेको र त्यसपछि एउटा सानो जहाज त्यहाँबाट निस्किएको बताएका छन्। इरानसँगको तनाव बढेपछि कतारले पनि सावधानी अपनाएको छ। कतारको आन्तरिक मन्त्रालयले इरानी आक्रमणको सम्भावनालाई ध्यानमाराख्दै अमेरिकी दूतावास नजिक बसोबासगर्ने दोहाका बासिन्दाहरुलाई सुरक्षित स्थानतर्फ सार्न थालिएको जनाएको छ। टर्कीले पनि आफ्नो हवाई क्षेत्रमा प्रवेशगर्न लागेको इरानी ब्यालेस्टिक क्षेप्यास्त्रलाई नाटोको हवाई रक्षा प्रणालीमार्फत नष्ट गरिएको जनाएको छ। उक्त क्षेप्यास्त्र इरानबाट प्रक्षेपण भई इराक र सिरियाहुँदै टर्कीको हवाई क्षेत्रतर्फ गइरहेको बताइएको छ। रक्षा मन्त्रालयले लक्ष्य स्पष्टनगरे पनि विदेश मन्त्रालयले इरानका राजदूतलाई बोलाएर स्पष्टीकरण मागेको छ। एकजना टर्की अधिकारीकाअनुसार क्षेप्यास्त्र ग्रीक साइप्रसको एउटा सैन्य आधारतर्फ लक्षित गरिएको भएपनि मार्ग परिवर्तन भएको थियो। युद्धको सन्दर्भमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध मोर्चामा अमेरिकी प्रदर्शनको प्रशंसा गर्नुभएको **बाँकी ७ पेजमा**

# अन्तर्राष्ट्रिय ११६औं श्रमिक महिला दिवसका सन्दर्भमा

**लोकनारायण सुवेदी**



बिश्वमा चलिरहेका शोषण र अन्यायका बिरूध्द खाशगरी असमानतामा आधारित श्रमजीबी महिलाहरूका मुद्दामा केन्द्रित गर्दै अन्तर्राष्ट्रिय महिला दिवस मनाउने ऐतिहासिक महत्वको निर्णय १९१० मा कोपनहेगेनमा आयोजित समाजवादी महिलाहरुको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा लिइएको थियो। सन् १९११ मा अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा लाखौं लाख महिलाहरुले सडकमा प्रदर्शन गरेका थिए। यो क्रममा अगाडि बढ्दै गएर छ बर्षपछि १९१७ मा पुग्दा रूसी महिलाहरूले पहिलो विश्व-युद्धका बिरूद्ध लड्दै जाने क्रममा ८ मार्चका दिनलाई अन्तर्राष्ट्रिय महिला दिवसको रुपमा स्वीकार गरे र त्यसै अनुरुप विश्वभरि नै यो दिवस मनाउन थालियो। पछि १९७५ मा आइपुगे पछि त संयुक्त राष्ट्र संघले समेत संघर्षकारी यो महिला दिवसलाई मान्यता दिएर महिला दशक र अन्तर्राष्ट्रिय पहिला बर्ष समेत मनाएको थियो।

यो श्रमिक महिला दिवस मनाउनुको बिशेष अर्को एउटा कारण पनि छ। १९१७ मा रुसी महिलाहरुले युद्धको बिरोध गर्दै र रोटी र शान्तिको माग गर्दै ४ दिनसम्म ठूलो हडताल गरेका थिए। त्यसपछि नै रुसका निरंकुश शासक जारले सत्ता छोड्नु परेको थियो। त्यसपछि बनेको रूसको अस्थाई सरकारले महिलाहरुलाई पनि मतदानको अधिकार दिएको थियो। त्यो सफल हडताल रुसी पात्रो अनुसार २३ फेब्रुअरी र अग्रजी पात्रो अनुसार ८ मार्चमा परेको थियो। त्यसैले प्रत्येक बर्ष ८ मार्चमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन थालिएको हो। अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको मूल ध्येय महिलाहरुको कामकाजको शोषणकारी स्थितिका विरुद्ध महिला मजदुरहरुको संघर्ष र आफ्ना हकहितका माग गर्ने संघर्षमा निहीत छ र यही संघर्ष आजसम्म जारी रहेको छ। यस अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको महत्व आजभन्दा पाँच बर्ष अघि किन पनि बढेको थियो भने २०२१ को ५ मार्चका दिन महान् महिला मार्क्सवादी सिद्धान्तकार रोजा लक्जम्बर्गको १५०औं जन्मजयन्ती पनि परेको थियो। रोजा लक्जम्बर्ग तथा क्लारा जेट्किनहरु समाज तथा महिलामाथिको शोषणबाट तिनलाई मुक्त गर्ने विश्व महिला संघर्षका महान अग्रदूत मानिन्छन्। रोजा लक्जम्बर्गले चलाएको संघर्षकै बलमा त्यतिबेला महिलाहरुले केही अधिकार जितेका र प्राप्त गरेका थिए र उनीहरुको कामकाजको स्थितिमा केही सुधार पनि आएको थियो। तर समाजको पितृसत्तात्मक सोच, महिलाको कामको मूल्यांकन नगर्ने प्रवृत्ति, ज्याला तथा अवसरमा असमानता लगायतका अनेक भेदभावहरु हिजोदेखि आजसम्म पनि विश्वभरि नै जबर्जस्तरुपमा कायम रहेका छन्। आज विश्वभरिका महिलाहरु मजदुर र शोषित पीडित तप्काका जनताको जीवनले नव उदारवादी नामको साम्राज्यबादी हमलाको ठूलो बोझ समेत सकिनसकी झेलिरहेका छन्। भारतकी एक प्रसिद्ध महिला अर्थशास्त्री जयाती घोषका अनुसार महिलाहरुलाई तिनको कामको मूल्य कम गरेर आँकिन्छ र कम पैसा त दिइन्छ नै, त्यसका साथै 'महिलाहरुलाई प्राप्त हुने रोजगारीमा आएको कमीले वास्तवमा ज्याला प्राप्त हुने कामबाट ज्याल प्राप्त नहुने कामतर्फको सिफ्ट या परिवर्तनलाई दर्शाउँदछ'। यहाँ घरेलु कामलाई 'काम' नै मानिँदैन। यस्ता काम नमानिने काममा 'खाना बनाउने, घाँस, दाउरा गर्ने, पानी-पँधेरो गर्ने, ढिकी जाँतो चलाउने, सिलाइ-बुनाइ गर्ने, बुढापाका र बाल बालिकाहरुलाई औषधीमूलो गर्ने आदिजस्ता अनेक काम पारिवारिक 'काम नमानिएका काम' भित्रपर्दछन्। यसै गरेर 'अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एण्ड डेभलपमेण्ट' ('ओइसीडी') ले पनि महिलाहरुको काम र स्थितिको सम्बन्धमा प्रकाशित एक प्रतिवेदनमा भनेको छ कि यस्ता बिना पैसाको काममा महिलाहरुले दिनको ६ घण्टा समय जति दिन्छन्, जबकि पुरुषहरुले केवल दिनको ५२ मिनेट जति मात्र पैसा नपाउने काममा समय दिन्छन्।

यस स्थितिमा अनुसन्धाताहरुले के पनि निष्कशै निकालेका छन् भने यदि महिलाहरुका यस्ता घरेलु र असंगठित क्षेत्रका बिना पैसाका कामलाई जोड्ने हो भने कतिपय देशमा यस्ता काममा संलग्न पुरुषहरुको ७९.८ प्रतिशतभन्दा बढी महिलाहरुको काम नमानिने कामको प्रतिशत ८६.२ प्रतिशत भन्दा बढी पुग्दछ। यहाँ अर्को उल्लेखनीय कुरा के छ भने यो कामको मूल्य नदिइने कुराले केवल महिलाहरुलाई मात्र प्रभाव पार्दैन। यसले त परिवार बाहिर समाजमा गरिने महिलाको कामको पनि मूल्य पनि घटाइदिन्छ। फलतः महिलाहरुको पाउने ज्याला पनि कम दिने गरिन्छ। खास गरेर कम विकसित र पिछडिएका कृषिप्रधान देशहरुमा कृषक महिलाहरु यसरी यो ज्याला नपाउने काममा लगाइएका र सित्तैमा काम गर्न बढी दलिएका हुन्छन्। चाहे त्यो घरभित्रको काम होस् या घर बाहिरको काम। यसरी बिना पैसा गरिने काममा अविकसित र पछिपरेका देशमा मात्र होइन विकसित देशहरुमा पनि महिलाहरुले पुरुषको तुलनामा धेरै गुणा बढी समय लगाउने गरेको पाइन्छ। आज पनि कतिसम्म भने नर्वेजस्तो लैङ्गिक समानता सबैभन्दा बढी भएको मानिएको देशमा पनि यो 'जेण्डर ग्याप'मा २०२० को मूल्याङ्कनमा दोस्रो नम्बरमा परेको छ। त्यहाँ पनि पैसा नपाउने घरेलु कार्यका लागि पुरुषकोभन्दा दोब्बर समय महिलाहरुले खर्च गर्ने गरेको तथ्यांक प्रकाशित छ। यसरी नै विकसित जापानजस्तो देशमा पनि पुरुषको तुलनामा चार गुणा बढी समय महिलाहरुले दिनु पर्दछ। यी बिकसित देशका एक-दुईवटा उदाहरण मात्र हुन्। वास्तवमा महिलाहरुको कामको मूल्य नहुने र यसलाई महिलाको काम भनेर बेवास्ता गरिने प्रवृत्ति धेरथोररुपमा प्रायः सर्वत्र नै छ। यस कुराको जड ऐतिहासिक श्रम विभाजन तथा निजी सम्पत्ति र त्यसको उत्तराधिकारको विकासका साथ पितृसत्ताको विकासमा निहित रहेको छ। त्यसैले आज पनि विश्वभरि महिलाहरु आफूले गर्ने गरेको कामलाई कामकारुपमा मान्यता दिलाउन, यस्तो कामको मूल्य कम आँक्ने प्रवृत्तिका विरुद्ध, समानताका लागि तथा समान कामको समान बेतनका साथै एउटा नागरिककारुपमा समाजमा समान हकअधिकार र सम्मान स्थापनाका लागि लडिरहेका छन्।

विशेषगरी महिला मजदुर संगठित क्षेत्रको मजदुरकारुपमा मान्यता पाउन, त्यो कामको लागि समान बेतन पाउन, मातृत्वको सुविधा, लालनपालन गृहको सुविधा, सबै किसिमका लैङ्गिक उत्पीडनबाट मुक्ति, सुरक्षित कार्यस्थल र समाजमा प्रतिष्ठित हैसियत र गरिमा पाउनका लागि संघर्षरत रहेका छन्। उनीहरु श्रम संहिताकारुपमा मजुदर वर्गमाथि शासक वर्गबाट भइरहेका हमलाका विरुद्ध, संगठित हुन पाउने र सामूहिक सौदाबाजी गर्न पाउने अधिकारजस्ता ठूलो मूल्य चुकाएर प्राप्त गरेका अधिकारहरुमाथि भइरहेका अतिक्रमण र हमलाका विरुद्ध चलिरहेका आन्दोलनहरुमा पनि सहभागी भइरहेका छन्। समग्रमा आज विश्वभरी नै बित्तीय साम्राज्यबादी नवउदारवादी शोषणकारी नीतिलाई परास्त गर्न तथा अमानवीय र उत्पीडनकारी पितृसत्तालाई पालितपोषित गर्ने व्यवस्थाका विरुद्ध संघर्षशील रहेर नै श्रमजीवी महिलाहरुको चौतर्फी मुक्तिको ढोका खोलिन्छ भन्ने कुरा आजका संघर्षशील महिला अभियन्ता र अग्रगामी महिला संगठनहरुले बुझ्नु-बुझाउनु पर्ने आवश्यकता **बाँकी ७ पेजमा**

## निर्वाचनको..

ल्याउँदै उहाँ प्रतिनिधि सभा सदस्यमा विजयी भएका हुन्। उनका निकटतम् प्रतिद्वन्दी नेपाल कम्युनिष्ट पार्टी ( एमाले) का सुमन मल्लले १९,६१५ मत प्राप्त गर्नुभएको छ। त्यसैगरी कांग्रेसका अमर सिह पुनले १३,२१५ मत ल्याउँदै तेश्रो हुनुभएको छ। प्रतिनिधिसभा सदस्यको निर्वाचनअन्तर्गत गोरखा-१ को मतपेटिका हिजो शनिबार मात्र संकलन हुने भनिएको थियो। सबै मतपेटिका संकलन नहुँदा मतगणना शुरुहुन नसकेको जिल्ला निर्वाचन कार्यालयले जनाएको थियो। विशेषगरी उत्तरी गोरखाको चुमनुव्री गाउँपालिकाकामतदान केन्द्रबाट मतपेटिका आउन बाँकी रहेको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमले बताउनुभएको थियो। जिल्लाको चुमनुव्रीमा कुल २३ वटा मतदान केन्द्र छन्। ती केन्द्रका मतपेटिका गत शुक्रबार नेपाली सेनाको हेलिकप्टरमार्फत ढुवानी थालिएको थियो। तर खराव मौसमका कारण सबै केन्द्रको मतपेटिका ढुवानी हुन नसकेको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमले जानकारी दिनुभएको थियो। उहाँले हालसम्म दुई टिप गरेर नौवटा केन्द्रको मतपेटिका आयो, १४ वटाको अझै बाँकी छ भन्नुभएको थियो। नाम्रुङ, प्रोक र सिर्दिवासका मतदान केन्द्रबाट मतपेटिका संकलन हुन बाँकी रहेको उहाँको भनाइ छ। तल्लो भेगका मतपेटिकाभने शुक्रबारराति नै ढुवानी भइसकेको भनिएको थियो। गोरखा क्षेत्र नं २ माभने मतगणना शुरुभइसकेको मुख्य निर्वाचन अधिकृत गौतमले जानकारी दिनुभएको थियो।

**मध्यावधीको चर्चा :** गत साता बिहीबार चुनाव नसकिँदै फेरी मध्यवधीको चर्चा हुनथालेको छभने दलहरु गठबन्धनको चक्करमा लागेको देखिएको छ। यसैक्रममा एमालेका पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेले वर्तमान निर्वाचन प्रणालीका कारण मुलुकमा कुनैपनि दलको स्पष्ट बहुमत आउन कठीन रहेकाले फेरी मध्यावधीमा जानुपर्ने अवस्था आउनसक्ने बताउनुभएको छ। पूर्वी चितवनको राप्ती नगरपालिका-५ को मतदान केन्द्रबाट मतदान गरेपछि स्थानीय समाचारदाताहरुलाई प्रक्रियादिँदै उहाँले उपरोक्त कुरा बताउनु भएको थियो। उहाँले निर्वाचनपछि पनि मुलुकले तत्काल स्थायित्व पाउनेमा आशंका व्यक्त गर्नुभएको थियो। उहाँले निर्वाचनलाई गत भदौ २३ र २४ गते भएको जेनजी विद्रोहपछिको देशको नयाँ राष्ट्रिय राजनीतिको लेखाजोखागर्ने कडीका रुपमा समेत चित्रण गर्नुभएको थियो। त्यसैगरी उज्यालो नेपाल पार्टी (उनेपा)का अध्यक्ष कुलमान घिसिङले प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले आगामी दिनमा अझ जिम्मेवार र सक्रिय भएर देश र जनताको सेवामा लाग्न प्रेरणा दिएको बताउनुभएको छ। काठमाडौं क्षेत्रनं तीनबाट पराजित भएपछि सामाजिक सञ्जालमार्फत प्रतिक्रियादिँदै अध्यक्ष घिसिङले विजयी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार राजुनाथ पाण्डेलाई बधाईदिँदै आफूलाई मतदिने मतदाताहरुलाई आभार व्यक्त गर्नुभएको थियो। उहाँले चुनावको परिणाम जेजस्तो भएपनि यस क्षेत्रको समग्र विकास, सुशासन, समृद्धिसहितको उज्यालो नेपाल निर्माणका लागि आगामी दिनमा थप सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दछु। मेरा पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता तथा समर्थकलाई सहयोगका लागि धन्यवाद दिन्छु। सबैको साथ, माया र विश्वासले मलाई आगामी दिनहरुमा अझ जिम्मेवार र सक्रिय भएर देश र जनताको सेवामा लाग्न प्रेरणा दिएको छ भन्नुभएको छ। उहाँले सबै मिलेर उज्यालो, समृद्ध र सुशासित नेपाल निर्माणको यात्रालाई निरन्तर अगाडि बढाउने विश्वास पनि लिनुभएको छ।

**( उपरोक्त तथ्यांक, तस्वीर र बिवरण राससबाट लिइएको हो। )**

## नेपाल..

छन्। उनीहरु सबैजना सुरक्षित रहेका छन्। खाडी क्षेत्रमा झन्डै १९ लाख नेपाली कार्यरत रहेका छन्। सबैभन्दा धेरै संयुक्त अरब इमिरेट्स (यूएई) मा नौलाख, साउदी अरबमा तीनलाख ८४ हजार, कतारमा तीनलाख ६० हजार, कुवेतमा एकलाख ७५ हजार, बहराइनमा ३० हजार र ओमानमा २५ हजार नेपाली कार्यरत छन्। इराकमा २५ हजार, इजरायलमा पाँच हजार, लेबनानमा एक हजार नेपाली रहेका छन्। अमेरिका, इजरायल र इरान बीचको युद्धका कारण संयुक्त अरब इमिरेट्स, इजरायल, इरान, कतार, साउदी अरब, कुवेतलगायतका मध्यपूर्वी देशमा विकसित परिस्थितिले त्यहाँ कार्यरत तथा बसोबास गरिरहनुभएका नेपालीहरु संकटमा परेपछि उनीहरुको सुरक्षाको प्रबन्धगर्न नेपाल सरकारसँग माग भएको छ। तर बर्तमान चुनावी सरकारले उनीहरुका लागि सुरक्षा प्रबन्ध गर्न/गराउन सकिरहेको छैन।

## पाँच स्थानमा महिला

काठमाडौं। प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा हालसम्म पाँच स्थानमा महिला उम्मेदवार विजयी हुनुभएको छ। निर्वाचन आयोगका अनुसार काठमाडौं-१ मा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का रञ्जु न्यौपाने १५ हजार ४५५ मत प्राप्त गरी विजयी हुनुभएको छ। साथै मोरङ-६ मा रास्वपाका रुविना आर्चाय ५५ हजार ५१३ मत, कास्की-३ मा रास्वपाका बिना गुरुङ ३७ हजार ७५० मत र कैलाली-१ रास्वपाका कोमल ज्ञवाली १७ हजार ८२६ मत प्राप्त विजयी हुनुभयो। दैलेख निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार बासना थापाले १२ हजार ३७२ मतप्राप्त गरी विजयी हुनुभएको छ। जारी मतगणनामा रास्वपाकी सोविता गौतम (चितवन-३), डा तोसिमा कार्की ( ललितपुर-३), इन्दिरा रानामगर (झापा-२), निशा डाँगी (झापा-१), नीतिमा भण्डारी (कार्की) (सर्लाही-१), आशिका तामाङ (धादिङ-१), पुष्पाकुमारी चौधरी (सप्तरी -१) र गौरीकुमारी (महोत्तरी-४)मा अग्रस्थानमा हुनुहुन्छ। आयोगका अनुसार हालसम्म ४५ स्थानमा नतिजा सार्वजनिक भइसकेको छ।

## आजको सन्दर्भ

# नेपालको संक्रमणकालीन राजनीति र इन्धनको समस्या

**रुषा थापा**

नेपालमा एकातिर संक्रमणकालीन राजनीतिक अवस्था छभने अर्कातिर फेरी इन्धनको समस्यापर्ने टड्कारो संकेतहरु देखिन थालेका छन्। नेपालमा पेट्रोल र डिजेलबाट सञ्चालित सवारीसाधनको संख्या झण्डै एक करोड छ। दुई वा चार पांग्रे ती सवारीसाधन यातायात कार्यालयहरुमा दर्ता भएका छन्। एउटा गाडीमा डेढ लाखदेखि २४ करोडसम्म लगानी गरिएको छ। निजी, सार्वजनिक र संस्थानका गाडीमा गरिएको लगानी हो यो। जसमा व्यक्ति, सरकार, सम्बन्धित कम्पनी वा बैंक, वित्तिय संस्थाको पूँजी छ। सवारीसाधन विशेषगरी फलाम, प्लाष्टिक, रबर, सिसा, फम, कपडालगायतबाट बन्छ। यी वस्तु दुई रुपैयाँ किलोमा समेत बिक्री हुन्न। कानूनले सवारीसाधनलाई विलासित वस्तु भनेको छ। नेपालमा जतिपनि गाडी सञ्चालित छन्, ती सबै छिमेक भारत र चीनको उत्पादन हो। हामीलाई महँगोमा गाडी बेचेर उनीहरु मोटाएका छन्। यता, सवारीसाधनमा बैंक, वित्तिय संस्थाले ८० प्रतिशतसम्म लगानी गरेको पाइन्छ। पैसा हुनेले ऋण नलिई गाडी किनेका छन् र आफ्नै नाममा दर्ता गराएका छन्। पैसा नपुग्नेले बैंक, वित्तिय संस्थाबाट ऋण लिएर गाडी किनेका छन् र उनीहरुले सम्बन्धित संस्थाकै नाममा दर्ता गराएका छन्। सरकारले ०७८ सालमै पेट्रोल र डिजेलबाट सञ्चालित सवारीसाधन ०८८ सालभित्र देशभरबाट विस्थापितगर्ने निर्णयगरी राजपत्रमा प्रकाशित गरिसकेको छ। इजरायल र इरानबीच युद्ध शुरु भएको छ। जसको प्रभाव समग्र खाडी मुलुकमा समेत देखिएको छ। इरान विश्वमा धेरै तेल निर्यात गर्नेमध्ये एक प्रमुख देश हो। त्यहाँ युद्ध चर्किएसँगै अब तेलको हाहाकार हुने संकेत देखिसकिएको छ। त्यसको प्रभाव नेपालमा पनि पर्नेछ वा पर्नथालिसकेको छ। गतसाताबाटै पेट्रोल पम्पहरुमा सवारीसाधनको लाम देखिन थालेको हो। नेपालमा पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधन करोडौंको संख्यामा छ। विमान पनि इन्धनबाटै चल्छ। हामी कहाँ ग्याँसको धेरै प्रयोग गरिन्छ। यी सबै बाहिरी मुलुकबाट आयातगर्ने गरिएको छ। हामी कहाँ पेट्रोल, डिजेल, ग्याँसको खानी छैन। त्यसैले, सरकारले बिद्युतीय सवारीसाधनलाई जोड दिएको हो। तर, सरकारको निर्णय अटेरगर्दै दलालीको लहैलहैमा लागेर लाखौं, करोडौं हाली सवारीसाधन किन्नेहरु अब चुर्लुम्म हुने पक्का छ। पेट्रोल, डिजेलबिना गाडी चल्दैन। नचलेपछि त्यो गाडीको के काम ? अनि लाखौं-करोडौंको गाडी सित्तैमा दिँदासमेत कसैले लिने छैनन्। सवारीसाधनमा मात्र होइन, घरजग्गा, सेयर र सुनमा पनि यस्तै भएको छ। यी वस्तु विलासित हुन् भनी कानूनले प्रष्ट भनेको छ। तर, दलालको पछि लागेर धेरैले लगानी गरे। आफूले जीवनभर कमाएकोसहित बैंक, वित्तिय संस्थाबाट चर्को ब्याजमा ऋण लिईलिई लगानी गरियो। आज उनीहरु घर न घाटको अवस्थामा पुगेका छन्। किनकि पाँच दशकअघिसम्म रोपनीको दश हजारमा नबिक्ने खेतीयोग्य जमिन आनाकै २५ लाखदेखि १४ करोडसम्ममा किनिएको छ। गाउँ होस् या शहरको जग्गा होस्, दुवै जग्गा नै हो। तर, गाउँको जग्गालाई जग्गै होइन र शहरको मात्र जग्गा हो भन्ने भाष्य सिर्जना गरियो। गाउँको खेतीयोग्य जमिन बाँझो छोडियो।

सस्तोमा बेचियो। तर, पाँच वर्षअघि काठमाडौं उपत्यकासहित देशभरका शहरी इलाकामा आनाकै लाखौं-करोडौं हालेर व्यक्तिहरुले जग्गा किनेको पाइन्छ। त्यो पनि बैंक, वित्तिय संस्थाबाट ऋण लिईलिई। यसरी जग्गा किन्नुको एउटै कारण हो, घर बनाउनु अनि भाडामा लगाउनु। केहीले यसरी कमाएपनि। तर, धेरैजसो डुबेका छन्। घर भाडाले बैंकको साँवाब्याज तिर्न पुगदैनन्। कतिपयको घरै भाडामा गएको छैन। यसले घर भाडाबाटै ऋण तिर्छु भन्नेहरु अहिले फसेका छन्। उनीहरुले आफ्नो घर त गुमाउनुपर्यो नै सँगै तीन पुस्ता कालोसूचीमा परेको छ। यता, सेयर बैंक, वित्तिय संस्था, हाइड्रोपावर, बीमा कम्पनीलगायतले प्रतिकित्ता एक सय रुपैयाँमा निष्काशन गरेका हुन्। दलालीहरुले कृत्रिम मूल्य बढाएर कित्ताकै ३२ सयमा सेयर बेचेका छन्। अहिले सेयर घटेर २५ सयमा झरिसकेको छ। ३२ सयमा सेयर किनेकाहरुले अहिले नै सात सय घाटा खाइसकेका छन्। सेयरको मूल्य अझै घट्ने बजारमा चर्चा छ। अनि एक सयको सेयर एक सयमै झरेमा के होला ? सुन वि.सं. २०२२ सालसम्म प्रतितोला ८० रुपैयाँ थियो। चाँदी त बिक्री नै हुँदैन्थ्यो। तर, यही सुन केही महिनाअघि तोलाकै तीन लाख ८० हजार हालेर मानिसहरुले किने। सुनको मूल्य पनि घट्दो छ। अहिले भाउ बढेपनि सुनको किनबेच ठप्प छ।

सुन व्यापारीहरु सुन किन्न मान्दैनन्। भोलि डुबिन्छ भनेर उनीहरु पन्छिन्। अहिले सुन पसलमा भीड त एकदमै देखिन्छ। तर, त्यो किन्नेको होइन, बेच्नेको भीड हो। बेच्ने ग्राहक धेरै आएपछि धेरैजसो व्यापारी सटर नै बन्द गरेर बसेका छन्। घरजग्गा, गाडी, सेयर र सुनमा लगानी गरेका करोडौं सर्वसाधारण डुब्न थालिसकेका छन्। यसमा सरकार पनि जिम्मेवार छ। सरकारले बेलैमा यी वस्तु विलासित हुन्, दलालीको पछि लागेर लगानी नगर्नु भनी जनतालाई सचेत गराउनुपर्थ्यो। विडम्बना, यहाँ त सरकारमै दलालीहरु बसेका छन्। अनि जनतालाई के रोक्थे। उल्टै उकास्ने काम गरे। घरजग्गा, गाडी, सेयरमा लगानी गर्ने बाटो खुकुलो बनाइदिए। सरकारलाई कर भए पुग्यो, दलालीलाई ठग्न पाए भयो। जनता चाँहि थोरै नाफाको प्रलोभनमा परे। अहिले जनता डुब्दा न सरकार जिम्मेवारी लिन्छ न दलाली। सबै पन्छिएका छन्। सहकारीकै उदाहरण काफी छ। हिजो सहकारी चल्नुञ्जेल सरकारले सहकारीमा रकम राख्न प्रोत्साहन गर्‍यो। जनताले विश्वासमा परेर आफ्नो दुःखको कमाई सहकारीमा राखे। आज उनीहरुको रुवाबासी चलेको छ। सहकारी टाट पल्टिएको छ। सञ्चालक, अध्यक्ष भागेका छन्। सरकार उनीहरुलाई पक्रन्छ न बचत फिर्ता गराउन तात्छ। सरकारकै कारण जनता फसे। खाडी मुलुकमा २० लाख नेपाली छन्। इरान-इजरायल युद्ध शुरु भएसँगै खाडी मुलुकमा रहेका नेपाली जोखिममा परेका छन्। उनीहरुलाई अब फिर्ता कसरी ल्याउने ? फिर्ता ल्याएपछि २० लाखलाई कुन रोजगारीमा जोड्ने ? सरकारसँग केही योजना छैन। यहाँ त सरकार आफैं जनता बेचेर पालिँदै आएको छ। नेपालका लागि खाडी मुलुक नै प्रमुख श्रम गन्तव्य हो। युद्ध शुरु भएसँगै सरकारले एक दर्जन मुलुकमा श्रम स्वीकृति स्थगन गरेको छ। यो श्रम स्वीकृति खुल्न अब युद्ध सकिनुपर्छ। जुन अहिले असम्भव देखिन्छ। **बाँकी ७ पेजमा**

# आगामी आबको बजेटको तयारी र सुधारको अपेक्षा

बिष्णु श्रेष्ठ

## साझा मञ्च

नेपालमा गत साताको प्रतिनिधिसभाको निर्वाचनलगत्तै नयाँ बजेटको तयारीले पनि बिशेष चर्चा पाएको छ। अर्थ मन्त्रालयले आगामी आब को बजेट निर्माणका लागि आवश्यक प्रक्रिया शुरुगरेको छ। बजेट निर्माणका बिभिन्न समयसीमा र निर्धारित कार्यसूची अनुसार राजस्व परामर्श समिति समेत गठन गरिएको छ। सो समितिले सरकारलाई अर्थतन्त्र र आगामी बजेटमा समावेश गर्नुपर्ने विषयमा सुझाव दिने भनिएको छ। अर्थमन्त्री रामेश्वरप्रसाद खनालको सक्रियताका गत माघ २८ गतेको निर्णयबाट अर्थ मन्त्रालयका सचिव (राजस्व)को संयोजकत्वमा राजस्व परामर्श समिति गठनभई समितिले आफ्नो कार्य प्रारम्भ गरेको छ। सो समितिले आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, इकमर्समा लागाइने कर तथा आर्थिक ऐनबमोजिम लगाइने अन्य आन्तरिक करसम्बन्धी नीतिगत र कानूनी सुधारका विषयमा सुझाव दिने अपेक्षा गरिएको छ। समितिले कर तथा गैरका दरहरुको पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली सुधार, समग्र राजस्व प्रशासन र संगठन संरचनामा गरिनुपर्ने सुधारका विषयमा राय दिने बताइन्छ। औद्योगिक प्रवर्द्धन तथा संरक्षण, वाणिज्य, आयात निर्यात तथा वैदेशिक व्यापार, सेवा व्यापार, आपूर्ति व्यवस्थापन तथा लगानी प्रवर्द्धनको लागि गर्नुपर्ने नीतिगत र कानून सुधार, प्रक्रियागत सरलीकरण र कर तथा गैरकर प्रोत्साहनसमेतका विषयमा पनि समितिले आवश्यक सुझाव दिने अपेक्षा गरिएको छ। समितिले भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादनलाई भन्सारका दरमार्फत संरक्षण गर्नुपर्ने देखिएमा सोको विश्लेषण, मूल्यांकन प्रणालीमा सुधार, प्रक्रिया सरलीकरण, व्यापार सहजीकरण, भन्सारसम्बन्धी ऐन नियममा गर्नुपर्ने सुधार, भन्सारसम्बन्धी प्रशासन र संगठन संरचनामा सुधार सीमा व्यवस्थापनका विषयमा राय दिने बताइन्छ। त्यसैगरी राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान, सम्पत्ति शुद्धीकरण अनुसन्धान, बिद्येशी विनिमय नियमन तथा आर्थिक अपराध नियन्त्रणका लागि गर्नुपर्ने कानून एवं संगठनात्मक सुधारका विषयमा आवश्यक राय समितिले दिनेछ। कृषि, कृषि उत्पादन तथा व्यवसायीकरण, बिद्युत तथा ऊर्जा, पर्यटन प्रवर्द्धन तथा नागरिक उड्डयन, र प्राकृतिक श्रोतसाधनको संरक्षण एवं व्यवस्थापन सम्बन्धमा गरिनुपर्ने सुधारकाबारेमा सरकारलाई समितिले सुझाव दिनेछ।

त्यस्तै, बैंक, वित्तीय संस्था, बिमा, पूँजी बजार, सहकारी, आर्थिक नीति तथा घरजग्गा कारोबार देखिएका समस्या एवं समाधानका उपायका विषयमा सुझाव प्रदान गर्नेगरी समितिको कार्यक्षेत्र तोकिएको छ। समितिले सरकारका बिभिन्न निकायबाट उठाइने गैरकर राजस्वको क्षेत्र पहिचान, दर निर्धारण तथा पुनरावलोकनसम्बन्धी विषय र संघ, प्रदेश तथा स्थानीय तहको कर प्रणाली, त्यसमा देखिएका दोहोरोपना, अन्तरसरकारी कर प्रणाली व्यवस्थापनगर्ने विषय, राजस्व बाँडफाँटसम्बन्धी व्यवस्थामा गर्नुपर्ने सुधार र यस क्षेत्रमा भएका समस्या तथा समस्या समाधानका उपायका विषयमा सुझाव प्रदानगर्ने भनिएको छ। समितिको पहिलो बैठकबाट सम्बन्धित निकाय, निजी क्षेत्रका प्रतिनिधिमूलक संघसंस्था, प्राज्ञिक क्षेत्र, सरोकारवाला निकाय संस्था एवं सर्वसाधारणबाट सुझाव आह्वान गरिएको छ। राजस्व परामर्शका लागि गठन भएका उपसमितिहरुले समितिसमक्ष आगामी चैत मसान्तसम्म र समितिले अर्थमन्त्रीसमक्ष ०८३ शैशाख मसान्तभित्र सिफारिससहितको प्रतिवेदन बुझाउने समयसीमा तोकिएको देखिएको छ। त्यसैगरी गतसाता सार्बजनिक एक बिवरणअनुसार आगामी आब ०८३/८४ को बजेटमार्फत अवलम्बन गरिने करका दर तथा राजस्व नीतिमाथि सरकारले सुझाव माग गरेको छ। बजेट तर्जुमा गर्नुअघि राजस्व नीति, कर संरचना, भन्सार दर, राजस्व प्रशासन तथा समष्टिगत आर्थिक सुधारका विषयमा ठोस सुझाव संकलनगर्ने उद्देश्यले गत माघ २८ गतेको मन्त्रिस्तरीय निर्णयबाट गठन भएको राजस्व परामर्श समितिले यस्तो सुझाव माग गरेको पाइन्छ। राजस्व सचिवको संयोजकत्वमा गठित समितिले आगामी चैत ३० गतेभित्र सुझाव दिइसक्न भनेको छ। अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र अर्थ मन्त्रालय अन्तर्गतका बिभिन्न विभाग तथा कार्यालयमार्फत समितिलाई सुझाव दिनसकिने छ। राजस्व परामर्श समितिलाई आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, ई-कमर्समा लाग्ने कर तथा आर्थिक ऐनबमोजिमका अन्य आन्तरिक करसम्बन्धी नीतिगत तथा कानूनी सुधारका विषयमा सुझाव दिन कार्यादेश दिइएको छ। करका दर पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली सुधार तथा राजस्व प्रशासन र संगठन संरचनामा आवश्यक सुधारबारे सिफारिसगर्ने जिम्मेवारी पनि समितिले पाएको छ। यसैगरी औद्योगिक प्रवर्द्धन तथा संरक्षण, आयात-निर्यात, सेवा व्यापार, लगानी प्रवर्धन, आपूर्ति व्यवस्थापन तथा कर तथा गैरकर प्रोत्साहनका विषयमा नीतिगत र कानूनी सुधारका सुझाव पनि समितिले तयारगर्ने छ।

भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादन संरक्षणका उपाय, मूल्यांकन प्रणाली सुधार, व्यापार सहजीकरण, सीमा व्यवस्थापन तथा भन्सार प्रशासन सुधारसम्बन्धी विषय पनि कार्यक्षेत्रभित्र समेटिएका छन्। राजस्व चुहावट नियन्त्रण, चोरी निकाशी-पैठारी नियन्त्रण, बिद्येशी विनिमय नियमन, आर्थिक अपराध नियन्त्रण, सम्पत्ति शुद्धीकरण अनुसन्धान तथा त्यसका लागि आवश्यक कानूनी र संगठनात्मक सुधारका विषयमा समितिले अध्ययनगरी सुझाव दिने छ। कृषि, ऊर्जा, पर्यटन, नागरिक उड्डयन तथा प्राकृतिक श्रोत व्यवस्थापन क्षेत्रका राजस्व तथा नीतिगत सुधारका विषय पनि समावेश गरिएका छन्। बैंक, वित्तीय संस्था, बिमा, रेमिटेन्स, पूँजी बजार, सहकारी र घरजग्गा कारोबारमा देखिएका समस्या र तिनको समाधान, राजस्व परिचालनसँग सम्बन्धित विषयमा पनि समितिले सिफारिसगर्ने छ। गैरकर राजस्वका नयाँ क्षेत्र पहिचान, दर निर्धारण तथा पुनरावलोकन, संघ-प्रदेश-स्थानीय तहबिचको कर दोहोरोपनाको समस्या समाधान, अन्तरसरकारी राजस्व व्यवस्थापन र राजस्व बाँडफाँट सुधारका विषयमा पनि सुझाव दिने कार्यादेश छ। समितिले अन्तराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय अर्थतन्त्रको तुलनात्मक विश्लेषणगर्दै आर्थिक विकाससँग सम्बन्धित विषयमा सुझाव दिने छ। करको दायरा विस्तार, नयाँ कर लागू वा खारेजगर्ने विषयमा अध्ययन/अनुसन्धानगरी सम्बन्धित क्षेत्रका विज्ञ, उद्योगी तथा व्यवसायीसँग छलफल गरेर सिफारिसगर्ने व्यवस्था गरिएको छ। समितिको प्रभावकारी कामका लागि बिभिन्न विषयगत नौ वटा उपसमिति गठन गरिएको पनि अर्थ मन्त्रालयले जनाएको छ। आन्तरिक राजस्व उपसमितिले आयकर, भ्याट, अन्तःशुल्क, डिजिटल करलगायत आन्तरिक करसम्बन्धी सुधारका विषयमा कामगर्ने छ। भन्सार उपसमितिले भन्सार दर, मूल्यांकन प्रणाली, व्यापार सहजीकरण तथा सीमा व्यवस्थापनमा केन्द्रितभई सुझाव तयार पार्ने छ। राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान उपसमितिले चुहावटका प्रवृत्ति विश्लेषण, नियन्त्रणका उपाय तथा बिद्येशी विनिमय र आर्थिक अपराध नियन्त्रणका विषय सम्हाल्ने छ। उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्धन उपसमितिले औद्योगिक संरक्षण, व्यापार नीतिगत सुधार तथा प्रोत्साहनका विषयमा सिफारिस गर्ने छ।

त्यस्तै, कृषि, ऊर्जा तथा पर्यटन क्षेत्र उपसमितिले कृषि व्यवसायीकरण, बिद्युत उत्पादन, पर्यटन प्रवर्द्धन तथा प्राकृतिक श्रोत व्यवस्थापनसम्बन्धी सुधारका विषय अध्ययन गर्नेछ। बैंक, वित्तीय संस्था, बिमा, सहकारी तथा पूँजीबजार उपसमितिले वित्तीय क्षेत्रका समस्या र राजस्व परिचालनबीचको सम्बन्धबारे सुझाव दिने छ। गैरकर तथा अन्तरसरकारी राजस्व व्यवस्थापन उपसमितिले गैरकर राजस्वका श्रोत, दर तथा संघीय संरचनामा देखिएको कर दोहोरोपनाकउसे समाधानबारे कामगर्ने छ। समष्टिगत आर्थिक उपसमितिले आर्थिक परिसूचक, राजस्व सम्भाव्यता र प्रक्षेपण विश्लेषणगर्ने छभने सम्पत्ति शुद्धीकरण निवारण तथा अनुसन्धान उपसमितिले एफएटीएफको ग्रेलिष्टबाट बाहिरिने रणनीतिसहित जोखिम विश्लेषण र सुधारका उपाय सिफारिस गर्ने छ। आगामी आब को बजेटमार्फत अवलम्बन गरिने कर नीतिका सन्दर्भमा सम्बन्धित सरकारी निकाय, निजी **बाँकी ७ पेजमा**

## नेपालमा..

नेपालमा विश्वका साम्राज्यवादी मुलुकहरुको दबदबा बढेकोभन्दै त्यसका बिरुद्ध साम्राज्यवाद बिरोधी मोर्चा बन्नुपर्नेमा जोडदिएको छ। राजमोले हालसम्म पनि राष्ट्रियताको रक्षाका लागि साम्राज्यवादका विरुद्ध सम्पूर्ण साम्राज्यवाद विरोधी शक्तिसँग बृहत् एकतामा जोडदिएको छ। जेनजीको नाममा सरकारले संविधानभन्दा बाहिर गएर सम्झौता गरेकोमा त्यसको विरोध पनि गरिएको छ। तर सो मोर्चाले पनि बिचारमिल्ने अन्य पार्टी र समूहहरुसँग छलफलगर्ने प्रयाससमेत गरिरहेको छैन। पछिल्ला दिनमा चुनावी सरकारमा रहेकाहरुले नै नेपालमा जेनजीका नाममा बिभिन्न समूह जन्मिनेक्रम जारीरहेकाले देशमा सुशासन कायम गराउन कठीन परेको बताउन थालेका थिए। जेनजीका नाममा सुरक्षा निकाय र अन्य आयोजना हरुमा दबाव बढ्दैगएको बताइएको थियो। यसरी सबै क्षेत्र र पक्षमा कुरा एकातिर र काम अर्कातिर भैरहेको देखिएको छ। खासमा यस्तो गतिबिधिले देश र जनताका लागि राम्रो संकेत गरिरहेका छैनन्। देशलाई अनिर्णयको बन्दी बनाएर कुनैपनि राजनीतिक पार्टी र शक्तिको भलो गर्दैन। हरेक प्रमुख राजनीतिक बिवाहरुको यथा समयमै निरुपण गरिएको हुनुपर्दछ। राम्रा कुरा उठाउने तर त्यसअनुसार काम नगर्नेगर्दा जनतामा राजनीतिप्रति नै बितृष्णा बढ्ने संभावना हुन्छ। गतसाता २१ गते संसदको निर्वाचन सम्पन्न भएर अब नयाँ संसद र सरकार गठन हुनेक्रम शुरुभएकाले पूराना कुराहरु संझेर समय खेर फाल्नुको कुनै अर्थ छैन। पहिलो त बाम पार्टीहरुले आफूहरुका बीचमा नयाँ गठबन्धन बनाउने कामगर्नु पर्दछभने दोश्रो देशभक्त शक्तिलाई मिलाएर नयाँ सरकार गठनको प्रयास गर्नुपर्दछ।

## नेपालीको...

रोयटर्सकाअनुसार सो द्वन्दले तेलको आपूर्तिमा समस्या आउने र मूल्य बढ्ने सम्भावना छ। अहिले द्वन्दमा सहभागी इरान प्रमुख तेल उत्पादक हो। यसबाहेक होर्मुजको जलमार्ग इरानसँग जोडिएको छ। होर्मुज जलमार्गको उत्तरी क्षेत्रमा इरान र दक्षिणी क्षेत्रको भागमा ओमानको नियन्त्रण छ। विश्वको समुद्री बाटोहुँदै जाने तेल तथा प्राकृतिक ग्यासमध्ये ठूलो हिस्सा यसै मार्गबाट जान्छ। एक बर्षमामात्रै कच्चा तेलको मूल्य १९ प्रतिशतभन्दा धैरैले बढेको छ। युद्ध भड्किनुअघि गत १५ गते शुक्रबार प्रतिब्यारेल ७३ डलरमा कारोबार भइरहेको कच्चा तेलको मूल्य ८३ प्रतिशतसम्म पुग्नसक्ने अनुमान भइरहेको छ। योजना आयोगका उपाध्यक्ष तथा राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा. प्रकाश कुमार श्रेष्ठले यसअघि युक्रेन र रसियाको द्वन्दको कारण विश्वभर महककंगी बढेजस्तै अहिले तेलको आपूर्तिमा समस्या हुने देखिएमा नेपालमा पनि महककंगी बढ्ने सम्भावना रहने बताउनु भएको छ। अहिलेको द्वन्द लम्बिए डलरको भाउसमेत बढ्ने सक्ने आकलन अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुले गरेका छन्। जापानको येन र स्विस फ्रन्सबाहेक अन्य मुद्रासँगको विनिमय दर थप बलियो हुनसक्ने रोयटर्सले समाचारमा उल्लेख गरेको छ। त्यस्तै, विश्वमा बढेको भू-राजनीतिक द्वन्दकै कारण सुनको मूल्यमा वृद्धि भइरहेको छ। एक बर्षयता मात्रै सुनको भाउ २१ प्रतिशतभन्दा धैरैले बढेको छ। सुनलाई सबैभन्दा सुरक्षित सम्पत्ति मानिने भएकोले पनि यसको भाउ अब थप बढ्न सक्छ। यसबाहेक यो द्वन्दले नेपाललाई प्रत्यक्ष असर गर्न सक्छ। रोजगारीको लागि नेपालीहरुको मुख्य गन्तव्यनै खाडी मुलुक हो। वैदेशिक रोजगारमा गएकामध्ये आधाभन्दा बढी अर्थात ५६.९ प्रतिशत साउदी अरब, दुबई, कतारलगायतका खाडी मुलुकमा जाने गरेको राष्ट्र बैंकको ०७६ को एक रिपोर्टले उल्लेख गरेको छ। सरकारले तनावग्रस्त मध्यपूर्वी देशमा १७ लाख नेपाली नागरिक रहेको खुलाएको छ। अहिले मध्यपूर्वी क्षेत्रका हवाइ उडान बन्द भएका छन्, यसले वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका कतिपय जान नसक्ने भएका छन्, यो अवस्था लम्बिए मुलुकभित्रको आन्तरिक श्रम बजारमा समेत दबाबपर्ने बताउनु भएको छ। वैदेशिक रोजगारीमा असरपर्दा मुलुक भित्रिने रेमिटेन्समा पनि प्रभाव पर्नसक्छ। पूर्व कार्यकारी निर्देशक भट्ट एकातिर तेलको मूल्य बढ्दा बिद्येशी मुद्राको खपत बढ्छ र रेमिटेन्समा समेत गिरावट आएमा हाल मुलुकमा रहेको बिद्येशी मुद्राको सञ्चितिमा प्रभाव पर्नसक्ने बताउनु हुन्छ। केही समयअघि नेपालमा बिद्येशी मुद्रा सञ्चिति उच्चले घट्न थालेसँगै सरकारले बिभिन्न वस्तुको आयातमा प्रतिबन्ध नै लगाउन परेको थियो। हालभने मुलुकमा ३२ खर्ब ४२ अर्ब बराबर बिद्येशी मुद्रा सञ्चिति छ। यसले १८ महिनाभन्दा धैरैको आयात धान्न सक्छ। सात महिनाको आयात धान्ने सञ्चिति भएमा पर्याप्त मानिन्छ। केही समय द्वन्द लम्बिएर अवस्था सामान्य बन्दैजाँदा भने रमिटेन्स बढ्ने सम्भावना रहने पनि योजना आयोगका उपाध्यक्ष श्रेष्ठको भनाई छ। उहाँले ति मुलुकहरु तेलको भण्डारण धैरै भएका मुलुक हुन्, समस्या चाँडै समाधान भए पुनर्निर्माणमा गइहाल्न सक्ने क्षमता यिनीहरुसँग छ, त्यसैले द्वन्दपछि थप रोजगारी बढ्ने सम्भावना हुन्छ र नेपाल भित्रिने रेमिटेन्समा पनि वृद्धि हुनसक्छ भन्नुभएको छ। अहिले मध्यपूर्वमा चलिरहेको द्वन्दले नेपालमा भावी दिनमा बन्ने सरकारलाई रेमिटेन्स दिगो श्रोत नभएको संकेत दिइरहेको र रोजगारी सृजनामा लाग्न सचेत गराउने राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक भट्ट बताउँछन्। यसबाहेक तत्काललाई यो द्वन्दले पर्यटनमा र वेदेशिक ऋण तथा साहयतामा पनि प्रभाव पर्नसक्ने आकलन गरिएको छ। विशेषतः मध्यपूर्वका विमानस्थल नेपाली र बिद्येशीहरुको ट्रान्जिट हुने गरेकोले यहाँको पर्यटनमा केही प्रभाव पर्नसक्ने आंकलन गरिएको हो। त्यस्तै, पछिल्लो समय नेपाल भित्रिने वैदेशिक सहयोग र ऋणमा कमी भइरहेको छ। कोभिडपछि नै अन्तर्राष्ट्रिय दातृनिकायहरुलेबिभिन्न मुलुकमा वैदेशिक सहयोग र ऋण कटौती गरेका छन् अहिलेकोद्वन्दलेनिरन्तरता पाउँदा दातृ निकायहरुले प्रथमिकतामा राखेर सहयोगगर्ने मुलुकहरु फेरिनसक्ने भएकोले यसमा पनि असर पर्न सक्छ। रासस

# समाचार विविध

## मध्यपूर्वको तनावले नेपाली अर्थतन्त्रमा पनि असर गर्ने अवस्था

काठमाडौं। इजरायल-अमेरिका र इरानबीच गत साता भड्किएको तनावले नेपालको समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न थालेको ब्याख्या र बिश्लेषण हुन थालेको छ। यसैक्रममा गतसाता नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को आयोजनामा पश्चिम एशियाको द्वन्द, नेपालको अर्थतन्त्र र आपूर्ति व्यवस्थामा पार्ने प्रभाव विषयक अन्तर्क्रिया भएको थियो। सो कार्यक्रममा अर्थबिद्य तथा व्यवसायीले रोजगारी र आम्दानीमा दीर्घकालीन असर पर्नसक्ने औंल्याउनुभएको थियो। त्यसक्रममा नेपाल राष्ट्रबैंकका कार्यकारी निर्देशक रामशरण खरेलले उक्त द्वन्दका कारण नेपालको अर्थतन्त्रमा फेरि एकपटक चुनौती थपिएको बताउँदै यसले बाह्य मुलुकमा नेपालीको रोजगारीमासमेत असरपर्न सक्ने जोखिम रहेकाले रेमिट्यान्स, औषधि, पेट्रोलियम उत्पादनजस्ता अन्तरराष्ट्रिय वस्तु आपूर्ति, मूल्य वृद्धिमा प्रभावपार्ने भएकाले यसलाई ध्यानमा राखेर काम गर्नुपर्ने सुझाव दिनुभएको थियो। निर्वाचनपछि अर्थतन्त्रले लयसमाउने अपेक्षा गरिएकोमा अन्तराष्ट्रिय द्वन्दले थप चुनौती थपेको बताउनु भएको थियो। उहाँले बैंकिङ प्रणलीमा अत्यधिक तरलता रहेको, बैंक तथा वित्तीय संस्थाको ब्याजदर कम भएको र नयाँ सरकार आएपछि तरलता व्यवस्थापन हुने अपेक्षा गरिए पनि यो द्वन्दले चुनौती थपेको छ भन्नुभएको थियो। नाफिजकी अध्यक्ष मेनुका कार्कीले द्वन्दले पेट्रोलियम पदार्थको मूल्य, खाद्य तथा अन्य उपभोग्य सामग्रीको आपूर्ति व्यवस्थाकासाथै वैदेशिक लगानी, रेमिटचान्स, रोजगारी, जिडिपीमासमेत ठूलो प्रभाव पार्नसक्ने सम्भावना रहेकाले सतर्कता अपनाउन नेपालको सरकार संवेदनशील हुनुपर्ने विचार व्यक्त गर्नुभएको थियो। नेपाल उद्योग वाणिज्य महासंघको पारवहन समितिका सभापति एबं पेट्रोलियम व्यवसायी शिवप्रसाद घिमिरेले द्वन्दका कारण एकातर्फ उत्पादन घटेर जाने, आपूर्ति श्रृंखलामा पनि समस्या पैदागर्ने, अभावको त्रास फैलने जानकारीदिँदै तत्काल पेट्रोलियम पदार्थ अभावको स्थिति सिर्जना नहुने बताउनुभउको थियो। अर्थबिद्य् रविशंकर सैंजुले मध्यपूर्व तथा पश्चिम् एशियामा हाल चर्किएको द्वन्दबाट देशको आर्थिक तथा सामाजिक जीवनमा गहिरो प्रभावपर्ने उल्लेखगर्दै त्यसको विकल्पमा राष्ट्रिय उत्पादन वृद्धिगरी आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि वातावरण बनाउनुपर्नेमा जोड दिनुभएको थियो।

## विकास बैंकहरुमा निष्क्रिय कर्जा बढ्दो

काठमाडौं। विकास बैंकहरुमा निष्क्रिय कर्जा बढ्दै गएको थाहा भएको छ। प्राप्त समाचारहरुअनुसार पाँच खर्ब ३६ अर्ब रुपैयाँको हाराहारीमा कर्जा प्रवाहहुँदा झण्डै ३१ अर्ब रुपैयाँ कर्जा निष्क्रिय रहनुले पनि विकास बैंकहरु निष्क्रिय कर्जा व्यवस्थापनमा कमजोर देखिएका हुन्। नेपाल राष्ट्रबैंकका अनुसार चालु आर्थिक बर्षको पुस मसान्तसम्ममा विकास बैंकहरुले कूल पाँच खर्ब ३६ अर्ब ९५ करोड ४० लाख रुपैयाँ कर्जा प्रवाह गरेका छन्। प्रवाह भएको उक्त कर्जामध्ये ५.७५ प्रतिशत अर्थात् ३० अर्ब ८७ करोड ४८ लाख ५५ हजार रुपैयाँबराबरको कर्जा निष्क्रिय कर्जा छ। विकास बैंकहरुमा रहेको यो निष्क्रिय कर्जा गत आबको सोही अवधिको तुलनामा ४ अर्ब ४१ करोड ४२ लाख रुपैयाँले बढी हो। गत आबको सोही अवधिमा विकास बैंकहरुले कूल पाँच खर्ब १७ अर्ब ७४ करोड २० लाख रुपैयाँ कर्जा प्रवाहगर्दा ५.११ प्रतिशत अर्थात् २६ अर्ब ४५ करोड ६६ लाख रुपैयाँबराबरको कर्जा निष्क्रिय थियो। अपरिष्कृत वित्तीय विवरणअनुसार चालु आबको पुस मसान्तसम्ममा कामना सेवा, मितेरी, सांग्रिला र लुम्बिनी विकास बैंकमा क्रमशः ४.१०, ०.४४, ६.८७ र ७.७८ प्रतिशत कर्जा निष्क्रियचक्र देखिएको छ। गत आबको सोही अवधिमा यी बैंकहरुमा यस्तो कर्जाको अनुपात क्रमशः ४.३५, १.७४, ४.९९ र ४.६८ प्रतिशत कर्जा निष्क्रिय देखिएको थियो। सिन्धु, मुक्तिनाथ र ग्रीन डेभलपमेन्ट बैंकमा पनि पछिल्लो अवधिमा क्रमशः ६.३९, ३.७५ र ४.२० प्रतिशत कर्जा निष्क्रिय देखिएको छ। गत आबको सोही अवधिमा यी बैंकहरुमा क्रमशः ९.०६, ३.९८ र ४.८८ प्रतिशत कर्जा निष्क्रिय देखिएका थिए। गरिमा, महालक्ष्मी र कर्पोरेट डेभलपेन्ट बैंकमा पनि चालु आबको पछिल्लो अवधिमा क्रमशः ४.७८, ६.१० र ९.७९ प्रतिशत कर्जा निष्क्रिय छ। गत आबको सोही अवधिमा यी बैंकहरुमा क्रमशः ४.७२, ४.९३ र ७.५३ प्रतिशत कर्जा निष्क्रिय थियो। शाइन रेसुंगा, ज्योति, सप्तकोशी र सालपा विकास बैंकमा पनि पछिल्लो अवधिमा क्रमशः ४.७५, ७.८२, ८.२९ र ४.९२ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ। गत आबको सोही अवधिमा यी बैंकहरुमा क्रमशः ४.४०, ४.९८, ११.४२ र ५.७१ प्रतिशत कर्जा निष्क्रिय देखिएको थियो। नारायणी डेभलपमेन्ट बैंकमाभने पछिल्लो अवधिमा विकास बैंकहरुमध्येमा सबैभन्दा बढी अर्थात् ५७.४८ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ। गत आबको सोही अवधिमा पनि यस बैंकमा ४३.६९ प्रतिशत कर्जा निष्क्रिय देखिएको थियो। अर्थतन्त्रको सुस्तता, आन्दोलनलगायतको असर वाणिज्यमात्र नभई विकास बैंकहरुलाई पनि परेको बताइन्छ। लामो समयदेखि आर्थिक गतिविधि सुस्त भएकाले बैंकहरुले प्रवाह गरेको कर्जा असुलीमा सुस्तता आएको जानकारहरुको भनाई छ। जसलेगर्दा उनीहरुको निष्क्रिय कर्जा उच्च भएको हो। केही बर्षयता आर्थिक सुस्तताका कारण समस्या भोगिरहेका बैंकहरुको वित्तीय अवस्था भदौ २३ र २४ को बिध्वंश र त्यसपछिको हिंसाका कारण थप नकारात्मक बैंकरहरुको भनाई छ। पूरानो कर्जा असुलीमा सुधार हुन नसकेका कारण निष्क्रिय कर्जा अनुपात बढिरहेको पाइएको छ।

## इन्धन आपूर्तिमा समस्या आउन सक्ने

काठमाडौं। मध्यपूर्वको तनावले अन्तर्राष्ट्रिय ऊर्जा बजारलाई अस्थिर बनाएको छ। गतसाता संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि संयुक्त सैन्य आक्रमण गरेपछि क्षेत्रीय अवस्था झन् चर्किएको हो। इरानले पनि प्रत्याक्रमण थालेपछि यो द्वन्दले विश्व इन्धन आपूर्ति र मूल्यमा गम्भीर असर पार्ने संकेत देखिएको छ। द्वन्द शुरु भएसँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य करिब १३ प्रतिशतले उकालो लागेको छ। खाडी क्षेत्रको सबैभन्दा व्यस्त तेल मार्ग स्ट्रेट अफ हर्मुजमा अवरोध हुनसक्ने चिन्ताले बजार अस्थिर बनेको हो। इरान विश्वका प्रमुख तेल उत्पादक देशमध्ये एक हो, जसले चीन, भारतलगायत देशमा ठूलो परिमाणमा तेल निर्यात गर्दै आएको छ। यसैबीच, कतारमा ग्यास उत्पादन प्रभावित भएपछि युरोपेली ग्यास बजार पनि हल्लिएको छ। डच टिटिएफ प्राकृतिक ग्यास सम्झौताअनुसार ग्यासको मूल्य करिब ४५ प्रतिशतले बढेको छ। **बाँकी ७ पेजमा**

## साम्राज्यवादका...

अमेरिका र इजरायलको त्यो गतिविधिको समर्थन गर्ने तत्वहरुको पनि कमी छैन । यो स्पष्ट छ कि नेपालमा पनि त्यस प्रकारको ध्रुवीकरण भइरहेको छ । अमेरिकापरस्त तत्वहरुले या त अमेरिका र इजरायलको त्यस प्रकारको गतिविधिको खुलेरै समर्थन गरेका छन् वा त्यसबारे एक वा अर्को प्रकारले मौन वा तटस्थ बस्ने नीति अपनाएका छन् । अमेरिकाले जसरी अन्तर्राष्ट्रिय कानून समेतको उल्लंघन गरेर खुला र फासिष्ट प्रकारले विश्वव्यापी रुपमा नै एक प्रकारले जंगली राज चलाउने प्रयत्न गरिरहेको छ, ढिलो छिटो त्यसले नेपालमा पनि त्यस प्रकारको नीति अपनाउने सम्भावनालाई अस्वीकारगर्न सकिन्न । एकातिर, चीनसितको त्यसको बढ्दो विरोध र अर्कातिर, तिब्बतमाथि आक्रमणगर्ने र दलाइ लामालाई त्यहाँ पुनर्स्थापनागर्ने त्यसको रणनीतिका कारणले नेपाल पनि अमेरिकाको त्यस प्रकारको नीतिको शिकार हुनसक्ने सम्भानालाई पूरै अस्वीकारगर्न सकिन्न । त्यो अवस्थामा अमेरिकाले विश्वका अन्य देशहरुमा अपनाउँदै गइरहेको जंगली प्रकारको कार्यविधि मात्र होइन, नेपालमा पनि त्यसले अपनाउने साम्राज्यवादी नीतिप्रति सम्पूर्ण नेपाली जनताको ध्यान जानुपर्ने आवश्यकता छ । त्यो क्रममा जुन तत्वहरुले अमेरिकी साम्राज्यवादको खुला वा छद्म प्रकारले सेवा गरिरहेका छन्, उनीहरुप्रतिको भण्डाफोर बढाएर जनताको चेतना उठाउनुपर्ने आवश्यकताप्रति पनि हाम्रो गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ । किनभने अन्त्यमा जनताको चेतनाले नै सबै कुराको फैसला गर्दछ । **लेखक : नेकपा (मसाल) का महामन्त्रि हुनुहुन्छ ।**

## तीन..

निमित्त पुगेका २० लाखभन्दा बढी किसानका छोराछोरी, श्रमिक आज जीवनकै खतरामा पर्न थालेका छन् । त्यसमाथि उनीहरुको रोजगारी गुम्ने, चालु परियोजना स्थगित हुने, अतिरिक्त काम रोकिने, युद्धकालीन विपत्तिमा परेर सुरक्षित स्थानान्तरण पनि चुनौतीमा पर्ने गम्भीर खतरा आइपरेको छ । यसर्थ यी सबै जोखिमबाट नेपाली श्रमिकलगायत सबै श्रमिकको जीवनको रक्षा र सुरक्षित अवतरण गर्न/गराउन सबन्धित मित्रराष्ट्रलगायत हामी सम्बद्ध सबैको गम्भीर ध्यानाकर्षण गराउने उल्लेख छ ।

## मध्यपूर्बको...

छ । टेक उद्योगका प्रमुखहरुको भेलामा बोल्दै उहाँले अमेरिकी कारवाहीलाई अत्यन्त सफलभन्दै युद्धको मूल्यांकन '१० को मापनमा १५' जस्तो रहेको टिप्पणी गर्नुभएको थियो । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले पनि वाशिंटन र तेल अभिवले संयुक्तरुपमा युद्धमा 'ऐतिहासिक लाभ' हाशिल गरेको दाबीगरेको छ । अमेरिकी आन्तरिक राजनीतिमा भने यस युद्धलाई लिएर मतभेद देखिएको छ । अमेरिकी सिनेटले इरानमाथिको सैन्य कारवाही रोक्ने उद्देश्यले ल्याइएको द्विदलीय प्रस्ताव अस्वीकार गरेको छ । सिनेटमा रिपब्लिकनहरुको ५३-४७ बहुमत रहेको र प्रस्ताव त्यही मतान्तरले असफल भएको हो । उक्त प्रस्तावले कंग्रेसको स्पष्ट स्वीकृतिबिना शुरुगरिएको सैन्य अभियान रोक्ने प्रयास गरेको थियो । युद्धमा अन्तर्राष्ट्रिय प्रतिक्रिया पनि फरक-फरक देखिएको छ । क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले आफ्नो देशले बढ्दो द्वन्दमा भूमिका निर्वाह गर्नुपर्ने सम्भावना नकार्न नसकिने बताउनुभएको छ । क्यानबेरामा अष्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिजसँग भेटकाक्रममा उहाँले क्यानाडा आफ्ना सहयोगीहरुसँग उभिने बताउनुभएको थियो । यता स्पेनलेभने अमेरिकाले आफ्नो सैन्य आधार प्रयोग गरेकोभन्ने दाबी अस्वीकार गरेको छ । अमेरिकी व्यापारिक प्रतिशोधको धम्कीपछि ह्वाइट हाउसले स्पेन सहयोगगर्न तयार भएको जनाएको थियो । तर स्पेनका विदेशमन्त्री जोस म्यानुएल अल्बारेसले इरानमाथिको बमबारीका लागि आफ्नो देशको नीति परिवर्तन नभएको स्पष्ट गर्नुभएको थियो । चीनलेभने कूटनीतिक पहल अघिबढाउने संकेत दिएको छ । विदेशमन्त्री वाङ यीले मध्यपूर्वमा तनाव कमगर्न विशेष दूत पठाइने बताउनुभएको छ । बेइजिङ इरानको घनिष्ठ साझेदार मानिन्छ र उसले इरानको सार्वभौमिकताको समर्थनगर्दै अमेरिका र इजरायललाई सैन्य आक्रमण रोक्न आग्रहगर्दै आएको छ । यसैबीच कतारले पनि इरानप्रति असन्तुष्टि व्यक्त गरेको छ । कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीले इरानका विदेशमन्त्रीसँग फोनमा कुरागर्दै तेहरानले आफ्ना छिमेकीहरुलाई युद्धमा तान्ने प्रयास गरेको आरोप लगाउनुभएको छ । समुद्री व्यापारमा पनि युद्धको प्रभाव देखिन थालेको छ । डेनमार्कको ठूलो शिपिङ कम्पनी मार्सक र जर्मनीको हपाग-लोयडले जोखिम मूल्यांकनपछि अर्को सूचना नआउन्जेल खाडी क्षेत्रतर्फका बुकिङ स्थगित गरेका छन् । यसअघि चीनको कोस्कोले पनि यस्तै निर्णय लिएको थियो । इरानले होर्मुज जलडमरुमध्य प्रयोग नगर्न जहाजहरुलाई चेतावनी दिएपछि विश्व बजारमा तेलको मूल्य बढेको छ । होर्मुज जलडमरुमध्य विश्वको सबैभन्दा व्यस्त समुद्री मार्गमध्ये एक मानिन्छ । ओमानको नौसेनाले पनि स्ट्रेट अफ होर्मुज क्षेत्रमा मिसाइल प्रहार भएको कन्टेनर जहाजका २४ जना चालक दलका सदस्यलाई उद्धार गरेको जनाएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले ट्यांकरहरुलाई अमेरिकी नौसेनाले एस्कर्टगर्न तयार रहेको बताएको एक दिनपछि इरानी सेनाले जलडमरुमध्यमा आफ्नो पूर्ण नियन्त्रण रहेको दाबी गरेको थियो । युद्धको असर टाढा दक्षिण एशियासम्म पनि पुगेको छ । श्रीलंकाली नौसेनाका एक अधिकारीका अनुसार श्रीलंकाको तट नजिक एक अमेरिकी पनडुब्बीले इरानी युद्धपोतलाई टारपीडो प्रहारगरी डुबाएपछि समुद्रबाट ८७ वटा जनाको शव बरामद गरिएको छ । उहाँका अनुसार उद्धार टोलीले हालसम्म ती शवहरु संकलन गरिसकेको जनाएको छ । त्यसैगरी अष्ट्रेलियाले आफ्ना नागरिकको निष्कासनको आकसस्मिक योजनाकारुपमा मध्य पूर्वमा दुइवटा सैन्य विमान तैनाथगरी नागरिक उद्धारमा तल्लिन रहेको अधिकारीहरुलाई उद्धृतगर्दै एएफपीले जनाएको छ । अमेरिका-इजरायली आक्रमणपछि इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको मृत्युभई क्षेत्रीय युद्ध भड्किएपछि गत हप्ता बिभिन्न देशहरुले मध्यपूर्वबाट आफ्ना नागरिकहरुको सुरक्षित निस्कासनमा हतार गरिरहेका छन् । अष्ट्रेलियाले आफ्ना नागरिकहरुको सुरक्षित निस्कासनको योजनाको अनुरुपमा मध्य पूर्वमा विमान तैनाथ तथा यातायात सुविदा प्रवाह गरेको अधिकारीहरुलाइ उद्धृतगर्दै एएफपीले जनाएको छ । अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजलेसमेत गतसाता बिहीबार संसदमा मध्यपूर्वमा सैन्य विमान तैनाथ गरिएको पुष्टि गर्नुभएको थियो । उहाँले अष्ट्रेलियालीहरुलाई मद्दतगर्न खतरनाक अवस्थामा यो कदम उठाउने ।अष्ट्रेलियालीहरुलाई धन्यवाद दिनुभएको छ । यसअघि गत बुधवार पहिलो उडान दुबईबाट सिडनीमा भएको जनाउदै अष्ट्रेलियाले यस क्षेत्रमा एकलाख १५ हजार नागरिक रहेको जनाएको छ । न्युजिल्यान्डले पनि त्यस क्षेत्रबाट आफ्ना नागरिकहरुको सुरक्षित निस्कासनको लागि मध्यपूर्वमा दुईवटा सैन्य विमान तैनाथीको आदेश दिएको छ । हालसम्म अमेरिका इरान युद्धको अन्त्यका लागि कुनै पहल हुनसकेको छैनभने उक्त युद्धका कारण बिश्वका बिभिन्न मुलुकहरु दुई खेमामा बिभाजित भएका छन् ।

## इन्धन...

खाडी क्षेत्रमा आपूर्ति अवरुद्ध हुने डरले ऊर्जा बजारमा थप दबाब परेको देखिएको छ । तर नेपाल आयल निगमले इण्डियन आयल कर्पोरेसन (आईओसी)मार्फत प्रशोधित पेट्रोलियम पदार्थ ल्याइने भएकाले नेपालमा इन्धनको समस्या नआउने जनाएको छ । भारतले आफ्नो ठूलो तेल आवश्यकताका लागि मध्यपूर्वमै भर पर्नुपर्ने भएकाले त्यहाँको संकटले भारतहुँदै नेपालमा असर पर्नसक्ने अनुमान पनि गरिएको छ । निगमका प्रवक्ता मनोज ठाकुरले भने पाइपलाइनमार्फत २४ घण्टै नियमित आपूर्ति भइरहेको छ र उपभोक्ता आत्तिनुपर्ने अवस्था छैन भन्नुभएको छ । उहाँको भनाईमा बजारमा देखिएको लाइन मनोवैज्ञानिक त्रासमात्रै हो भन्ने रहेको छ । निगमका कार्यकारी निर्देशक डा.चण्डिकाप्रसाद भट्टले पनि आधिकारिक सूचना नबुझी हल्लाको पछि नलाग्न आग्रह गर्नुभएको छ । उहाँकाअनुसार नेपालले आवश्यक इन्धन माग अग्रिमरुपमा भारत पठाइसकेको हुन्छ र सोही आधारमा आपूर्ति भइरहेकाले तत्काल मूल्य र आपूर्तिमा समस्या पर्दैन भन्ने रहेको । व्यापार विज्ञ रविशंकर सैंजुकाअनुसार भारतले १५/१५ दिनमा मूल्य पठाउने व्यवस्था रहेकाले हालको अवधिसम्म मूल्य स्थिरनै रहनेछ । तर, अन्तर्राष्ट्रिय बजारमा मूल्य उच्च रहे आगामी चक्रमा वृद्धि हुनसक्ने उहाँले पनि संकेत गर्नुभएको छ । आयल निगमका अनुसार नेपालको वार्षिक खपत भारतको एक दिनको खपत बराबरमात्रै हो । नेपालमा दैनिक करिब दुईदेखि साढे दुई हजार किलोलिटर पेट्रोल र करिब चार हजार किलोलिटर डिजेल खपत हुन्छ ।

## नेपालको...

इरानको सर्वोच्च नेता मारिएकोले युद्धले खतरनाक रुप लिने संकेत देखिसकिएको छ । यसको प्रभाव विश्वमा त पर्ने छ नै सँगै नेपालमा झन बढी । खाडी जाने तरखरमा रहेका नेपाली अब नेपालमा बस्नुपर्ने छ भने त्यहाँबाट उद्धार गरेर ल्याइने नेपाली पनि यँही बस्छन् । लाखौंको संख्यामा रहेका उनीहरुलाई के रोजगारीमा जोड्ने ? मुलुकमा उद्योग, कलकारखाना केही छैन । भएका पनि सबै बन्द गरियो । सरकारले उद्योगधन्दा भन्दा पनि वैदेशिक रोजगारीमा जोड दियो । त्यसको प्रतिफल अब आउँदैछ । नेपालमा ठूलो संकेत आउने खतरा देखिसकिएको छ । रेमिट्यान्स नआएपछि सरकारले खर्च कसरी धान्छ ? कर्मचारी, जनप्रतिनिधिलाई कसरी तलबभत्ता खुवाउँछ ? भत्ता कसरी बाँड्छ ? खाडीमा श्रीमान, श्रीमती, छोराछोरी, अभिभावक, आफन्त भएकाहरुको हालत के होला ? अब नेपालमा ठूलो संकेत आउने पक्का छ । त्यसैले बर्तमान सरकारले सत्ताबाट जाँदाजाँदै पनि आवश्यक प्रबन्ध गर्नसक्नुपर्ने भएको छ ।

## अन्तराष्ट्रिय...

देखिन्छ । रोजा लक्जम्बर्ग र क्लारा जेटकिनहरुले देखाएको मूल बाटो वास्तवमा यही नै हो ।उनीहरुले आजीवन अंगीकार गरेको महिला मुक्तिको लागि संघर्षको मूल बाटो सिज यही हो । **लेखक : नेकपाका अध्यक्ष हुनुहुन्छ ।**

# कार्ल मार्क्सले धर्मलाई अफिम भन्नुका कारणहरु

**हुकुमबहादुर सिंह**

धर्मका बारेमा नेपाल लगायत विश्वमै बिवाद कायमै छ । विश्वका कम्युनिष्टहरुको अवधारणा के छ ? धर्म, संस्कृति, रितीरिबाज, परम्परा आदिका बीचमा के सम्वन्ध र के कस्तो अन्तरविरोध छ ? यीबारे एउटा मार्क्सवादीको के दृष्टिकोण रहन्छ ? मार्क्सले धर्मलाई किन अफिमकारुपमा परिभाषित गर्नुभएको छ ? अफिम भनेको एउटा लागूपदार्थ हो, जसको सेवनले सेवनकर्ता लठ्ठिन्छ । नेपालमा अहिले बिभिन्न संघसंस्थाहरुको आयोजनामा बिभिन्न विकास निर्माणको लागि आर्थिक संकलनगर्न आध्यात्म वादबाट समाज विकास गरौभन्ने नारा अन्तरगत श्रीमद्भागवत गिता वाचनगर्ने कार्यक्रम वा यस्तै अन्य धार्मिक कार्यक्रमहरुको भेलनै बगेका छन् । कतै स्कूल, कतै अस्पताल त कतै धर्मशालाको निर्माणगर्नको निम्ति आर्थिक संकलनका लागि भनेर कार्यक्रम राख्ने गरिन्छ । यस्ता कार्यक्रममा बिभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता तथा समाजसेवीहरुको उपस्थितिमात्रै हुँदैन, त्यस्ता कार्यक्रमहरुको मूल आयोजकमा त्यहाँका स्थापित कम्युनिष्ट, कांग्रेस र हिजोका पञ्च नेताहरुको नाम घोषणा गर्नेगरिन्छ । यसको मूल व्यवस्थापकमा क्रान्तिकारी कम्युनिष्टहरुका जिल्लादेखि केन्द्रसम्मका नेताहरुको बाहुल्यता देखिन्छन् । यसबाट सबैको मनमा एउटा प्रश्न उब्जीएको हुनुपर्दछ कि के विकासको लागि पैसा संकलनको निम्ति सिद्धान्त, मूल्य मान्यता नै केही हुदैन् ? मानिस आध्यात्मवादी हुनु, कुनै निस्चित धर्मको अनुयायी हुनु उसको व्यक्तिगत मानव अधिकारको कुरा हो तर एकैपटक क्रान्तिकारी कम्युनिष्ट र एकैपटक श्रीमद्भागवत महायज्ञको व्यवस्थापक , त्यो पनि आध्यात्मवादबाट समाज विकास गरौभनेर लेखिएको नारा टाँगिएको व्यानर मूनी ।

मार्क्सवादी दृष्टिमा त्यो एक प्रकारको नेपालका कम्युनिष्टहरुको नौटङ्की नै हो । यो कम्युनिष्टहरुमा र खासगरी त्यो सन्दर्भमा कम्युनिष्ट पार्टीहरुका नेतृत्वभित्र मौलाउँदै गएको एनजीओकरण प्रक्रियाको एउटा अर्को उदाहरण शिवाय केही पनि होइन । वर्तमानको एमाले यी सबैको नेतृत्वमा छ । एमालेमात्रै होइन्, अहिले मसाल र देशका अन्य कम्युनिष्ट समुहका नेता तथा कार्यकर्ताहरुमा पनि सर्वहारा संस्कृतिको कार्यान्वयनमा अनेक खालका विकृतिहरु देखिदै गएका छन् । यसरी धर्म, संस्कृति र परम्पराबारे मार्क्सवादका अनुयायीहरुमा काफी भ्रम र विचलन देखिदै गएका छन् । सिद्धान्त र व्यवहारमा विरोधाभास देखिएका छन् । पूर्व माओवादी र हालको नेपाली कम्युनिष्ट पार्टी, मसाल, एमाले तथा अन्य कम्युनिष्ट नेताहरु र पार्टीहरुमा धर्मबारे दोधारे प्रवृतिको वोलवाला प्रष्ट देखिएको छ । उनीहरुमा धर्म, संस्कृति र परम्पराबारे खुलेर आफ्नो दृष्टिकोणलाई जनताकोबीचमा पनि राख्न नसक्ने र यदि राख्न सकेपनि व्यवहारमा लागूगर्न नसक्ने समस्या देखिएको छ । मार्क्सवादी लेखक, साहित्यकार हरुले पनि धर्मकाबारेमा वैज्ञानिक दृष्टिकोण सम्वन्धमा लामालामा लेखहरु लेख्ने तर उनीहरु स्वयममा पनि यी विकृतिहरुबाट माथिउठेर आफूलाई सर्वहारा संस्कृतिमा रुपान्तरणगर्न असफल देखिएका छन् । सर्वहारा संस्कृति अहिले बहुसंख्यक मार्क्सवादीको लागि सबै जनताको संस्कृतिमा बदलिएको छ । कम्युनिष्टको नेतृत्वमा सरकार बने तर राज्यलाई धर्मबाट अलगगर्न पर्छभन्ने मार्क्स र लेनिनको मान्यतालाई कार्यान्वयन गर्नपट्टि उनीहरुको ध्यान गएन । बरु राजाका सांस्कृतिक गतिविधिहरुलाई निरन्तरता दिने काममात्रै उनीहरुले गरेका छन् । जनताले उपत्यकाका धार्मिक उत्सव तथा सांस्कृतिक पर्वहरुमा राजाको अनुहारको ठाँउमा धर्मनिरपेक्ष नेपालका राष्ट्रपति र कम्युनिष्ट प्रधानमन्त्रीहरुलाई देख्न थालेका छन् । राजाले जेजस्ता धार्मिक पूजा गर्ने, दान दक्षिणा दिने गर्दथे अहिले यिनीहरुले सोही गर्दैछन् । यसरी धर्मनीरपेक्षता अनुसार धार्मिक शासनबाट मुक्त हुन पाउने नागरिक अधिकार नेपाली जनताले उपभोग गरेको अनुभूतिगर्न पाएका छैनन् । धर्मनिरपेक्षताको अर्थ एउटा निस्चित धर्ममाथि प्रहारगर्ने तर अर्को धर्मको अनुयायीबन्ने होइन् । त्यसैअनुसार उनीहरुले सर्वहारा संस्कृतिलाई परिभाषितगर्ने गरिरहेका छन् । आध्यात्मवादबाट समाज विकास गरौभन्ने उल्लेखित नाराले त्यसतर्फको दिशाको संकेत गर्दछ । उनीहरुमा सर्वहारा संस्कृतिलाई मार्क्सवादी लेनिनवादी र माओवादी दृष्टिकोणअनुसार व्यवहारमा लागूगर्दा कतै आम जनता जो धर्म, संस्कृति र परम्परामा बलियो आस्था राख्छन्, तिनीहरुबाट अलग्गिने डरले सताइएका छन् । घर, परिवार, नातागोता र समाजमा विद्मान धार्मिक अन्धभक्तिका कारण मार्क्सवादका अनुयायीहरुमा त्यसलाई तोडेर जानसक्ने दृढ इच्छाशक्तिको अभाव छ । परिणाम धर्म, संस्कृति र परम्परालाई आफ्नो जातीको पहिचानको रुपमा गर्वकासाथ लिन थालिएको छ । यस लेखमा धर्मवारे मार्क्सवादी दृष्टिकोण के हो ? संक्षिप्तमा बिवेचनागर्ने प्रयास गरिएको छ । साथै किन मार्क्सले धर्मलाई अफिमकारुपमा परिभाषित गर्नुभएको थियो । तर समाजमा सबैलाई धार्मिक स्वतन्त्रताको निम्ति पनि संघर्षको आवश्यकता छ भनेर त्यसको लागि आन्दोलनगर्न र त्यसको समर्थन गर्नुपर्नेमा जोड पनि दिनुभएको थियो । धर्मको सामाजिक आधार के हो ? धर्म सम्वन्धी वैज्ञानिक दृष्टिकोण के हो ? समाज र व्यक्तिको धार्मिक पूर्वाग्रहमाथि कसरी विजय प्राप्त गर्ने ? आदि प्रश्नहरुवारे संक्षिप्त चर्चागर्ने प्रयास पनि गरिने छ ताकि लेनिनले भनेझै धर्म व्यक्तिको निजी मामला पनि होइन र सर्वहाराबर्गको पार्टी धर्मप्रति उदासिन पनि रहन मिल्दैनभन्नेमा रहेको छ । लेनिनले सधैभरि जोड दिएको तत्थ्य के होभने कम्युनिष्ट पार्टीले सधैभरि सवै तहका बर्ग, पेशा, क्षेत्रका मानिसको निम्ति जनवाद अति जरुरी छभन्ने मान्यता राख्दछ र यदि उनीहरुले जनवाद प्राप्तगरेका छैननभने तिनीहरुले जनवादको प्राप्तिको निम्ति संघर्ष गर्नुपर्दछ भन्ने हो ।

जनवादको लागि गरिने संघर्षमा सर्वहाराबर्गले अनेक मागहरु राखेर जनतालाई संघर्षमा गोलवन्द गर्दछ र ती मागहरुमा एउटा महत्वपूर्ण माग भनेको जनतालाई मार्क्सको भनाइमा अन्तस्करणको स्वतन्त्रता दिइयोस , राज्यबाट चर्च वा मठ मन्दीर र चर्च वा मठ मन्दीरबाट शिक्षा संस्थाहरुलाई अलग गरियोसभन्ने हो । जहांसम्म राज्यको सम्वन्ध छ, त्यसवारे लेनिनको जोड यसले धर्मलाई व्यक्तिको निजी मामला घोषित गरिनु पर्छभन्ने छ । तर यसैमा उहाँको जोड यो पनि छकि त्यसको अर्थ सर्वहाराबर्गको पार्टी धर्मप्रति उदासिन रहने अर्थ लगाउन हुँदैन्भन्ने हो । लेनिनबाट मार्क्सको त्यो प्रस्तावनालाई वैज्ञानिक आधारमा व्याख्या र विकसितगर्ने काम भयो जसमा धर्मलाई व्यक्तिको नीजि मामला मान्न सकिदैन्भन्ने थियो । किनभने सर्वहाराबर्ग पूर्णतः वैज्ञानिक विश्व दृष्टिकोणले गर्दा यसलाई आवश्यक वनाइदिन्छकी धर्मको विरुद्ध सर्वहाराबर्गले सम्झौताहिन र दृढ संघर्ष चलाउनु पर्छ । यसवारे लेनिन लेख्नुहुन्छ-जहाँसम्म समाजवादी सर्वहाराबर्गको पार्टीको सम्वन्ध छ, धर्मलाई कसैको नीजि तथा व्यक्तिगत मामला मान्न सकिदैन् । हाम्रो पार्टी मजदूरबर्गको मूक्तिको निम्ति लडने वर्गियरुपले सचेत, अगाडि वढिरहेको योद्धाहरुको संस्था हो । यस्तो संस्था धार्मिक विश्वासको रुपमा बिद्यमान बर्गचेतनाको अभाव, अज्ञान अथवा रुढिवादप्रति नत उदासिन रहन सक्छ न उसलाई त्यसोगर्ने अनुमति नै छ । हामीले चर्चको पूर्णरुपले विघटनको माग गर्दछौ ताकि शुद्ध सैद्धान्तिक र पूर्ण वैचारिक हथियारले आफ्ना समाचारपत्र र भाषणद्वारा धार्मिक अन्धवादका विरुद्ध हामीले लडाई लडन सकौं । साथै आफ्नो संस्था रुसी सामाजिक जनवादी मजदूर पार्टीको स्थापना हामीले सवैप्रकारका धार्मिक शोषणका विरुद्ध मजदूरहरुको ठीक यस्तै संघर्षको निम्ति गरेका हौ । हाम्रो निम्ति वैचारिक संघर्ष केवल एउटा नीजि मामला होइन त्यो त सम्पूर्ण पार्टीको, सर्वहाराबर्गको मामला हो । तर अहिले नेपालमा धर्मसम्वन्धमा मार्क्सवादीहरुमा सर्वहाराकरण नभई भ्रष्टिकरण शुरुभएको छ । कैयौ कम्युनिष्ट नेताहरुले आध्यात्मवादबाट समाजविकास गरौभन्ने नाराको व्यानरमा भागवत महायज्ञ गराएर ठूलो धनराशी जम्मागरेर स्कूल, कलेज, अस्पत्ताल, मठगएस्मन्दीर आदिको विकासमा लगाउने अभियानमा आफूलाई केन्द्रीत गरिरहेका अनगिन्ति उदाहरणहरु छन् । र पार्टी केन्द्रदेखि जिल्लासम्मका नेताहरुले आध्यात्मवादबाट समाजविकास गरौभन्ने नाराको व्यानरमा भागवत महायज्ञको व्यवस्थापन समितिमा सगौरव जिम्मेवारी लिन्छन् । वावा रामदेवजस्ताले आध्यात्मवाद र कम्युनिज्म एउटै हो भनेर दिनमानै रात पार्ने प्रयासगर्दा नेपालका कम्युनिष्टहरु दंग परेका अनगिन्ति उदाहरणहरु छन् । सोवियत संघमा जव समाजवादको विजय र शोषकबर्गको उन्मूलन भयो, त्यसलेगर्दा धर्मको सामाजिक आधार र चर्चको मुख्य आधार नष्ट भयो । मार्क्सवाद लेनिनवादको महान विचारले प्रशिक्षित सोवियत जनता आत्मिकरुपले पूर्णतया एउटा नयाँ साँचामा ढालिए ।

तव पनि पूँजीवादका अवशेष, धार्मिक विचारधारा, पूर्वाग्रहहरु र अन्ध विश्वासका अवशेषले अझैपनि केहि मानिसहरुको दिमागमा वासगरेको थियो र उनीहरुको सास्कृतिक विकास तथा कम्युनिज्मको निर्माणमा उनको सक्रिय सहभागिताको मार्गमा वाधक वनिरहेको थियो । यो पूर्वाग्रहभन्ने कति टासिएको हुन्छकी यो आफै समाप्त हुदैन् । यसलेगर्दा यो आवश्यक पर्नजान्छ की सचेततापूर्वक त्यसका विरुद्ध सम्झौताहिन संघर्ष चलाउन आवश्यक छ । लेनिनले कम्युनिष्ट पार्टी सोवियत जनताको वैज्ञानिक विश्व दृष्टिकोणमा प्रशिक्षित गर्ने हो र यो भनेर धर्मका विरुद्ध वैचारिक संघर्ष चलाउने हो की धर्म आफैमा अवैज्ञानिक छ । धार्मिक पूर्वाग्रहमाथि विजय पाउन जनताको कम्युनिष्ट सिद्धान्तद्वारा प्रशिक्षित गर्नेको एक हिस्सा हो भनेर वारम्वार जोड दिनुहुन्थ्यो । लेनिनले आफनो लेख जसमा धर्मको मूल जरालाई पूर्णरुपले पर्दाफास गर्नुभएको छ तथा यो देखाउनु भएको छ कि धर्ममाथि कसरी विजय प्राप्त गर्न सकिन्छ ? त्यसले धार्मिक पूर्वाग्रहका विरुद्ध संघर्षको तथा वैज्ञानिक अनिश्वरवादी प्रचारको एउटा तेजिलो वैचारिक अस्त्र प्रदानगरेको छ । लेनिनले वताउनु भएको छकि धार्मिक अवशेषहरुमाथि केवल धैर्यपूर्वक र दृढ विचारधारात्मक प्रशिक्षणकासाथै मार्क्सवादी वैज्ञानिक विश्व दृष्टिकोणको व्यापक प्रचारद्धारा नै विजय पाउन सकिन्छ । उहाँले अझ जोडदिदै भन्नु भएको छकि जनताका धार्मिक भावनाहरुमा ठेस पुर्याउनको निम्ति कसैलाई इजाजत दिन सकिदैन् किनभने त्यसले उनीहरुको पूर्वाग्रह हरुलाइ नै वल मिल्ने छ । मजदूर माथिको आर्थिक उत्पीडनले अनिवार्यतः सवैप्रकारका राजनीतिक उत्पीडन र सामाजिक अपमानको जन्मदिन्छ । यसले आम जनताको आत्मिक र नैतिक जीवनलाई हीन र अन्धकारपूर्ण वनाउदछ । आफ्नो आर्थिक मुक्तिको लागि गरिने हरेक संघर्षको निम्ति मजदूरले एकदम कम राजनीतिक स्वतन्त्रता प्राप्त गर्न सक्दछ तर पूंजीमा आधारित सत्ताको उन्मूलन गरिदैन तव तक स्वतन्त्रताको कुनै पनि माला उनीहरुलाई **बाँकी ८ पेजमा**